# अध्याय एक

# शोध परिचय

प्रस्तुत अध्यायमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, शोधको औचित्य र महत्त्व, समस्या कथन, शोधको उद्देश्य, शोधको परिसीमा, शोधको सैद्धान्तिक ढाँचा, शोधको अवधारणात्मक खाका र शोधप्रबन्धको रूपरेखा उल्लेख गरिएको छ ।

## अध्ययनको पृष्ठभूमि

पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्रीहरू पढ्न सकिने गुण र तिनको कठिनाइ स्तर पत्ता लगाउन गरिने कार्य नै पठनशीलता हो । पाठ्यसामग्रीहरूलाई पठनीय बनाउनु भनेको पाठकहरूको स्तरअनुरूप सहज रूपमा पढ्न वा बुझ्न सकिने गरी पाठ्यवस्तुक तयार पार्नु हो । पठनशीलताले पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त ज्ञान र सिपको कठिनाइ स्तर, पठनीय एवम् बोधगम्यतालाई बुझाउँछ । पाठ वा पाठ्यसामग्रीको सम्बन्ध वस्तुपक्षभन्दा भाव तथा संवेदना पक्षसँग बढी हुन्छ । ज्ञान र सिप दुवै पाठभित्र बुनिएको हुन्छ । अर्थका सम्भावनाहरू पनि पाठभित्रै हुन्छन्, त्यसलाई पाठकले पूरा गर्छ । त्यसैले पाठमा प्रयुक्त ज्ञान, सिप र भाषा पाठकको स्तरअनुरूप हुनुपर्छ । स्तरयुक्त छ कि छैन भन्ने कुरा पत्ता लगाउन अनुच्छेदमा रहेका शब्द, वाक्य र शैलीको अध्ययन गर्नुपर्छ । यस किसिमको खोजबाट पठनशीलताको अवस्था थाहा पाउन सकिन्छ ।

पठनशीलताको अर्थ बोधका लागि पठन र पठनशील वा पठनीय शब्दको अर्थ हेर्न सकिन्छ । पठनले पढाइ वा वाचन, पठनशील वा पठनीयले पढ्न योग्य र पठनशीलताले सुपाठ्यता वा पढ्न सकिने गुण भन्ने अर्थ जनाउँछ । यसरी पठनशीलता शब्दको अर्थगत सम्बन्ध वैकल्पिक समानार्थक शब्दको रूपमा पठनीयता शब्द रहेको देखिन्छ । यी दुवै शब्द पढ्नु क्रियाको अर्थ विस्तारमा निहित छन् । संरचनागत स्वरूपका आधारमा पठन शब्द नाम, पठनशील शब्द विशेषण र पठनशीलता शब्द अमूर्त तथा भाववाचक नाममा रूपान्तरण हुन पुगेको छ । अन्वेषणका क्रममा पठनशीलता शब्द पाठ्यसामग्रीहरूको स्तर निर्धारण गर्ने कार्यमा व्यापक रूपमा प्रयोग हुन पुगेको छ । पठनशीलता शब्दको अर्थ पहिल्याउन अङ्ग्रेजी भाषाको रिड्याबिलिटी शब्दलाई पनि हेर्न सकिन्छ । अङ्ग्रेजी शब्दकोशमा रिड्याबिलिटी शब्दको अर्थलाई रूपान्तरण गरेर हेर्दा रिड् क्रिया, रिडिङ् नाम, रिड्याबल विशेषण हुँदै, रिड्याबिलिटी भाववाचक नामको रूपमा व्युत्पत्ति भएको देखिन्छ (हर्नबी, सन् २०१०, पृ.

१२६२) । यसरी पठनशीलतासम्बन्धी अध्ययनले कुनै पनि पाठ्यसामग्री पठनयोग्य छ कि छैन भन्ने कुराको मापन गर्न सहयोग पुऱ्याउने देखिन्छ । साथै पठनशीलता स्तरको पूर्वानुमान गर्नु र पाठक अथवा पाठ्यसामग्री प्रयोगकर्ताहरूको योग्यता एवम् पाठ्यसामग्रीको स्तर पहिल्याउनु पठनशीलताको मूल उद्देश्य हो । कुनै पनि पुस्तक, पाठ्यपुस्तक तथा पाठ्य, सूच्य सामग्रीहरू के कति पठनयोग्य छन् भन्ने कुराको वास्तविक मापनका लागि पाठक तथा विद्यार्थीहरू जनसङख्या हुन् । यस किसिमको अध्ययन परीक्षणबाट पाठ्यपुस्तकलगायत सम्पूर्ण पाठ्य, सूच्य सामग्रीहरूको साङ्गोपाङ्गो तथा सूक्ष्म दुवै किसिमको अध्ययन गर्न सकिन्छ।

पाठ्यपुस्तक कक्षा सिकाइ कार्यकलापको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । त्यसैले पाठ्यपुस्तक तयार पार्दा शिक्षाका राष्ट्रिय उद्देश्य, पाठ्यक्रमको मार्गदर्शन र पठनशीलताका दृष्टिले पाठ्यपुस्तक लेखनका सिद्धान्त, विद्यार्थीको परिवेश रुचि र आवश्यकतालाई पूर्णतः ख्याल गरिएको हुनुपर्दछ (शर्मा र पौडेल, २०६०, पृ. ३५४) । वास्तवमा पाठ्यपुस्तक स्वरूप, अर्थ र विषयगत प्रयोगका दृष्टिले पठनसामग्रीको समष्टि रूप हो । पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्री पठनयोग्य र पठनीय नहुँदा शिक्षण कार्य र पाठ्यपुस्तक दुवै प्रयोजनहीन बन्दछ । पठनशीलताको परीक्षणमा नउत्रेका कृतिहरू उत्कृष्ट पाठ्यपुस्तकको कोटीमा पर्दैनन् भन्ने कुरा पाठ्यपुस्तकसम्बन्धी अध्ययनबाट सिद्ध भइसकेको छ । त्यसैले एउटा सबल पाठ्यपुस्तकको निर्माणमा प्रयुक्त अन्तर्बाह्य तत्त्वहरूले पठनशीलतामा ठुलो प्रभाव पार्ने भएकाले प्रस्तुत विषयमा विचार विमर्श हुनु आवश्यक देखिन्छ । पुस्तकको पूर्ण परिचय विषयगत प्रकृति, प्रयोग एवम् उपादेयतामा केन्द्रित रहने भएकाले पुस्तक तथा पाठ्यपुस्तकको निर्माण विद्यार्थीको अध्ययनको आवश्यकता, तह, उमेर र रुचिअनुरूप तयार पारिएको हुनुपर्दछ । शिक्षण संस्थाका पाठ्यपुस्तकहरू र अन्य पुस्तकहरूका बिच पाउने मूलभूत फरक भनेको विषयगत प्रयोजन, प्रवृत्ति र संरचना हो । शैक्षिक पाठ्यपुस्तकहरू पाठ्यक्रमअनुरूप र अन्य पुस्तकहरू विधागत यौगिक संरचनाको प्रकृतिमा निर्माण भएका हुन्छन्।

कक्षा नौ माध्यमिक तहको सुरुवात र आधारभूत तह पार गरेपछिको पहिलो कक्षा हो । नेपाली भाषाको उक्त कक्षाको पाठ्यक्रम सक्षमतामा आधारित छ । सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता नेपाली भाषिक सिपगत सक्षमतामा व्यवस्थित गरिएको छ । भाषाका माध्यमबाट नेपाली समाजको आर्थिक, सामाजिक र सांस्कृतिक बहुलताको अध्ययन गरी सबैमा सम्मानजनक व्यवहार गर्न सिकाउन खोजिएकाले यस कक्षाको पाठ्यवस्तुलाई सिप र विधाहरूको क्रममा व्यवस्थापन गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ. २१)

। उक्त कक्षाको पठनपाठनपछि विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्ने उद्देश्य राखिएको छ । त्यसका लागि कविता, कथा, निबन्ध, व्यावहारिक लेखन, जीवनी, संवाद, नियात्रा, वक्तृताजस्ता विधाका सोह्रओटा पाठहरू निर्धारण गरिएको छ। त्यसबाट बोध, अभिव्यक्ति, भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्यजस्ता भाषिक पक्षको विकास गर्न खोजिएको छ । भाषिक सिपहरूमा आधारित क्रियाकलाप र विधाका माध्यमबाट सिपहरूको शिक्षण गर्दा बहुबौद्धिकता, समालोचनात्मक चिन्तन, सहकार्यात्मक, सोधपुछ र प्रश्नोत्तर, पूर्ण शारीरिक क्रिया वा अभिनय, स्वाध्यायन र छलफल, प्रयोगात्मक तथा खोज कार्यजस्ता सिकाइ सहजीकरण प्रक्रियाको अवलम्बन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ. ५०-५४) । तसर्थ विद्यार्थीहरूको भाषिक सिप विकासका लागि यो उपयुक्त तह मानिन्छ । विद्यालय तहमा शैक्षिक उद्देश्य पूरा गर्नका लागि तयार पारिने सम्पूर्ण पाठ्यपुस्तकहरूको नमुना अध्ययनका लागि कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तक पाठको पठन, ग्रहण र बोधसँगको सम्बन्धका आधारमा पठनशीलताको अध्ययन गर्नु नै प्रस्तुत शोधको विषय हो ।

**शोधको औचित्य र महत्त्व**

पाठपुस्तक लेखनका प्रमुख आधारमध्ये विद्यार्थी एक हुन् । त्यसैले पाठ्यपुस्तक तयार पार्दा शिक्षाका राष्ट्रिय उद्देश्य, पाठ्यक्रमको मार्गदर्शन र पठनशीलताका दृष्टिले पाठ्यपुस्तक लेखनका सिद्धान्तका साथै विद्यार्थीको परिवेश, रुचि र आवश्यकतालाई पनि ख्याल गरिएको हुनुपर्दछ। पाठ्यपुस्तक स्वरूप, अर्थ र विषयगत प्रयोगका दृष्टिले पठनसामग्रीको समष्टि रूप हो । पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यसामग्री पठनयोग्य र पठनीय नहुँदा शिक्षण कार्य र पाठ्यपुस्तक दुवै प्रयोजनहीन बन्दछ। त्यसैले एउटा सबल पाठ्यपुस्तकको निर्माणमा प्रयुक्त अन्तर्बाह्य तत्त्वहरूले पठनशीलतामा ठुलो प्रभाव पार्ने भएकाले प्रस्तुत विषयमा विचार विमर्श हुनु आवश्यक देखिन्छ। पुस्तकको पूर्ण परिचय विषयगत प्रकृति, प्रयोग एवम् उपादेयतामा केन्द्रित रहने भएकाले पुस्तक तथा पाठ्यपुस्तकको निर्माण विद्यार्थीको अध्ययनको क्षेत्र आवश्यकता, तह, उमेर र रुचिअनुरूप तयार पारिएको हुनुपर्दछ ।

पाठ्यपुस्तक शिक्षकको मार्गदर्शन, ज्ञानको स्थायी रूप, स्वाध्यायनको प्रेरक, ज्ञानप्राप्तिको आधार भएकाले पाठ्यपुस्तक पठनीय हुनु जरुरी हुन्छ । यसका लागि विभिन्न तह तथा कक्षाका विद्यार्थीहरूका लागि तयार पारिएका पाठ्यपुस्तकहरू उक्त तहका लागि पठनयोग्य भए नभएको जानकारी लिई पाठ्यपुस्तक लेखक, सम्पादक तथा भाषा

शिक्षकहरूलाई उचित निर्णय लिन सहज हुन्छ । यस शोधमा कक्षा नौको नेपाली विषयको पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको अक्षर संरचना, वाक्य संरचना र विद्यार्थीहरूको पठनयोग्यताका दृष्टिले पठनशीलता अध्ययन गरिएकाले यो अध्ययन पाठ्यपुस्तकसँग प्रत्यक्ष र परोक्ष रूपमा सम्बन्धित सबैका लागि उपयोगी भएकाले शोध औचित्यपूर्ण रहेको छ ।

**समस्या कथन**

सम्बन्धित तह वा कक्षाका लागि तयार पारिएका पाठ्यपुस्तकहरू पठनशीलताका दृष्टिले उपयुक्त नभएमा पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पूरा हुन सक्दैनन् । तसर्थ पठनशीलताको स्तर अध्ययन गरी तह वा कक्षाअनुरूप बनाउनका लागि यस शोधमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अक्षर संरचनाका दृष्टिले र वाक्य संरचनाका दृष्टिले अध्ययन गरी पाठ्यपुस्तकको पठनशीलताको स्तर पहिल्याउनुलाई प्रस्तुत शोधप्रबन्धमा समस्याका रूपमा लिइएको छ । आचार्य (२०६२) ले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरेका छन् । उक्त अध्ययन पाठ्यपुस्तकको हालको नयाँ संस्करण नभई पुरानो संस्करण हो । यस अध्ययनमा हालको नयाँ संस्करण (२०७९) को अध्ययन गरिएको छ । फुँयाल (२०६२) ले पाठ्यक्रमअनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन गरे तापनि पठनशीलताका दृष्टिले पूर्ण रूपमा अध्ययन गरेको देखिँदैन । पौडेल (२०६६) ले पाठ्यपुस्तकको पठनशीलताको स्तर पहिल्याउन माध्यमिक तहका नेपाली पाठ्यपुस्तकको अध्ययन गरेका छन् । यस अध्ययनमा पठनशीलताका सूत्रको प्रयोग गरेको पाइँदैन । जोशी (२०७२) ले पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्न खोजे पनि पठनशीलताका सूत्र र क्लोज प्रविधिको प्रयोग गरेको पाइँदैन । तसर्थ प्रस्तुत शोधप्रबन्धमा उपर्युक्त शोध रिक्ततालाई शोधसमस्याका रूपमा लिइएको छ । उक्त समस्या समाधानका लागि निम्नलिखित शोधप्रश्न तय गरिएको छ :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अक्षर संचरनाका दृष्टिले के कस्तो रहेको छ ?

(ख) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता वाक्य संरचनाका दृष्टिले के कस्तो रहेको छ ?

(ग) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर विद्यार्थीको पठनयोग्यताका दृष्टिले के कस्तो रहेको छ ?

## शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अक्षर संचरनाका दृष्टिले विश्लेषण गर्नु,

(ख) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता वाक्य संरचनाका दृष्टिले विश्लेषण गर्नु,

(ग) कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर विद्यार्थीको पठनयोग्यताका दृष्टिले मूल्याङ्कन गर्नु ।

## शोधको परिसीमा

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा नौको नेपाली पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, निवेदन, जीवनी, संवाद, वक्तृता, नियात्राजस्ता विधाहरू समावेश गरिएको छ । प्रस्तुत शोधप्रबन्धमा पठनशीलताको अध्ययनको सिद्धान्तअनुसार कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता, निवेदन, जीवनी, संवाद र वक्तृता विधाबाहेकका कथा, निबन्ध र नियात्रा विधाका पाठहरू पठनशीलता अध्ययनका लागि छनोट गरिएको छ । पठनशीलताको सिद्धान्तअनुसार पाठ्यपुस्तकको पठनशीलता परीक्षण गद्य विधामार्फत् मात्र गरिने भएकाले गद्य विधाअन्तर्गतका कथा र निबन्ध विधाका पाठहरू मात्र छनोट गरिएको हो । छनोट गरिएका पाठहरूको पठन ग्रहणसँगको सम्बन्धका आधारमा पठनशीलताका तत्त्वहरूमध्ये शैली पक्षअन्तर्गतका अक्षर संरचना र वाक्य संरचनाको अध्ययन गरी पठनशीलताको स्तर निर्धारणमा मात्र सीमित गरिएको छ। यस शोधप्रबन्धमा पठनशीलताका विषयवस्तु पक्ष, ढाँचा पक्ष र सङ्गठन वा संरचना पक्षअन्तर्गतका तत्त्वहरूका आधारमा अध्ययन गरिएको छैन । हालसम्मको अध्ययन परम्परा हेर्दा पठनशीलतासम्बन्धी थुप्रै सूत्रहरूको विकास भएको छ तर यस शोधमा अन्य सूत्रहरुको प्रयोग नगरी पठनशीलतासम्बन्धी फ्लेस्क रिडिङ इज फर्मुलाको प्रयोग गरी पाठ्यपुस्तकको पठनशीलता अध्ययन गरिएको छ ।

## शोधको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधप्रबन्धको अध्ययनका आधार पठनशीलतका विभिन्न सिद्धान्त र सूत्रहरू रहेका छन् । पठनशीलताका विभिन्न सिद्धान्त र सूत्रहरूमध्ये यस शोधकार्यमा फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकको पठनशीलता अध्ययनार्थ क्लोज

प्रविधिको प्रयोग गरी निर्माण गरिएको प्रश्नावली र पठनशीलतामा आधारित रहेर तयार पारिएका केही खुला प्रश्नावली तयार पारी विद्यार्थीहरूको पठनयोग्यताका आधारमा पाठ्यपुस्तकको पठनशीलताको मूल्याङ्कन गर्न सामग्री सङ्कलन गरिएको छ ।

### *पठनशीलताको परिचय र परिभाषा*

पठनशीलताले पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त ज्ञान र सिपको कठिनाइ स्तरलाई बुझाउँछ । पाठ वा पाठ्यसामग्रीको सम्बन्ध वस्तु पक्षभन्दा भाव तथा संवेदना पक्षसँग बढी छ । ज्ञान र सिप दुवै पाठभित्र बुनिएको हुन्छ । पठनशीलताले पाठलाई संरचना र गति प्रदान गर्दछ । अर्थका सम्भावनाहरू पनि पाठभित्रै हुन्छन्, त्यसलाई पाठकले पूरा गर्छ । त्यसैले पाठमा प्रयुक्त ज्ञान, सिप र भाषा स्तरअनुरूप हुनुपर्छ । पाठ स्तरयुक्त छ कि छैन भन्ने कुरा पत्ता लगाउन अनुच्छेदमा रहेका शब्द, वाक्य र शैलीको अध्ययन गर्नुपर्छ । यसरी पठनशीलताले भाषिक स्तरको मात्र नभएर बोधको समेत अध्ययन गर्दछ ।

पठनशीलताको अर्थ बोधका लागि पठन र पठनशील वा पठनीय शब्दको अर्थ हेर्न सकिन्छ । पठनले पढाइ वा पढ्ने काम, पठनशील वा पठनीयले पढ्न योग्य र पठनशीलताले सुपाठ्यता वा पढ्न सकिने गुण भन्ने अर्थ बताउँछ । यसरी पठनशीलता शब्दको अर्थगत सम्बन्ध वैकल्पिक समानार्थक शब्दको रूपमा पठनीयता शब्द रहेको देखिन्छ । यी दुवै शब्द पढ्नु क्रियाको अर्थ विस्तारसँग सम्बन्धित रहेका छन् । संरचनागत स्वरूपका आधारमा पठन शब्द नाम पठनशील शब्द विशेषण र पठनशीलता शब्द अमूर्त तथा भाववाचक नाममा रूपान्तरण हुन पुगेको छ । अनुसन्धानका क्रममा पठनशीलता शब्द पाठ्यसामग्रीहरूको स्तर निर्धारण गर्ने कार्यमा व्यापक रूपमा प्रयोग हुन पुगेको छ । पठनशीलता शब्दको अर्थ पहिल्याउन अङ्ग्रेजी भाषाको रिडयाबिलिटी शब्दलाई हेर्न सकिन्छ । अङ्ग्रेजी शब्दकोशमा रिडयाबिलिटी शब्दको अर्थलाई रूपान्तरण गरेर हेर्दा रिड क्रिया, रिडिङ नाम, रिडयाबल विशेषण हुँदै, रिडयाबिलिटी भाववाचक नामको रूपमा व्युत्पत्ति भएको देखिन्छ । यसरी पठनशीलतासम्बन्धी अध्ययनले कुनै पनि पाठ्य तथा सूच्य सामग्री पठनयोग्य छ कि छैन भन्ने कुराको मापन गर्न सहयोग पुऱ्याउँछ । साथै पठनशीलता स्तरको पूर्वानुमान गर्नु र पाठक अथवा पाठ्यसामग्री प्रयोगकर्ताहरूको योग्यता एवम् पाठ्यसामग्रीको स्तर पहिल्याउनु पठनशीलताको मूल उद्देश्य हो । कुनै पनि पुस्तक, पाठ्यपुस्तक तथा पाठ्य, सूच्य सामग्रीहरू के कति पठनयोग्य छन् भन्ने कुराको वास्तविक मापनका लागि पाठक तथा विद्यार्थीहरू जनसङ्ख्या हुन् । यस किसिमको अध्ययन परीक्षणबाट पाठ्यपुस्तकलगायत सम्पूर्ण पाठ्य,

सूच्य सामग्रीहरूको साङ्गोपाङ्गो तथा सूक्ष्म दुवै किसिमको अध्ययन गर्न सकिन्छ । पठनशीलताको परिचय र केही विद्वान्हरूले दिएका परिभाषा अनि पठनशीलताको अध्ययनको सिलसिलामा प्राप्त विचार, सन्दर्भ एवम् अनुभव र परिणामलाई आधार मानेर यहाँ पठनशीलतालाई यसप्रकार परिभाषित गरिएको छ :

फ्लेस्क (सन् १९४९) का अनुसार पाठकहरूको उमेर, शैक्षिक स्तर, बोध, पाठकत्व, गति, सम्झना आदि कुराहरूको मिश्रित गुण नै पठनशीलता हो । पठनशीलताको अध्ययनले पाठ्यसामग्रीलाई पाठकको उमेर शैक्षिक स्तरअनुकूल बनाउन मद्दत गर्दछ । पठनशीलताले पाठकको गति, सम्झना आदि कुरालाई समेत मध्यनजर गरी पाठ्यसामग्री तयार पार्नुपर्ने कुरामा जोड दिन्छ । ह्यारिसन (सन् १९८०) ले छापाको स्पष्ट रङ, उदाहरण, शब्दभण्डार, धारणात्मक कठिनाइ, वाक्य रचना एवम् सङ्गठनजस्ता कुराहरूलाई अगाडि सारेर पठनशीलताको अर्थ र सन्दर्भलाई चिनाउन कोसिस गरेका छन् । साथै यी कुराहरूमाथि विचार पुऱ्याएको खण्डमा लेखनभित्र पठनशीलता स्वतः प्रस्फुटित हुने कुराप्रति पनि ह्यारिसनले विश्वस्तता प्रकट गरेका छन् । पाठ्यसामग्री तयार पार्दा रङ उदाहरणका साथै वाक्य संरचना एवम् कठिनाइसमेतलाई ध्यान दिनुपर्दछ । त्यसैगरी चाल (सन् १९८८) ले पाठक र सामग्री बिचको सहज तादात्म्यताको स्थिति नै पठनशीलता हो भनेका छन् । पाठक र सामग्री बिचको दुरी बढी हुनु भनेको पाठ्यसामग्री बोधगम्य वा रुचिपूर्ण नहुनु हो । त्यसैले पाठ्यसामग्रीलाई बोधगम्य बनाउन पठनशीलताले सहयोग गर्दछ । दुबे (सन् २००४) का अनुसार पठनशीलता त्यो हो जसले पाठ्यसामग्रीलाई अन्य पाठ्यसामग्रीभन्दा पढ्न सजिलो बनाउँछ । पाठ्यसामग्री पढेर सजिलै बुझ्न सकिने हुनका लागि पाठ्यसामग्री पठनशीलताको गुणले युक्त हुनुपर्दछ । क्लेयर (सन् १९६३) का अनुसार पठनशीलता भनेको यस्तो लेखन शैली हो जसले पाठ्यवस्तु बुझ्न वा बोध गर्न  सजिलो बनाउँछ । उनले पाठ्यसामग्रीलाई लेखनको शैलीले पनि रुचिपूर्ण वा बोधगम्य हुन सक्ने बताएका छन् ।

उपर्युक्त परिभाषा र परिचयका आधारमा पठनशीलतालाई चिनाउनु पर्दा पाठ्यपुस्तकको गुण, पाठमा प्रयुक्त शब्दहरूको प्रयोग, वाक्यहरूको लम्बाइको सरलता, पाठमा निहित भाव र विचारको आस्वादन एवम् सिप विकासमा पठनको सहज स्थिति एवम् कठिनाइस्तरको न्यूनता नै पठनशीलता हो । पठनशीलताले पाठ्यसामग्रीको विषयवस्तु, शैली, सङ्गठन, ढाँचाजस्ता पक्षहरूलाई मध्यनजर गरेर पाठ्यसामग्री तयार पार्न निर्देश गर्दछ । पाठ्यसामग्री पाठकको उमेर, उसको क्षमता, शैक्षिक स्तर, बोध क्षमताअनुकूल बनाउँदा

पठनीय हुन्छ । पाठ्यसामग्रीको रङ, उदाहरणजस्ता कुराहरूले त्यसको आकर्षण बढाउने र शब्दभण्डार, वाक्यरचना, अक्षर संरचना एवम् सङ्गठनजस्ता कुराहरूले पाठ्यवस्तु पठनीय एवम् पठनशीलताको गुणले युक्त बन्न जान्छ । पाठ्यसामग्री र पाठकबिचको तादात्म्य सम्बन्धले पाठ्यसामग्रीको लोकप्रियता बढाउँछ। पठनशीलता भनेको एक प्रकारको लेखनशैली हो जसले पाठ्यसामग्रीलाई बोधगम्य बनाई पठनीय बनाउने गर्दछ । यसरी पठनशीलता भनेको पाठ्यवस्तुको त्यो गुण हो जसले पाठ्यवस्तु र पाठकबिचको दुरी कम गरी पाठ्यवस्तु पठनीय बनाउने काम गर्दछ ।

### *पठनशीलतामा प्रभाव पार्ने तत्त्वहरू*

लिखित सामग्रीको पठनशीलतामा प्रभाव पार्ने केही तत्त्वहरू हुन्छन् । पाठकको रुचि, शब्दभण्डार क्षमता, पाठ्यवस्तुको सरलीकरण, पाठकको स्तर, सरल शब्द, वाक्यको लम्बाइ र सरल व्याकरण आदि पठनशीलतामा प्रभाव पार्ने तत्त्वहरू हुन् । रिचार्ड्स (सन् १९९४, पृ. ४४) का अनुसार पठनशीलतामा प्रभाव पार्ने पाँचओटा तत्त्वहरू निम्न अनुसार छन् :

**शाब्दिक ज्ञान** : शाब्दिक ज्ञान एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको छ । यदि पाठ्यसामग्रीमा अपरिचित शब्दहरू बढी भएमा विद्यार्थीलाई उक्त पाठ्यसामग्री जटिल लाग्छ र बोध गर्न कठिन हुन्छ। पाठ्यसामग्रीमा समाविष्ट शब्दहरू पाठकको पूर्वज्ञानलाई मध्यनजर गरेर समाविष्ट गर्दा मात्र पाठ्यसामग्री पठनीय बन्न जान्छ। शब्दहरू पाठ्यसामग्रीमा समावेश गर्दा शब्दको कठिनाइस्तरलाई पनि ख्याल गर्नु जरुरी हुन्छ (सुटिना, सन् २०१४, पृ. १८) । ती शब्दका कारणले पनि पाठ्यसामग्रीको पठनशीलताको स्तर के कस्तो छ भन्न सकिन्छ ।

**पूर्वज्ञान** : पठनशीलतामा पूर्वज्ञान पनि महत्त्वपूर्ण मानिन्छ । विद्यार्थीहरू पूर्वज्ञान भएका पाठ्यसामग्री छिटो छरितो पढ्न र बुझ्न सक्छन् । पाठ्यसामग्रीमा समाविष्ट शब्दहरू यदि पाठकले पहिले नै जानेको वा पूर्व ज्ञान भएको भए सामग्री बोध गर्न सहज हुन्छ भने पाठ्यसामग्रीमा समाविष्ट शब्दहरूसँग पाठक अपरिचित भएमा वा ती शब्दको पूर्वज्ञान नभएमा पाठ्यसामग्री कठिन बन्न जान्छ (सुटिना, सन् २०१४, पृ.१८) । यसरी पाठकको पूर्व शाब्दिक ज्ञानले पाठ्यसामग्री बोध गर्न सरल वा कठिन बन्न जान्छ ।

**संरचना :** संरचनाले पठन र बोध दुवै कुरामा प्रभाव पार्दछ। सही किसिमले संरचित नभएका पाठ्यवस्तु पठनीय र बोधगम्य हुन सक्दैनन् । पाठ्यसामग्रीमा समाविष्ट शब्दहरू लामा लामा र वाक्य पनि लामा लामा भएमा पाठ्यवस्तु जटिल बन्न जान्छ। तसर्थ पाठ्यवस्तु

पठनीय बनाउन पाठ्यवस्तुमा समाविष्ट वाक्य एकाक्षरी, द्वयाक्षरी र त्र्याक्षरी अर्थात् छोटा शब्द र वाक्यमा समाविष्ट शब्द सङ्ख्या पनि कम हुनु पठनशीलताका दृष्टिले राम्रो मानिन्छ । त्यसै गरी व्याकरणिक, तत्सम तथा आगन्तुक शब्दहरूको कम प्रयोग भएका पाठ्यवस्तु पठनीय र बोधगम्य हुन्छन् (सुटिना, सन् २०१४, पृ.१८) । यसरी पाठ्यवस्तुको संरचना पक्षले पनि पाठ्यवस्तुको पठनशीलतको स्तर निर्धारण गर्दछ ।

### *सङ्कथनका तत्त्व (डिस्कोर्स फेनोमेना)*

यसले सङ्कथनको तहमा समावेश गरिएका शीर्षक र मूलपाठबिचको तालमेल र सम्बद्धक र सम्बद्धनबिचको सम्बन्धको अध्ययन गर्दछ । सङ्कथन बन्नका लागि शीर्षक, मूलपाठ, अध्याय, परिच्छेद र अनुच्छेद तथा वाक्यमा प्रयोग भएका शब्दजस्ता भाषिक एकाइहरू एकतामा उनिनुपर्छ । भाषिक एकाइलाई एकतामा उन्ने काम सम्बद्धक र सम्बद्धनको हो । पाठमा प्रयोग भएका विभिन्न लेख्य चिह्न र सङ्केतका साथै पर्यायवाची शब्द, विपरीतार्थक शब्द, अनेकार्थक शब्द, शब्दको आवृत्ति, सर्वनामको प्रयोग आदिले सङ्कथनलाई सिङ्गो रूप दिएका हुन्छन् । त्यसैगरी नामीकरण, विशेषीकरण, क्रियायोगीकरण, कृदन्तीकरण आदिले सङ्कथनका एकाइलाई एकआपसमा उनेर पाठलाई पठनीय बनाएका हुन्छन् (सुटिना, सन् २०१४, पृ. १८) । तसर्थ पाठ्यवस्तु पठनीय हुन सङ्कथनका तत्त्वले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

### *पाठ्यसामग्रीको लम्बाइ*

पठनशीलतामा प्रभाव पार्ने अन्तिम तत्त्व भनेको सम्भाव्य पाठ्यसामग्रीको लम्बाइ हो । लामो पाठ्यसामग्री भएमा पठनीय हुँदैन । पाठकहरूको लामा लामा पाठहरूप्रति रुचि कम हुँदै गएको देखिन्छ । पाठ्यसामग्री जति छोटो भयो उति पाठकका लागि रुचिपूर्ण हुन जान्छ किनकि मानिसको स्वभाव नै छोटो समयमा धेरै कुरा सिक्न चाहने हुन्छ (सुटिना, सन् २०१४, पृ. १९) । त्यसैले पाठ्यसामग्रीको लम्बाइले पनि पाठ्यसामग्रीको पठनशीलतामा प्रभाव पार्दछ।

उल्लिखितबाहेकका पठनशीलतमा प्रभाव पार्ने अन्य तत्त्वहरू पनि छन् । टङ्कण, फन्ट साइज, अन्तराल र लेआउटजस्ता भौतिक तत्त्वहरू र पूर्वज्ञान, पठनशील क्षमता, शिक्षकको उत्प्रेरणाजस्ता पाठकगत तत्त्वहरूले पनि पठनशीलतामा प्रभाव पार्दछन् । त्यसैगरी कठिन शब्दभण्डार, पाठको संरचना र पाठको सम्बद्धन र सम्बद्धकजस्ता तत्त्वहरूले पनि

पठनशीलतालाई प्रभावित पार्दछन् (सोलिहा, सन् २०१८, पृ. ११) । यसरी पाठ्यपुस्तकको आन्तरिक र बाह्य दुवै तत्त्वहरूले पठनशीलतालाई विभिन्न तबरले प्रभाव पारेको देखिन्छ ।

उपर्युक्त प्रभावक तत्त्वहरूले पाठ्यसामग्रीको पठनशीलतालाई प्रभाव पार्ने देखिन्छ । पाठ्यवस्तु सरल वा कठिन बन्ने कुरा पठनशीलताका तत्त्वहरूमा निर्भर हुने भएकाले शिक्षक तथा पाठ्यपुस्तक लेखकमा उपर्युक्त पठनशीलतामा प्रभाव पार्ने तत्त्वहरूका बारेमा ज्ञान हुन जरुरी हुन्छ । पठनशीलताका उक्त तत्त्वहरूलाई ख्याल गरेर पाठ्यपुस्तक लेखन गरेमा पाठ्यपुस्तक पठनशीलताको गुणले युक्त बन्न जान्छ । यसरी पठनशीलताले पाठ्यसामग्रीलाई उपयुक्त र पाठकमैत्री बनाउन मद्दत गर्दछ ।

***पठनशीलता मापनका सूत्रहरूको विकास***

पठनशीलताको स्तर अध्ययन गर्नका लागि उपयुक्त उपायको खोजी गर्ने क्रममा सूत्रहरूको विकास भएको हो । पाठ्यसामग्रीहरू पठनशीलताको गुणले युक्त भए नभएको जान्न विभिन्न उपायहरू अबलम्बन गर्ने क्रममा पठनशीलताका सूत्रहरूको विकास भएको देखिन्छ । परम्परागत रूपमा पठनशीलता अध्ययनको सुरुवात उन्नाइसौँ शताब्दीमा भएको मानिन्छ (दुवे, सन् २००४, पृ. १०) । पठनशीलताको अध्ययन उन्नाइसौँ शताब्दीमा सुरु भएको कुरा विभिन्न अध्ययनले देखाएका छन् । पठनशीलताको मापनको पहिलो सूत्र सन् १९२३ मा प्रकाशित भएको हो (फ्राई, सन् २००२, पृ. २८६) । पठनशीलताको पहिलो सूत्रको विकासपछि क्रमशः त्यसमा परिमार्जन तथा अझ नयाँपन ल्याउन अनुसन्धाताहरू लागिपरेको पाइन्छ । पहिलो सूत्रको विकास भएपछि दुई सयभन्दा बढी विभिन्न सूत्रहरू र एक हजारभन्दा बढी अध्ययनहरू भएको पाइन्छ (दुबे, सन् २००४, पृ. २) । सूत्रहरूको विकासले पठनशीलताको अध्ययनलाई भरपर्दो र सहज बनाएको देखिन्छ । पठनशीलताको अध्ययन कार्यलाई अघि बढाउन सूत्रहरूको विकासले मद्दत गरे तापनि ती सूत्रहरुमध्ये केवल बाह्रओटा सूत्रहरू मात्र बढी प्रयोग भएको पाइन्छ (गनिङ, सन् २००३, पृ. १७६) । विकसित थुप्रै सूत्रहरू प्रयोगमा नभई केवल निर्मित मात्र देखिन्छन् । थोरै मात्र सूत्रहरू प्रयोगमा आएका देखिन्छन् । सूत्रहरूको विकासले पठनशीलताको गुणले युक्त पाठ्यसामग्री निर्माणमा सहयोग पुऱ्याएको देखिन्छ ।

पहिलो पठनशीलताको सूत्र प्रकाशित भएको बेला पठनशीलताको अध्ययन शब्दको कठिनाइ, अर्थगत विविधता र भिन्नतामा केन्द्रित थियो (चाल, सन् १९८८, पृ. ६) । सन्

१९२० को दशकमा पाठ्यसामग्री कठिन हुन सक्ने अन्य पक्षको अध्ययन पनि हुन थाल्यो । त्यसपछिका अध्ययन अर्थ र वाक्यका घट्दै गई शैली पक्षको अध्ययनतिर डोरिए (क्लेयर, सन् १९८८, पृ. १६) । पछिल्ला समयमा पठनशीलताका सूत्रहरू वाक्य र अर्थको कठिनाइबाट पाठ्यसामग्री बोधको अध्ययनमा स्थापित छन् । पहिले पहिले वाक्यको लम्बाइको औसतबाट र पछिल्लो समयमा शब्दको लम्बाइ र अपरिचित शब्दहरूको आवृत्तिका आधारमा पठनशीलताको मापन हुन थाल्यो (गनिङ, सन् २००३, पृ. १७६) । पठनशीलताको मापन गर्न शब्दको तहमा भएको यसप्रकारको अध्ययनले पनि पाठ्यसामग्रीलाई पठनीय बनाउन मद्दत पुऱ्याउन थाल्यो ।

पठनशीलताको अध्ययनको सुरुवात सन् १८९३ मा एल. ए. सेरमनको *द एनालिटिक्स अफ लिटरेचर*बाट भएको देखिन्छ । उनले सन् १८९३ मा *एनालिटिक्स अफ लिटरेचर: अ म्यानुअल फर द अब्जेक्टिभ स्टडी अफ इङ्लिस प्रोस एन्ड पोयट्री* नामक पुस्तकमा समालोचनाको बारेमा नयाँ धारणा प्रस्तुत गरेका छन् । साथै उनले पाठ्यसामग्रीको स्तर पहिचान गर्ने कुरामा पनि अध्ययन गर्न चासो राखेका छन् । त्यसपछि सन् १९२१ मा ई. एल. थर्नडाइकको *द टिचर्स वर्डबुक* आयो । जसमा बारम्बार आवृत्ति हुने दश हजार शब्दहरूको सूची तयार पारिएको छ । यसको मुख्य उद्देश्य त्यहाँ प्रयोग भएका शब्दको कठिनाइ स्तर पत्ता लगाउनु रहेको देखिन्छ । सन् १९२३ मा बर्च ए. लिभ्ली र सिड्नी एल. प्रेसीको अ मेथड फर मेजरिङ द भोक्याबुलरी बर्डेन अफ टेक्स्टबुक नामक लेख *एजुकेसनल एड्मिनिस्ट्रेसन एन्ड सुपरभिजन* जर्नलमा छापिएको छ । जसमा शब्दहरूको कठिनाइ स्तर मापन गर्ने र पाठ्यसामग्रीमा शब्दहरूको बोझ हटाउन सहयोगी हुन्छ भन्ने उनीहरूको तर्क रहेको छ । माबेल भोगेल र कार्लेटन वासवर्नको विनेट्को फर्मुला सन् १९२८ मा प्रकाशित भएको छ । यो नै पाठ्यसामग्रीको संरचनाको अध्ययन गरी पठनशीलता मापन गर्ने पहिलो सूत्रका रूपमा देखिएको छ । सन् १९३१ मा *डगलस वापलेस र राल्फ टायलरको ह्वाट पिपुल वान्ट टु रिड अबाउट,* सन् १९३४ मा राल्फ टायलर ओजेमानको *द डिफिकल्टी अफ एडल्ट मटेरियल्स,* सन् १९३४ मा एडगर डेल र राल्फ टायलरले *एडल्ट्स अफ लिमिटेड रिडिङ याबिलिटी,* सन् १९३१ मा डब्लु. डब्लु. प्याटी र डब्लु. आई. पेन्टरको *अ टेक्निक फर मेजरिङ द भोक्याबुलरी बर्डेन अफ टेक्स्टबुक,* सन् १९३५ मा विलियम एस. ग्रे र बर्नाइस लिरीको *ह्वाट मेक्स बुक रिड्याबल,* सन् १९४४ मा आइरभिङ लर्जको *प्रिडिक्टिङ रिड्याबिलिटी,* सन् १९४८ मा एडगर डेल र जिन एस. चाल को *अ फर्मुला फर प्रिडिक्टिङ रिड्याबिलिटी* र सन् १९४८ मा रुडोल्फ

फ्लेस्क *द आर्ट अफ रिड्याबल राइटिङ*जस्ता अध्ययनबाट पठनशीलता मापनका सूत्रहरू विकसित भएको देखिन्छ (दुबे, सन् २००६ पृ. १-३०) । सन् १९५२ मा रोबर्ट गनिङको *द टेक्निक अफ क्लियर राइटिङ* प्रकाशित भई पठनशीलताको अध्ययनमा नयाँ आयाम थपिएको देखिन्छ । त्यसैगरी सन् १९५० को दशकमा पठनशीलतासम्बन्धी थुप्रै अध्ययनहरू गरिएका छन् (दुबे, सन् २००४, पृ. २४-२५) । उक्त अध्ययनहरूले पठनशीलताका सूत्रहरूको विकासमा नयाँ आयाम थपेका छन् । सूत्रहरूका आफ्ना आफ्नै विशेषताहरू रहेका छन् । पठनशीलतासम्बन्धी नयाँ अध्ययनहरूबाट थुप्रै विशेषताहरू देखिएका छन् । पठनशीलताको अध्ययनमा पछिल्लो चरणमा विद्वान्वर्गको संलग्नता बढेको देखिन्छ । पठनशीलता परीक्षणका लागि क्लोज परीक्षणका आधारमा प्रश्न निर्माण गरिएको पाइन्छ । पाठकको पठन क्षमता, पूर्वज्ञान, रुचि र उत्प्रेरणाले पाठ्यसामग्रीको पठनशीलतामा प्रभाव पारेको अध्ययनबाट देखिन्छ । पठनशीलताको अध्ययनले पठन प्रभावकारिता र पाठ्यसामग्रीको मापन गर्ने भएकाले पाठ्यसामग्रीको स्तर निर्धारणमा सहयोग गरेको देखिन्छ । पठनशीलताको अध्ययनले पाठ्यसामग्रीको उत्पादन  र रूपान्तरणमा पनि सहयोग गरेको देखिन्छ ।

### *फ्लेस्क रिडिङ इज सूत्रको परिचय*

फ्लेस्क रिडिङ इज सूत्रले पाठ्यसामग्रीमा भएका शब्द सङ्ख्या, वाक्यको लम्बाइ र अक्षरको संरचनाका आधारमा पठनशीलताको अध्ययन गर्दछ । यो विद्यालयका पाठ्यसामग्रीको पठनशीलता अध्ययनमा सर्वोपयुक्त सूत्रका रूपमा रहेको र संयुक्त अधिराज्यका सरकारी तथा विभिन्न गैरसरकारी निकायले प्रयोग गरेर स्तर निर्धारण गरिएको सूत्रका रूपमा रहेको देखिन्छ । यसमा शून्यदेखि एक सयसम्मको अनुपातमा अङ्क निर्धारण गरिन्छ । जसमा जति बढी अङ्क उति पाठ्यसामग्री पठनीय मानिन्छ र साठीदेखि सत्तरी अङ्कलाई औसत अङ्कका रूपमा लिइन्छ (दुबे, सन् २००४, पृ. २१) । फ्लेस्क पठनशीलताको तालिकाअनुसार पठनशीलताको अङ्क शून्यदेखि तिस अङ्क आएमा पाठ्यसामग्री धेरै कठिन, तिसदेखि पचाससम्म आएमा कठिन, पचासदेखि साठीसम्म अङ्क आएमा ठिकै कठिन, साठीदेखि सत्तरीसम्म अङ्क आएमा उपयुक्त, सत्तरीदेखि असी अङ्कसम्म आएमा ठिकै सजिलो, असीदेखि नब्बेसम्म अङ्क आएमा सजिलो र नब्बेदेखि एक सय अङ्क आएमा पाठ्यसामग्री  धेरै सजिलो मानिने व्यवस्था छ ।  यो फ्लेस्क रिडिङ इज स्केल बढीभन्दा बढी परीक्षण भएको, विश्वसनीय र बढी मात्रामा प्रयोग भएको सूत्र हो (चाल, सन् १९८८, पृ. ५६) । यसले पठनशीलताको अङ्कलाई एक सय (सबैभन्दा सजिलो) देखि शून्य (सबैभन्दा कठिन) अङ्कमा मापन गर्छ ।

शून्य अङ्कले औसत एक वाक्यमा सैँतिसओटा शब्द र औसत एक शब्दमा दुई वा दुईभन्दा बढी अक्षर सङ्ख्या  भएको पाठ्यसामग्रीलाई जनाउँछ। फ्लेस्क तालिकाले पैँसठ्ठी अङ्कलाई स्तरीय अङ्क मानेको छ।

फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी पठनशीलता अध्ययन गर्दा निम्न चरणमा अध्ययन कार्य सम्पन्न गरिन्छ (फ्लेस्क, सन् १९४९, पृ. २१३–२१६)। जसको चर्चा यसप्रकार गरिएको छ :

**पहिलो चरण :** पहिलो चरणमा छनोट गरिएका प्रत्येक पाठका वाक्यहरूको चिनो लगाउँदै गणना गर्नुपर्ने हुन्छ। गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा एक वाक्य गणना गर्नुपर्दछ।

**दोस्रो चरण :** दोस्रो चरणमा सयओटा शब्द गणना गर्ने र सयौँ शब्दमा चिनो लगाउने गरिन्छ। शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, संक्षिप्त शब्द, चित्र र तिनीहरूको बिचमा खाली ठाउँ भएमा त्यसलाई एक शब्द मानेर गणना गर्ने गरिन्छ।

**तेस्रो चरण** : तेस्रो चरणमा अक्षर सङ्ख्या गणना गरिन्छ। अक्षर सङ्ख्या गणना गर्दा उच्चारणका आधारमा अक्षर सङ्ख्याको निर्धारण गर्ने गरिन्छ।

**चौथो चरण :** चौथो चरणमा पठनशीलता अङ्क (फ्लेस्क रिडिङ इज स्कोर) पत्ता लगाइन्छ। त्यो औसत अङ्क र शब्दको लम्बाइ पठनशीलता तालिकामा खोजेर तालिकाले निर्धारण गरेको अङ्कको आधारमा पाठ्यसामग्रीको पठनशीलताको व्याख्या विश्लेषण गर्ने गरिन्छ।

फ्लेस्क रिडिङ इज सूत्रमा शून्यदेखि एक सयसम्म अङ्क निर्धारण गरिएको छ। जहाँ जति बढी अङ्क भयो त्यति पढ्न सजिलो हुने उल्लेख छ। सूत्रअनुसार के निष्कर्षमा पुगिन्छ भने पाठ्यसामग्री पठनीय हुन छोटाभन्दा छोटा वाक्य र शब्द हुनुपर्ने देखिन्छ। साठीदेखि सत्तरी अङ्कसम्मको पाठ्यसामग्रीलाई बढी स्तरीय मानिएको छ।

फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरेर तथ्याङ्क विश्लेषण गर्दा निम्न सूत्रलाई प्रयोगमा ल्याइन्छ (जाकालुक र स्यामुअल, सन् १९८८, पृ. ४६) :

प. अ. = २०६.८३५ - (८४.६ × अ. स. ) - (१.०१५  ×  श. स.)

प. अ. = पठनशीलताको अङ्क

अ. स. = प्रतिसय  शब्दमा अक्षर सङख्या

श. स. = प्रतिवाक्य मा औसत शब्द सङ्ख्या

उक्त सूत्रको प्रयोग गरेर प्राप्त पठनशीलताको अङ्क, अक्षर संरचनाको आधार र वाक्य संरचनाको आधारबाट प्राप्त तथ्याङ्कलाई तालिकामा राखेर विश्लेषण र मूल्याङ्कन गर्ने गरिन्छ। यससम्बन्धी तालिका प्रस्तुत शोधको परिशिष्ट घमा उल्लेख गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा उपर्युल्लिखित चरणहरू अवलम्बन गरेर सामग्रीको सङ्कलन र विश्लेषण गरी फ्लेस्क रिडिङ इज सूत्रको तालिकाका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ।

***क्लोज प्रविधिको परिचय***

क्लोज प्रविधि पठनबोध र पठनशीलता मापन गर्ने उपयुक्त युक्ति हो । कुनै खास अनुच्छेद दिएर खास अन्तरालमा खास शब्दहरू हटाउँदै खाली ठाउँ राख्ने र ती खाली ठाउँमा विद्यार्थीले उपयुक्त शब्दहरू आपूर्ति गर्नुपर्ने क्लोज प्रकृतिको प्रविधिद्वारा अनुच्छेदको कठिनाइ स्तर परीक्षण गर्न सकिन्छ (शर्मा र पौडेल, २०६०, पृ. २३६) । क्लोज प्रविधिको इतिहासलाई नियाल्दा यसको प्रयोग अमेरिकी अनुसन्धानकर्ता विल्सन टायलरले “जेस्टाल्ट प्रिन्सिपल अफ कलोज” नामक सैद्धान्तिक लेखअन्तर्गत “कन्सेप्ट अफ क्लोज” भनेर *क्लोज* शब्दको प्रयोग पहिलोपल्ट प्रयोगमा आएको कुरा ह्यारिसन (सन् १९८०) ले बताएका छन् । टायलर (सन् १९५३) ले क्लोज प्रविधिको प्रयोग सुरुमा पठनबोधका लागि गरेका थिए । अध्ययन अनुसन्धानका क्रममा पछि यस प्रविधिलाई पठनशीलता परीक्षण, स्तरीकृत बोध जाँच, व्यक्तिगत पाठको योग्यताको निदान, निरूपण र पठन विकास जस्ता उद्देश्यहरूलाई निर्देशन तत्त्वको रूपमा विकास गरी पठनशीलताको अध्ययन कार्यलाई अगाडि बढाएको देखिन्छ ( पौडेल, २०६६, पृ. ४७) । ह्यारिसन (सन् १९८०) ले सर्वप्रथम क्लोज प्रविधिले प्रश्नहरूको मापन नगरी अनुच्छेदको कठिनाइको मापन गर्दछ भन्ने विचार व्यक्त गरेर क्लोज प्रविधिलाई पठनशीलता मापनमा जोड्ने काम गरेका छन् । पाठकले आफूमा निहित ज्ञानका आधारमा पाठबाट के ग्रहण गर्दछ भन्ने कुरा क्लोज टेस्टबाट मापन गर्न सकिन्छ । क्लोज परीक्षणले पाठकमा रहेको बोध क्षमता र पठनशीलता निर्धारणका लागि अपेक्षित परिणाम स्वतस्फूर्त रूपमा प्राप्त गर्ने कार्यमा सहयोग पुऱ्याउने भएकाले यसलाई उपयुक्त विधिका रूपमा लिइन्छ । त्यसैगरी ह्यारिसनले पठनशीलता विश्लेषणका लागि पठनबोध जाँच गर्ने सन्दर्भमा सन्

१९६० तिर क्लोजमा आधारित भएर गरिएका केही अनुसन्धानमध्ये बर्मुथ (सन् १९६६) ले गरेको वैधानिक रूपमा कठिनाइ मापन गर्ने कार्यका लागि क्लोज टेस्टबाट पठनशीलतासम्बन्धी जटिलता केही हदसम्म समाधान भएको उदाहरण पनि दिएका छन् ।

पठनशीलता मापनका लागि पाठ कठिनाइको क्लोज अङ्क निकाल्न धेरै पाठहरूलाई एउटै विद्यार्थी समूहमा प्रयोग गर्नुपर्दछ । यसका लागि कठिनाइको सूचीको रूपमा शुद्धसँग पूर्वानुमानित शब्दहरूको अङ्क तथा मध्यमान निकाल्नुपर्दछ । जसबाट तिनीहरूको प्रतिशतको तुलना गर्न सकिन्छ । यसरी अन्त्यमा अनुच्छेदहरूका बिचमा तुलना गर्दा सबैभन्दा कम प्रतिशत प्राप्त भएका त्यस्ता पाठलाई सबैभन्दा कठिन रूपमा र बढी प्रतिशत प्राप्त भएका सबैभन्दा सजिला पाठका रूपमा ग्रहण गर्नुपर्ने निष्कर्ष निकालिन्छ ।

पठनशीलता परीक्षणका सन्दर्भमा पाठकमा रहेको बोध क्षमताको स्तर निर्धारणका लागि अनुसन्धाताहरूले आआफ्नै तरिकाले मापदण्ड स्थापित गरेका छन् । बर्मुथ (सन् १९६६) ले पहिला अठतिस प्रतिशत क्लोज अङ्क पठन र पठनशीलताको उपयुक्त स्तर मान्न सकिने बताएका छन् भने पछिल्लो अनुसन्धानमा बर्मुथ (सन् १९६८) ले चवालिस प्रतिशत र सन्ताउन्न प्रतिशतलाई शैक्षणिक र स्वतन्त्र तहको रूपमा प्रस्तुत गरेका छन् । यसै गरी र्‍याकिन र कोल्हेन (सन् १९६९) ले बर्मुथ (सन् १९६८) को क्लोज अङ्कका ठाउँमा एकचालिस प्रतिशत र एकसठ्ठी प्रतिशतको क्लोज प्राप्ताङ्कलाई क्रमशः शैक्षिक र स्वतन्त्र तहका रूपमा मानेका छन् । यसरी पठनशीलतासम्बन्धी विभिन्न मूल्याङ्कनका आधारमा प्राप्त क्लोज प्राप्ताङ्कको परिणामलाई बर्मुथले तिसदेखि चालिस प्रतिशतसम्म सामान्य वा स्वीकार्य तह मानेका छन् भने चालिसदेखि पैँतालिस प्रतिशतलाई उपयुक्त शैक्षणिक तह र पैँतालिसदेखि साठी प्रतिशतलाई स्वतन्त्र तह मानेर तीन श्रेणीमा प्रस्तुत गरेका छन् ।

ह्यारिसन (सन् १९८०) ले बर्मुथ आदिको अनुसन्धानमा आधारित प्राप्त परिणाममा अमेरिकाका विद्यार्थीसँग लिइएको परीक्षणका सन्दर्भमा पचहत्तर प्रतिशत र नब्बे प्रतिशतको प्राप्ताङ्कमा विद्यार्थीले पचहत्तर प्रतिशत अङ्क प्राप्त गर्नुको तात्पर्य विद्यार्थी शैक्षणिक तहमा भएर पनि उनीहरूलाई अझै शिक्षकको सहयोग आवश्यक छ भन्ने बुझिन्छ र नब्बे प्रतिशत अङ्क प्राप्त गर्छन् भने उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीमा रहेको मान्न सकिन्छ भनेका छन् । यसरी क्लोज प्रविधिबाट प्राप्त अङ्कमध्ये पैँतिसदेखि चालिस प्रतिशत वा त्योभन्दा कम भयो भने त्यसले पाठक आफ्नो अध्ययनप्रति सचेत छैन कि त उक्त पाठ्यसामग्री

विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द र शैलीका दृष्टिले क्लिष्ट छ भन्ने बुझिन्छ ।

***क्लोज प्रश्न निर्माण प्रक्रिया***

क्लोज प्रविधिबाट पठनशीलता परीक्षणीय अनुच्छेदहरूको छनोट गर्दा सामान्यतया जाँचका लागि नमुनाका रूपमा लिइएको अनुच्छेदहरू पाठको आकार र अनुच्छेदको सङ्ख्या हेरी सुरु, मध्य र अन्त्य भागबाट क्लोज प्रक्रियाको सिद्धान्तअनुरूप अनुच्छेदहरू छनोट गर्न सकिन्छ । तेस्रो, पाँचौँ, सातौँ र नवौँ शब्द वा क्रमभङ्ग स्वरूपमा शब्दहरू हटाई प्रश्नावली निर्माण गर्न सकिन्छ । परीक्षणीय सामग्रीको खाली ठाउँमा भर्नुपर्ने शब्दका लागि तीन सेमि अथवा शब्दको आकार हेरी लगभग एक दुई इन्चसम्म राख्न सकिने कुरामा ध्यान दिनुपर्छ ( ह्यारिसन, सन् १९८०, पृ. ६७) । यसप्रकाको मापदण्ड पूरा गरेर प्रश्नावली निर्माण गरेर नै पठनशीलता परीक्षण गर्नुपर्ने देखिन्छ ।

क्लोज प्रविधिका नियमहरूमध्ये निम्न नियमहरूलाई यस शोधकार्यका लागि प्रश्ननिर्माणको सैद्धान्तिक प्रक्रियाका रूपमा लिइएको छ :

(क) सरल र कठिन एवम् लामा तथा छोटा गद्य पाठहरूको प्रतिनिधित्व गराउन कथा, निबन्ध, नियात्रा जस्ता गद्य विधाका पाठहरूको चयन गरिएको छ ।

(ख) गद्य विधामा संरचित विविध विषयक्षेत्रको प्रतिनिधित्व भएका पाठहरूको छनोट गर्नुपर्ने नियमको अवलम्बन गरिएको छ ।

(ग) अनुच्छेद वा गद्यांशहरूका तेस्रो, पाँचौँ, सातौँ र नवौँ शब्दलाई खाली राखेर वा छ्यासमिस गरेर प्रश्न निर्माण गर्न सकिने प्रावधानमध्ये कक्षा र तहलाई समेत ख्याल गरी पाँचौँ शब्दलाई हटाई प्रश्न निर्माण गर्ने प्रक्रियाको छनोट गरिएको छ ।

(घ) अनुच्छेदभित्र हटाइएका शब्दहरूको खाली ठाउँ एक इन्चसम्म राख्न सकिने नियमको पालना गरिएको छ ।

(ङ) पाठहरूबाट अनुच्छेदहरूको छनोट गर्दा नमुनामा समाविष्ट लामा छोटा प्रकृतिका पाठको प्रारम्भ, मध्य र अन्त्य भागबाट अनुच्छेदहरूको छनोट गर्न सकिने नियमको पालना गरिएको छ ।

(च) प्रश्नावली निर्माण गर्दा हटाइएका खाली ठाउँमा भर्नुपर्ने वैकल्पिक उत्तर दिएर वा नदिएर प्रश्नावली निर्माण गर्न सकिने प्रावधानअनुरूप  वैकल्पिक उत्तर दिएर प्रश्न निर्माण गरिने नियमको पालना गरिएको छ ।

(छ) अनुच्छेदबाट प्रश्नका रूपमा हटाइएका उत्तरका रूपमा पाँचौं शब्दहरूलाई दाहिने किनारमा कोठाभित्र बेमेल अर्थात् क्रमभङ्ग तरिकाले वैकल्पिक उत्तरहरू राखेर तिनबाट छानी खाली ठाउँमा उत्तर लेख्नुपर्ने व्यवस्थाको पालना गरिएको छ ।

(ज) परीक्षणका लागि निर्माण गरिएका प्रश्न भराउँदा क्लोज प्रविधि नियम र प्रक्रियालाई अवलम्बन गरी प्रश्नावली भराउँदा विद्यार्थीहरूलाई प्रत्येक खाली ठाउँमा एउटा मात्र शब्द भर्नुपर्ने भनी मौखिक निर्देशन दिनुपर्ने नियमको पालना गरिएको छ ।

(झ) प्रश्नहरूलाई दुई घण्टाको समय सन्तुलन मिलाई सात ओटा पाठमा सीमित रही तिनमा निहित विभिन्न प्रकृति (सरल र कठिन, लामा र छोटा) का पाठगत अनुच्छेद छनोट गरिएको छ ।

***पाठ्यपुस्तकको परिचय र यसको निर्माण प्रक्रिया***

शिक्षण संस्थामा औपचारिक पठनका लागि निर्मित पुस्तकहरू पाठ्यक्रम सम्बद्ध हुन्छन् । यस प्रवृत्तिका पुस्तकीय सामग्रीहरू पाठ्यपुस्तकको कोटीमा पर्दछन् । झट्ट हेर्दा पुस्तक र पाठ्यपुस्तक आकार र बान्कीमा उस्तै देखिए पनि गुण, कार्यप्रकृति, प्रयोग एवम् उपयोगिताका आधारमा फरक छन् ।

कुनै पनि विषय विधामा केन्द्रित साधारण, विषयनिष्ठ तथा सन्दर्भयुक्त किताबी रूप पुस्तक हो भने शैक्षणिक प्रयोजनमा रहेका ज्ञान, सिर्जना र अभ्यासको साधन पाठ्यपुस्तक हो । यी दुवैको प्रयोजन, संरचना र निर्माण फरक फरक प्रकृतिको हुन्छ । यो फरकपनले पुस्तकलाई ज्ञानको सँगालो र पाठ्यपुस्तकलाई बौद्धिक कसरत, ज्ञान र सीप आर्जनको औपचारिक साधन एवम् शिक्षणीय सिकाइको माध्यम सामग्रीका रूपमा लिन सकिन्छ । सामान्य अर्थमा पाठ्यपुस्तक भन्नाले पढ्नुपर्ने वा पढ्नलायक किताब भन्ने बुझिन्छ । पारिभाषिक अर्थमा शैक्षिक संस्थाद्वारा निश्चित कक्षा वा तहमा कुनै खास विषयगत उद्देश्य हासिल गर्न सरलीकृत र सङ्गठित पुस्तकाकारका रूपमा कक्षा कोठामा उपयोगमा ल्याइने पाठ्यसामग्रीलाई पाठ्यपुस्तकका रूपमा चिनाउन सकिन्छ । वस्तुतः पाठ्यक्रमअनुरूप सङ्गठित पुस्तकाकारका रूपमा निर्मित पाठ्यसामग्रीहरूको सँगालो नै पाठ्यपुस्तक हो ।


नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक निर्माण तथा अद्यावधिक गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बनाएको छ । जसमा प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा बाह्रसम्मको समग्र विद्यालय शिक्षाका नेपाली भाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई वैधता दिन नेपाली भाषा विषय समिति रहने व्यस्था गरिएको छ। पाठ्यक्रम विकास केन्द्रले कार्यदल, कार्यशाला वा विशेषज्ञ सेवामार्फत आवयकताअनुसार पाठ्यपुस्तक अद्यावधिक र परिमार्जन गर्न सक्दछ । यसरी विकास, अद्यावधिक, परिमार्जन, परिवर्तन र अनुवाद गरिएका पाठ्यपुस्तकमा गुणस्तर कायम गर्न विषयविज्ञबाट मूल्याङ्कन र पृष्ठपोषण लिइन्छ । पाठ्यपुस्तक स्वीकृत भइसकेपछि कार्यान्वयनमा ल्याउनुपूर्व परीक्षण र प्रबोधीकरण गरिन्छ । पाठ्यपुस्तक शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र प्रबोधीकरण गर्ने गरिन्छ ।

**शोधको अवधारणात्मक खाका**

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि गद्यमा संरचित कथा, निबन्ध र नियात्रा विधाका पाठहरू छनोट गरिएको छ । ती विधाका पाठहरूको माध्यमबाट उक्त पाठ्यपुस्तकको स्तर निर्धारण गर्न फ्लेस्क रिडिङ इज फर्मुलालाई आधार मान्दै प्रस्तुत शोधको अवधारणत्मक खाका निम्नानुसार रहेको छ :

**आरेख १**

*शोधको अवधारणात्मक खाका*




**शोधप्रबन्धको रूपरेखा**

प्रस्तुत शोधप्रबन्धको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन

अध्याय तीन : शोध विधि

अध्याय चार : अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता

अध्याय पाँच : वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता

अध्याय छ : कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर

अध्याय सात : प्राप्ति र छलफल

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत अध्यायमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत सैद्धान्तिक पुनरावलोकन, व्यावहारिक पुनरावलोकन र नीतिगत पुनरावलोकन गरिएको छ । अध्यायको अन्त्यमा पूर्वकार्यको पुनरावलोकनका आधारमा शोध अन्तरालको उल्लेख गरिएको छ ।

## सैद्धान्तिक कार्यको पुनरावलोकन

शोधप्रबन्धको उद्देश्यअनुरूप पठनशीलताको सैद्धान्तिक आधार तयार पार्नका लागि यसपूर्व गरिएका पठनशीलतासम्बन्धी सैद्धान्तिक कार्यहरूको अध्ययनको पुनरावलोकन निम्नानुसार प्रस्तुत गरिएको छ :

### *पठनशीलताको पृष्ठभूमिसम्बन्धी पुनरावलोकन*

सन् १८९३ मा एल.ए. सेरमनको *द एनालिसिस अफ लिटेचर*बाट पठनशीलताको अध्ययनको सुरुवात भए तापनि पठनशीलताका दृष्टिले पाठ्यपुस्तकहरूको अध्ययन कार्यको खास थालनी बिसौँ शताब्दीबाट मात्र भएको देखिन्छ । सन् १९२१ मा थर्नडाइकले शब्दभण्डार मात्रा र स्तरसम्बन्धी गरेको अध्ययन कार्यबाट पठनशीलता अध्ययनको पृष्ठभूमि तयार भएको हो । थर्नडाइकले दश हजार शब्दहरूको सूची तयार पारेका थिए । उनका विचारमा कम आवृत्ति हुने शब्द बारम्बार आवृत्ति हुने शब्दभन्दा कठिन हुन्छ र त्यस्ता कठिन शब्दले पाठ्यसामग्रीलाई बोध गर्न कठिन बनाउँछ । तसर्थ उनले बारम्बार आवृत्ति हुने ती दश हजार शब्दहरू विभिन्न एकचालिसओटा पाठ्यस्रोतबाट सङ्कलन गरेको पाइएको छ (बेलिन र ग्रास्टिन, सन् २०१६, पृ. १५) । हालसम्म पठनशीलताको खोज अनुसन्धानसम्बन्धी थुप्रै कार्यहरू भएको देखिन्छ । यस अध्ययनमा विभिन्न भाषामा छापिएका पाठ्यपुस्तकको पठनशीलतासम्बन्धी अङ्ग्रेजी भाषा र नेपाली भाषाका अध्ययन प्रतिवेदन, शोधप्रबन्ध, लेख, टिप्पणी र समीक्षा तथा पाठ्यपुस्तकका सन्दर्भमा गरिएका शब्दभण्डार, बोधगम्यता र पठनशीलतासम्बन्धी कार्यलाई नेपाली विषयको पाठ्यपुस्तकको पठनशीलताको अध्ययनको पृष्ठभूमिका रूपमा लिइएको छ ।

सन् १९२१ मा इ.एल. थर्नडाइकले शब्दभण्डार मात्रा र स्तरसम्बन्धी गरेको अध्ययन कार्यबाट पठनशीलता अध्ययनको पृष्ठभूमि तयार भएको देखिन्छ । पठनशीलताको अध्ययन सर्वप्रथम किट्सोनले सन् १९२१ मा म्यागेजिनमा देखिने भाषिक कठिनाइ शब्द लम्बाइ, वाक्य

लम्बाइ र तिनको स्तर अध्ययन गरेबाट प्रारम्भ भएको देखिन्छ । उनले पठनशीलतालाई दुई दुईओटा म्यागेजिन र पत्रिकामा देखिने कठिनाइ, वाक्य लम्बाइ र शब्द लम्बाइमा प्रयोग गरे । यी अध्ययनबाट पठनशीलताको सुरुवात भएकाले उक्त अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तको पठनशीलताको अध्ययनको आधार तयार पार्नमा सहयोगी देखिन्छ ।

***पठनशीलताका सिद्धान्तहरूको विकाससम्बन्धी पुनरावलोकन***

लिभ्ली र प्रेसी (सन् १९२३) ले थर्नडाइक र किट्सोनलाई केन्द्रविन्दु मानेर शब्दभण्डार र पठनशीलता सम्बन्धी अध्ययनलाई निरन्तरता प्रदान गरेका छन् । लिभ्ली र प्रेसीले थर्नडाइकद्वारा कुनै पुस्तकबाट टिपिएका दश हजार शब्दहरूलाई नमुनाका रूपमा लिएर अध्ययन गरेको देखिन्छ । यसमा उनीहरूले थर्नडाइकको *टिचर्स वर्ड बुक*मा जस्तै प्रत्येक शब्दको आवृत्तिमा कठिन शब्दहरूको सूचीलाई आवृत्ति गणनाको पद्धतिमा देखाएका छन् । यसरी लिभ्ली र प्रेसीले शब्दभारको बिचको औसत शब्दहरूको अनुक्रमणिकामा प्रयुक्त शब्दहरूको सङ्ख्याको माध्यमबाट पठनशीलताका विभिन्न स्तरहरूको मापन गर्नुपर्छ भन्दै पठनका सोह्रओटा फरक फरक नमुना तयार पारेर प्रयोगमा ल्याएको देखिन्छ । फलस्वरूप नतिजाको रूपमा देखिएको कठिनाइ श्रेणीसँग स्थिर शब्दभण्डार बिचको सङ्ख्याको औसत शब्दसूची अनुक्रमणिका राम्ररी मिलेको पाइएको छ । उक्त अध्ययनबाट पठनशीलताको लागि उपयोगी हुने शब्दभण्डारको छनोट एवम् तिनको संरचनागत कठिनाइ पत्ता लगाउन र तत्सम्बन्धी धारणाको विकास गर्न सहयोग पुग्ने देखिन्छ । यसैगरी किट्सोनद्वारा पठनशीलता सम्बन्धमा भएका अध्ययनप्रति लिभ्ली र प्रेसीले विमति प्रकट गर्दै उक्त प्रयोगात्मक परीक्षणलाई सावधानीबिना गरिएको अनुसन्धानका रूपमा टिप्पणी गरेका छन् । यी अध्ययनहरूले पठनशीलताको सैद्धान्तिक आधार तयार पारेकाले प्रस्तुत कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाको पठनशीलता अध्ययनका लागि सैद्धान्तिक आधारको रूपमा सहयोग गरेका छन् ।

भोगेल र वासवर्न (सन् १९२८) ले लिभ्ली र प्रेसीले विद्यालय तहका पाठ्यपुस्तकहरूको कठिनाइ मापनसम्बन्धी गरिएको कार्यबाट प्रभावित भएर तिनीहरूका सूत्रलाई सात सयओटा पुस्तकहरूको विश्लेषण गर्न प्रयोग गरे । यो अध्ययन पनि निकै सान्दर्भिक देखिन्छ । उक्त अध्ययनमा कक्षा तीनदेखि नौसम्मका पाठ्यपुस्तकमा प्रयुक्त अनुच्छेदहरूको प्रयोगबाट कठिनाइहरूको शृङ्खलालाई देखाउने प्रयास गरिएको छ । बालबालिकामा प्रयोग गरिएका परीक्षणयुक्त पाठ्यपुस्तकहरूमध्ये पच्चिस जना विद्यार्थीहरूले मात्र विद्यालयको शिक्षाको

दौरानमा मन पराएर पढेको देखिन्छ । यसरी बालबालिकाले मन पराएका अर्थात् औसत प्राप्ताङ्क पुस्तकलाई ग्रेड दर प्रदान गर्न भोगेल र वासवर्नले उक्त अध्ययनलाई नियमसम्मत गरिएको महत्त्वपूर्ण कार्यको रूपमा स्वीकार गरेका छन् । भोगेल र वासवर्नको यो अध्ययन पाठ्यपुस्तकको कठिनाइ पत्ता लगाउन गरिएको अध्ययन भए पनि अक्षर संरचना र वाक्य संरचनाको अध्ययन यसमा नगरिएकाले प्रस्तुत शोधप्रबन्धमा यिनै पक्षको अध्ययन गरिएको छ । तसर्थ भोगेल र वासवर्न (सन् १९२८) को यो अध्ययनले प्रस्तुत शोधप्रबन्धको अध्ययन विधि निर्धारणमा सहयोग पुऱ्याएको छ ।

लरेन्ज (सन् १९२९) ले पाठ्यपुस्तकहरूको विषयगत र पठनगत विविधताभित्र रहेका शब्दभण्डारको कठिनाइ मापनका लागि दुईओटा वस्तुगत मापनहरू प्रस्तुत गरेको देखिन्छ । उक्त अध्ययन विद्यार्थीहरूको चासो र पठन योग्यतामा आधारित भएर पुस्तकहरूका बारेमा केन्द्रित देखिन्छ । पठनशीलताको अध्ययन गरिएको उक्त अध्ययनमा अक्षर र वाक्यको अध्ययन गरिएको छैन । उक्त कुरा प्रस्तुत शोधप्रबन्धमा अध्ययन गरिएको छ भने विद्यार्थीको पठन योग्यतामा आधारित भएर पनि गरिने यस शोधप्रबन्धलाई लरेन्जको उक्त अध्ययनले मार्गनिर्देश गरेको छ ।

प्याटी र प्याटर (सन् १९३१) ले पाठ्यपुस्तकलाई पठनीय बनाउन पाठ्यसामग्रीमा प्रयुक्त शब्दभण्डारसम्बन्धी देखिने समस्याको समाधान कसरी गर्ने भन्ने सूत्रको खोजी गरे । प्याटी र प्याटरले पठनशीलताको उक्त अध्ययनमा शब्दभण्डारसम्बन्धी समस्याको अध्ययन गरेका थिए भने प्रस्तुत शोधप्रबन्धमा अक्षर संरचना र वाक्य संरचनाका आधारमा पठनशीलताको अध्ययन गरिएको छ ।

ओजेमान (सन् १९३४) ले वयस्कहरूमा पठनयोग्यताको विस्तार, पाठ्यसामग्रीको विशेषता र कठिनाइको विभिन्न स्तर एवम् पठन कठिनाइसँग संलग्न तथ्यहरूको पहिचानको अध्ययन गरेको देखिन्छ । यस क्रममा ओजेमानले पाँच सय शब्द भएका सोह्रओटा अनुच्छेदहरू तयार पारी वयस्कहरूका बिच प्रयोगमा ल्याएर त्यसबाट प्राप्त पठनीय सामग्रीहरूको परिमाणात्मक र गुणात्मक नतिजा प्रस्तुत गरेका छन् । ओजेमानको यस अध्ययनमा अनुच्छेदको कठिनाइ स्तर वाक्यको प्रयोगमा आधारित भएर गरिएको छ भने प्रस्तुत शोधप्रबन्धमा अक्षर र वाक्यको संरचनाको अध्ययन र विद्यार्थीहरूको पठन योग्यताका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तर मूल्याङ्कन गरिएको छ ।

डेल र टायलर (सन् १९३४) ले ओजेमानबाट भएको पठन कठिनाइका तत्त्व, पठन योग्यता र तहगत सामग्रीका विशेषतासँग सम्बन्धित कामको सादृश्यता कायम गर्दै पठनशीलतासम्बन्धी अध्ययन गरेको पाइन्छ। उनीहरूले अनुच्छेदहरूको कुनै एक शृङ्खलाको कठिनाइको वैधानिक सिद्धान्त र आधार प्राप्त गर्ने र कठिनाइलाई प्रभावित पार्ने तत्त्वहरूको परिमाणात्मक अध्ययन गर्ने काम गरेका छन् । उनीहरूले गरेको अध्ययनबाट पठन सिपसँग पठनसामग्रीका कठिनाइलाई प्रभावित पार्ने तत्त्वहरूको निर्धारण गर्ने प्रयत्नका साथै कठिनाइको स्तरगत अध्ययनबाट प्राप्त तथ्यका आधारमा सामग्रीको छनोट र निर्धारण गर्ने काम भएको छ । डेल र टायलरको यस अध्ययनले पठनशीलतामा प्रभाव पार्ने तत्त्वहरूको निर्धारण गरेको छ भने प्रस्तुत शोधप्रबन्धमा पठनशीलताका उक्त तत्त्वहरूलाई मध्यनजर गर्दै कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तरको अध्ययन गरिएको छ। जसबाट डेल र टायलर (सन् १९३४) को उक्त अध्ययनले यस शोधमा सैद्धान्तिक आधार तयार पार्ने काम गरेको छ ।

क्लस्की (सन् १९३४) ले कलेज स्तरका आख्यान, प्रबन्ध, राजनीति शास्त्र, समाज शास्त्र, मनोविज्ञान र चिकित्सा शास्त्रका प्रत्येक पुस्तकबाट एक एक ओटा अनुच्छेद छनोट गरी अध्ययन गरेका छन्। उक्त अध्ययनले सजिला पठन सामग्रीहरूमा वाक्यहरू छोटा हुनाका साथै सरल शब्दभण्डारको समेत प्रयोग हुने र कठिन पठनसामग्रीमा प्राविधिक एवम् अपरिचित शब्दभण्डार बढी हुने र वाक्यसंरचनासमेत जटिल हुने निष्कर्ष निकाल्नुका साथै पाठ्यपुस्तकको कठिनाइ स्तर निर्धारण गर्न विद्यालय शब्दकोश प्रयोग गर्न सुझाव दिएको छ । क्लस्कीको उक्त अध्ययनमा कलेज स्तरका पाठ्यपुस्तकका वाक्य संरचना र शब्दभण्डारको कठिनाइ स्तरको अध्ययन गरिएको छ। प्रस्तुत शोधप्रबन्धमा पनि अक्षर संरचना र वाक्य संरचनाको अध्ययन गरिनुका साथै विद्यार्थीको पठन योग्यताका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तर अध्ययन गरिकाले क्लस्कीको अध्ययनले शोधलाई मार्गनिर्देश गरेको छ ।

ग्रे र लियरी (सन् १९३५) को अध्ययनमा पठनशीलतालाई प्रभावित पार्ने तथ्यहरूको खोजी गरी तिनीहरूलाई विषयसूची, अभिव्यक्तिको शैली, प्रस्तुति र संरचनागत सङ्गठनात्मक सामान्य कारक तत्त्व गरी चार भागमा विभाजन गरिएको छ । यसबाट प्राप्त विकसित धारणाहरूको आधारमा ग्रे र लियरीले शैलीगत तत्त्वको गम्भीर अध्ययनका लागि एउटा आधार वा सिद्धान्त निर्माण गर्न *एडल्ट रिडिङ टेस्ट*को निर्माण गरी विद्यार्थीहरूले पढेका आख्यान र गैरआख्यान दुवै किसिमका अनुच्छेदहरूबाट सोधिएका प्रश्नहरूमध्ये एउटा लामो प्रश्न र एउटा सारांशको प्रश्नलाई अनिवार्य गरेका छन्। यस परीक्षणबाट पुस्तकलाई पठनीय बनाउन

सीमित योग्यता भएका पाठकहरूसँग केन्द्रित भएर पठनशीलताका विभिन्न तत्त्वहरूको जाँच गर्ने काम भएको छ । प्रस्तुत शोधप्रबन्धमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाको मात्र अध्ययन गरिएकाले यो सामग्री उपयोगी देखिन्छ ।

डोल्क (सन् १९३९) को पाठ्यपुस्तकको स्तर निर्धारण गर्न गरिएको अध्ययनमा विद्यालयीय पठनसामग्रीमा प्रयुक्त कठिन शब्दहरूको हिस्सा के कति छ भन्ने विषयमा केन्द्रित छ । सोअनुरूप कठिनाइको मात्रा निर्धारण गर्न पठन सामग्रीका नमुनाहरूको अध्ययनका क्रममा डोल्कले तीनओटा पुस्तकहरूलाई सामग्रीका रूपमा मापन गरेका छन् । डोल्कको यो अध्ययन विद्यालय तहको पाठ्यपुस्तकको पठनशीलता निर्धारणमा गरिएको र प्रस्तुत शोधप्रबन्धमा पनि विद्यालय तहको पाठ्यपुस्तकको पठनशीलतको अध्ययन गरिएको छ । तसर्थ डोल्कको यो अध्ययन प्रस्तुत शोधप्रबन्धमा मार्गदर्शक बनेको छ र यस अध्ययनमा थप अक्षर संरचनाको पनि अध्ययन गरिएको छ ।

फ्लेस्क (सन् १९४३) ले पठनशीलतासम्बन्धी मूल्याङ्कनका लागि शब्द परिचय तत्त्व मात्र पाठ्यपुस्तकको मापनको महत्त्वपूर्ण तत्त्व होइन भन्ने कुरा उल्लेख गरेका छन् । उनले वाक्य तत्त्व, अमूर्त शब्दहरूको सङ्ख्या, प्रत्ययका साथै व्यक्ति सन्दर्भले पठनशीलता मापनका लागि जति भूमिका निर्वाह गरेको हुन्छ तुलनात्मक रूपमा शब्द परिचय तत्त्वको भूमिका कम भएको कुरा बताएका छन् । फ्लेस्क उक्त अध्ययनले पठनशीलतको सैद्धान्तिक आधार तयार पारेको छ । उनको पठनशीलतासम्बन्धी यस मान्यताले मूलतः वाक्यको पठनशीलतामा जोड दिएको छ तापनि वाक्यका माध्यमबाट शब्दको पठनशीलताको अध्ययनका दृष्टिले उपयोगी रहेको हुँदा सिद्धान्त र त्यसको प्रयोगका लागि यो सामग्री महत्त्वपूर्ण छ ।

क्लेयर (सन् १९६३) ले पाठ्यपुस्तक मापनका लागि पठनशीलतालाई महत्त्वपूर्ण पक्षका रूपमा स्वीकार्दै वास्तवमा शैलीका आधारमा मात्र पठनशीलतालाई विचार विश्लेषण गर्न सम्भव हुन्छ भनेका छन् । उनले पाठक नै पठनशीलताको केन्द्रविन्दु भएकाले पाठकले गर्ने पठनमा शैली पक्षलाई नै प्राथमिकता दिएर पाठ्यपुस्तकको अध्ययन गर्नुपर्ने कुरा बताएका छन् । प्रस्तुत शोधप्रबन्धमा शैली पक्षका आधारमा अध्ययन गरिएकाले क्लेयरको उक्त अध्ययन सिद्धान्त र त्यसको प्रयोगका लागि आवश्यक देखिन्छ ।

स्मिथ र सेन्टर (सन् १९६७) ले विभिन्न विषयक्षेत्रका विशेषज्ञ एवम् अनुभवी शिक्षकहरूद्वारा पुस्तकको वैधता पत्ता लगाउन वास्तविक पठन कठिनाइका आधारमा गरिएको

जाँचमा वैधताको मात्रा उच्चबाट निम्न दरमा पर्न आएको बताएका छन् । उक्त अध्ययन विशेषज्ञ र शिक्षकसँग सम्बन्धित रहेर पाठ्यपुस्तकको पठनशीलतामा केन्द्रित छ । प्रस्तुत शोधमा विद्यार्थी र पाठ्यपुस्तकमा प्रयोग भएका शब्द र वाक्य संरचनामा केन्द्रित रहेर गरिएको छ । स्मिथ र सेन्टर (सन् १९६७) को पठनशीलतासम्बन्धी यस मान्यताले मूलतः वाक्यको पठनशीलतामा जोड दिएको छ तापनि अक्षर र वाक्यका दृष्टिले यो सामग्री सिद्धान्त र प्रयोगका लागि उपयोगी रहेको छ ।

ओर्डिङ्टन (सन् १९७७) ले वित्तीय संस्थाले कुनै पनि आर्थिक विवरण वा दिइने सूचना अर्थात् सूच्य सामग्री पठनशीलताका दृष्टिले ग्राहकका लागि ग्राह्य, पठनीय, आकर्षक र मनै लोभ्याउने हुनुपर्ने कुरामा जोड दिँदै उक्त सामग्रीको अन्त्यमा दिइने पाद टिप्पणीसमेतको भूमिका महत्त्वपूर्ण हुनुपर्ने कुरा उल्लेख गरेका छन् । त्यसैले ग्राहकसामु आर्थिक सूचना प्रवाह गर्दा ग्राहकको रुचि, दक्षता, क्षमता, पृष्ठभूमि, पठनशीलता स्तरजस्ता कुराप्रति ध्यान पुऱ्याउनुपर्ने कुरा बताएका छन् । उनले पाठ्यसामग्री वा सूचनाको पठनशीलतामा ग्राहकको रुचि, दक्षता, क्षमता र पृष्ठभूमिलाई जोड दिएका छन् तापनि विद्यार्थीको योग्यताको दृष्टिबाट पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि यो सामग्री महत्त्वपूर्ण देखिएको छ ।

***पठनशीलता सिद्धान्तको प्रयोगसम्बन्धी पुनरावलोकन***

ह्यारिसन (सन् १९८०) ले पाठ्यसामग्रीहरूलाई पठनशीलताका कोणबाट विशेष अध्ययन गरेको पाइन्छ । उनले पठनशीलताको परिचय, पठनशीलताको किन पूर्वानुमान गर्ने, पठनशीलता पूर्वानुमान गर्न कुन सूत्र कसरी प्रयोग गर्ने भन्ने कुरा उल्लेख गरेका छन् । ह्यारिसनको पठनशीलतासम्बन्धी यस मान्यताले मूलतः पठनशीलताको सिद्धान्त तयार पारेको र प्रस्तुत शोधमा सिद्धान्त र त्यसको प्रयोगका लागि यो सामग्री महत्त्वपूर्ण आधार रहेको छ ।

जोन्सन (सन् २०००) को अध्ययन बालबालिकाहरूका लागि पठनसामग्रीको कठिनाइ जाँच्ने काममा केन्द्रित देखिन्छ । उनले विश्लेषण गरिने पुस्तकबाट व्यवस्थित रूपले एक सय शब्द भएका तिसओटा  नमुनाहरू छनोट गर्ने, बहुआक्षरिक शब्दहरूको सङ्ख्या गणना गर्ने र यस्ता शब्दहरूको प्रतिशत निकाल्ने आधार तयार गरे । जोन्सनको यस अध्ययनले पाठ्यपुस्तकको पठनशीलताको अध्ययन शब्दका आधारमा गरेको छ । उनको अध्ययन विशेषगरी शब्दमा केन्द्रित भए तापनि अक्षर र वाक्यको माध्यमबाट पाठ्यपुस्तकको

पठनशीलताको अध्ययनका लागि सिद्धान्त र त्यसको प्रयोगका लागि यो सामग्री उपयोगी रहेको छ ।

म्याथुज (सन् २००२) ले विद्यालय तहका पठनसामग्रीमा मात्र केन्द्रित नभई पठनशीलताका दृष्टिले नयाँ दृष्टिकोण प्रस्तुत गर्ने काम गरेका छन् । अध्ययनमा विद्यालय स्तरका सामग्रीहरू बोध ग्रहण गर्ने सन्दर्भमा विषयगत विविधता र तिनमा निहित वाक्यको लम्बाइले पठनशीलतामा कति प्रभाव पार्छ भन्ने बारेमा अध्ययन जरुरी भएको बताइएको छ । सन् १९२६ मा कक्षा चारदेखि बाह्रसम्मका सामाजिक विषयका सामग्रीहरूलाई पठनशीलताका दृष्टिले विद्यार्थीहरूले कति राम्ररी बुझ्न सक्छन् भन्ने कुरा थाहा पाउन म्याथुजद्वारा जाँच लिइएको देखिन्छ । जसमा अरू किसिमका पाठ्यसामग्रीभन्दा आख्यानमूलक तथा वृत्तान्त रूपमा वर्णन गरिएका सामग्रीहरू विद्यार्थीहरूले चाँडै बुझेको कुरा प्रस्तुत गरिएको छ । म्याथुजको यो अध्ययन मूलतः वाक्यलाई आधार मानी पठनशीलताको अध्ययनमा केन्द्रित भए तापनि अक्षर र वाक्य संरचनाका आधारमा पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्न प्रयोग हुने पठनशीलताको सिद्धान्त र त्यसको प्रयोगका लागि यो महत्त्वपूर्ण देखिन्छ ।

जेन्डन (सन् २०१४) ले कक्षाकोठा तथा प्रवचन हलहरूका विभिन्न तत्त्वहरूको संयोजनले पठनशीलता निर्धारण गर्ने कुरा उल्लेख गरेका छन् । उनको अध्ययनबाट कक्षाकोठामा स्क्रिनको अन्डरसाइड लेभल, भर्टिकल दृश्य कोण, पढाइको दुरी, उचाइ र प्रस्तुतीकरण स्क्रिनको प्रदर्शन, त्यसको चौडाइ र उचाइजस्ता आयामहरूले कक्षाकोठाको पठनशीलतालाई प्रभावित गर्ने कुरा निष्कर्षका रूपमा प्राप्त भएको छ । जेन्डनको उक्त अध्ययन पठनशीलताको स्तर निर्धारण गर्नका लागि कक्षाकोठाको अवस्थाको अध्ययनमा केन्द्रित छ तापनि अक्षर संरचना र वाक्य संरचनाका साथै विद्यार्थीको पठन योग्यताका आधारमा पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्न सिद्धान्तका रूपमा यो सामग्री महत्त्वपूर्ण छ ।

शर्मा र पौडेल (२०६८) ले पठनशीलता परीक्षणसम्बन्धी सैद्धान्तिक धारणा प्रस्तुत गरी पठनशीलता परीक्षण प्रक्रियाको चर्चा गरेका छन् । अध्ययनमा कुनै पनि कक्षा वा तहका निम्ति निर्धारित गरिएको पाठ्यपुस्तक पठनपाठनका दृष्टिले के कति उपयोगी छ र त्यो विद्यार्थीका लागि के कतिको बोधगम्य छ भनेर पहिचान गर्नका निम्ति गरिने व्यवस्थित किसिमको अध्ययन वा जाँच पठनशीलता हो भन्ने कुरा पुष्टि गरिएको छ । उक्त पुस्तकमा पठनशीलता परीक्षणको स्रोतका रूपमा पाठ्यपुस्तक अध्ययन गर्ने विद्यार्थी, अध्यापन गर्ने

शिक्षक, विद्यार्थीहरूका अभिभावक तथा सम्बन्धित पुस्तक निर्माणमा विशेष भूमिका खेल्ने शिक्षाविद् र विषयविज्ञलाई लिइएको छ। यस पाठ्यपुस्तकमा पठनशीलताको सैद्धान्तिक कुराको चर्चा गरिएको छ । शर्मा र पौडेलले गरेको पठनशीलताको सैद्धान्तिक चर्चाले प्रस्तुत शोधप्रबन्धको अक्षर संरचना र वाक्य संरचनाका लागि सैद्धान्तिक आधार तयार पारेको छ ।

नेपालको शैक्षिक इतिहास लामो भए पनि पाठ्यक्रम पाठ्यपुस्तकको प्रयोग अलि पछि मात्र भएको पाइन्छ। वि.सं १९५८ मा जयपृथ्वीबहादुर सिंहद्वारा लिखित *अक्षराङ्क शिक्षा* नै पहिलो नेपाली पाठ्यपुस्तकको रूपमा रहेको देखिन्छ । वि.सं २०२८ पश्चात् पाठ्यक्रम र पाठ्यपुस्तकलाई विविध सन्दर्भ र दृष्टिकोणबाट वैज्ञानिक ढङ्गले पुनरावलोकन तथा परिमार्जन गरी नवीन चिन्तनका साथ पाठ्यपुस्तक लेख्ने लेखाउने कामका साथै पाठ्यक्रमको मूल्याङ्कन, पाठ्यपुस्तक र पाठ्यवस्तुको विश्लेषण एवम् शब्दभण्डार र बोधगम्यताका दृष्टिले अध्ययन गर्ने थालनी भएको देखिन्छ। पाठ्यपुस्तक अध्ययनका क्रममा त्रिवि. शिक्षा विकास तथा अनुसन्धान केन्द्रद्वारा शिक्षालाई उपयोगी बनाउने कारक तत्त्वहरू (२०४४) नामक अध्ययन प्रतिवेदनमा विद्यालयस्तरीय पाठ्यपुस्तकहरूको विश्लेषणात्मक मूल्याङ्कन गर्ने काम भएको पाइन्छ (पौडेल, २०६६, पृ. ४५-४६) । यसमा प्राथमिक तहदेखि माध्यमिक तहसम्मका पाठ्यक्रम र केही विषयका पाठ्यपुस्तकहरूको समयानुकूल विश्लेषण गरिएको छ।

## व्यावहारिक कार्यको पुनरावलोकन

पठनशीलताको सिद्धान्त र पठनशीलताका विभिन्न सूत्रहरूको उपयोग गरी गरिएका शोधकार्य तथा अनुसन्धनात्मक लेखहरूको पुनरावलोकन निम्नानुसार गरिएको छ :

### *शोधकार्यको समीक्षा*

आचार्य (२०६२) द्वारा कक्षा नौको नेपाली किताबको पठनीयता अध्ययन गर्न भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता, क्षेत्रीयताजस्ता आधारलाई लिइएको छ। उक्त अध्ययनलाई कक्षा नौको पाठ्यपुस्तकमा सीमित गरी काठमाडौ, चितवन, नवलपरासी र तनहुँ जिल्लाका एक सय दशदेखि एक सय तिस जना विद्यार्थीहरूलाई समेटिएको छ। अध्ययनमा पुस्तकालय कार्य, स्थलगत अध्ययन विधि, अन्तर्वार्ता र प्रश्नावलीबाट नमुना तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । उक्त अध्ययनमा कक्षा नौको पाठ्यपुस्तक भाषा, लिङ्ग, क्षेत्र र स्थानीयताका आधारमा पठनीय नभएको निष्कर्ष प्रस्तुत गरिएको छ । आचार्यको उक्त अध्ययन पाठकको पृष्ठभूमिमा बढी केन्द्रित छ तापनि यस अध्ययनमा गरिने अक्षर संरचना, वाक्य संरचना र

विद्यार्थीको पठनयोग्यताका आधारमा पाठ्यपुस्तकको पठनशीलताको निर्धारणमा सिद्धान्त र यसको प्रयोगका दृष्टिले यो सामग्री महत्त्वपूर्ण रहेको छ ।

फुयाँल २०६२) द्वारा पाठ्यक्रमअनुरूपताका आधारमा हाम्रो नेपाली किताबको विश्लेषण गरिएको छ । उक्त अध्ययनमा भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताका आधारमा विश्लेषण गर्ने, पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पहिल्याउने र सुझाव प्रस्तुत गर्ने जस्ता उद्देश्य निर्धारण गरी अध्ययन गरिएको छ । उक्त अध्ययनलाई कक्षा आठको पाठ्यपुस्तकमा सीमित गरी पुस्तकालय कार्य र क्षेत्रीय सामग्री सङ्कलन विधिलाई मुख्य रूपमा प्रयोग गरी सामग्री सङ्कलन गर्ने कार्य गरी शोधमा पाठ्यक्रमअनुरूप पाठ्पुस्तकका बाह्य र आन्तरिक आधारहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनमा पाठ्यपुस्तकमा विधाहरूको रखाइक्रम नमिलेको, पाठ्यपुस्तक सिपपरकभन्दा विषयवस्तु प्रधान भएको, विषय क्षेत्र र क्रम नमिलेकाले पठनशीलतामा गम्भीर असर पुगेको चर्चा गरिएको छ । फुयाँलको यो अध्ययनमा पाठ्यपुस्तकको पठनशीलताको अध्ययन पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा गरिए तापनि यस शोधप्रबन्धमा गरिने अक्षर संरचना र वाक्य संरचनाका आधारमा पठनशीलताको अध्ययनका लागि सिद्धान्त र प्रयोगका लागि यो सामग्री उपयोगी रहेको छ ।

शिवाकोटी (२०६२) द्वारा कक्षा चारको मेरो नेपाली किताबको पाठ्यक्रमअनुरूपताका साथै पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त अध्ययनमा पाठ्यक्रम, पाठ्यक्रमका उद्देश्य र पाठ्यपुस्तकका विशेषताअनुरूप पाठ्यपुस्तक छ, छैन भन्ने कुरा समस्याको रूपमा लिई पाठ्यक्रमअनुरूपताका आधारमा कक्षा चारको मेरो नेपाली किताबको आन्तरिक र बाह्य आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । उक्त अध्ययनमा मुख्य रूपमा पुस्तकालय कार्यको प्रयोग गरिएको छ भने कक्षा चारको मेरो नेपाली किताबमा मात्र उक्त अध्ययनलाई सीमित गरिएको छ । उक्त अध्ययनले केही पाठ तथा अभ्यासहरूमा परिवेशगत तालमेल नमिलेकाले पठनशीलताको गुणस्तरमा प्रभाव पारेको चर्चा गरेको छ । शिवाकोटीले गरेको पठनशीलतासम्बन्धी यो अध्ययन पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताको आधार भए तापनि पठनशीलतासम्बन्धी सिद्धान्त र प्रयोगका लागि यो सहयोगी सामग्री बनेको छ ।

पौडेल (२०६६) द्वारा माध्यमिक तहका पाठ्यपुस्तकको पठनीयताको अध्ययन गरिएको छ । अध्ययनमा पठनीयताका मापदण्ड स्थापित गर्ने, पाठ्यपुस्तकको पठनीयता स्तर

पहिल्याउने र पठनीयता पक्षको सुधारका लागि उपायहरू सुझाउनेजस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा पठनीयताका हिसाबले पाठ्यपुस्तक निर्माणमा लेखक, विद्यार्थी, शिक्षक र प्रकाशकको अन्तरक्रिया र सहकार्यबाट मात्र पठनीयताको स्तरअनुकूल पाठ्यपुस्तक तयार हुन सक्ने तर माध्यमिक तहका नेपाली पाठ्यपुस्तक सो अनुकूल तयार नगरिएको, पाठ्यपुस्तक लेखन र निर्माण तथा सम्पादनमा पाठ्यपुस्तक लेखनको सिद्धान्तलाई अबलम्बन नगरिएको, पाठ्यपुस्तक निर्माण गर्दा भाषिक प्रतिनिधित्व गराई व्यक्तिबाट भन्दा समूहबाट पाठ्यपुस्तक निर्माण गर्न लगाउनुपर्नेमा सो नभएको, समाविष्ट पाठहरूका बिचमा स्तर नमिलेको, पाठ्यपुस्तक विद्यार्थीको स्तरअनुरूप बन्न नसकेको, पाठ्यपुस्तक प्राविधिक दृष्टिले पनि पठनीयताका स्तरमा पुग्न नसकेकोजस्ता निष्कर्षहरू प्रस्तुत गरिएको छ । पौडेलको यस अध्ययनले पठनशीलताको स्तर अध्ययन गर्न पाठ्यसामग्रीमा प्रयोग भएका शब्दको आवृत्ति, वाक्यको संरचना र प्रयोगकर्ताको विचारलाई आधार बनाइएको छ तापनि यस शोधप्रबन्धमा गरिने अक्षर संरचना, वाक्य संरचना र विद्यार्थीको पठन योग्यताको आधारमा गरिने पाठ्यपुस्तकको पठनशीलताको अध्ययनमा सिद्धान्त र त्यसको प्रयोगका लागि यो सामग्री महत्त्वपूर्ण रहेको छ ।

जोशी (२०७२) ले कक्षा आठको नेपाली पाठ्यपुस्तकको पठनीयताको बारेमा चर्चा गरेका छन् । अध्ययनमा पठनीयताका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्ने, पठनीयताका दृष्टिले पाठ्यपुस्तकमा रहेका समस्याहरू पहिल्याउने र पठनीयतासम्बन्धी समस्याहरूको सुधारका लागि अवलम्बन गर्न सकिने उपायहरू सुझाउनेजस्ता उद्देश्यहरू निर्धारण गरी सर्वेक्षण विधिबाट अध्ययन कार्य गरिएको छ । यस अध्ययनबाट कक्षा आठको पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुले विविध क्षेत्रलाई समेटे पनि त्यसको उचित सङ्गठन, पाठ्यसामग्रीको क्रमबद्धता, पाठ्यवस्तुको प्रकृतिअनुसार सुहाउँदो विषयवस्तुको प्रस्तुति, शब्दभण्डारको उपयुक्त स्तरण र उपयुक्त वाक्यढाँचाका दृष्टिले पाठ्यपुस्तकको पठनशीलता कमजोर रहेको निष्कर्ष निकालिएको छ । जोशीको यो अध्ययन मूलतः विषयवस्तुको प्रस्तुति, शब्दभण्डार र वाक्य ढाँचामा केन्द्रित छ । तापनि यस शोधप्रबन्धमा पठनशीलताको सिद्धान्त र यसको प्रयोगका लागि यो सामग्री उपयोगी रहेको छ ।

***अनुसन्धानात्मक लेखको समीक्षा***

कुदा, मुफ्लिन र सर्दिया (सन् २०२०) द्वारा जोर्डनका एघार कक्षाका विद्यार्थीहरूको कम्प्युटर विज्ञानको पठनशीलता परीक्षण गरिएको छ । यसमा क्रस सेक्सनल र वर्णनात्मक

विधिको उपयोग गरिएको छ । अध्ययनमा अल मफ्राक शिक्षा निर्देशनालयका एघार कक्षाका विद्यार्थीहरूलाई सहभागी गराइएको छ । उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी दुईओटा सार्वजनिक विद्यालयका एक सय बाइस जना छात्रछात्रालाई छनोट गरिएको छ । यादृच्छिक नमुना छनोटका आधारमा तीनओटा पाठलाई छनोट गरी सामग्रीको प्रमाणीकरण गरिसकेपछि क्लोज परीक्षणको प्रयोग गरी अध्ययन गरिएको छ । अध्ययनबाट पाठ्यपुस्तकको पठनशीलताको स्वतन्त्रताको तह अठचालिस दशमलव नौ प्रतिशत, नियन्त्रित तह पैँतिस दशमलव एक प्रतिशत र शैक्षिक तह सोर दशमलव एक प्रतिशत पत्ता लागेको छ । अध्ययनबाट पुस्तक पठनयोग्य देखिए पनि यो छात्रामैत्री रहेको निष्कर्ष छ । कुदा, मुफ्लिन र सर्दियाको उक्त पठनशीलताको अध्ययन क्लोज प्रविधिको प्रयोग गरी विद्यार्थीको पठनयोग्यताको आधारमा पठनशीलताको स्तर निर्धारण गर्ने कुरामा केन्द्रित छ । प्रस्तुत शोधप्रबन्धमा पनि अक्षर संरचना र वाक्य संरचनाका साथै क्लोज प्रविधिको प्रयोग गरी विद्यार्थीको पठन योग्यताका आधारमा पठनशीलताको स्तर निर्धारण गरिएकाले यो सामग्री सिद्धान्त र प्रयोगका दृष्टिले मार्गदर्शक बनेको छ ।

अबु (सन् २०२०) द्वारा जोर्डनमा प्रयोग भएका अङ्ग्रेजी पाठ्यपुस्तकको पठनशीलता अध्ययन गरिएको छ । यस अध्ययनले कक्षा बाह्रको अङ्ग्रेजी पाठ्यपुस्तकको पठनशीलताको तहको स्तर अध्ययन मूल्याङ्कन गर्नुका साथै उक्त पाठ्यपुस्तक कक्षा बाह्रका विद्यार्थीका लागि भाषिक रूपमा उपयोगी छ कि छैन भनेर अध्ययन गर्न फ्राई ग्राफको उपयोग गरी गुणात्मक अनुसन्धान गरेको छ । अध्ययनमा नमुनाका रूपमा छत्तिसओटा पाठहरूमध्ये यादृच्छिक नमुना छनोटका आधारमा बिसओटा पाठ छनोट गरिएको छ । अध्ययनबाट असी प्रतिशत पाठहरू कक्षा बाह्रका विद्यार्थीको स्तरभन्दा कम, पन्ध्र प्रतिशत पाठहरू अमान्य र पाँच प्रतिशत पाठहरू कक्षाका विद्यार्थीका तहअनुरूप भएको निष्कर्ष प्राप्त भएको छ । शिक्षण सिकाइ प्रक्रियामा पाठ्यपुस्तकको महत्त्वका कारण तिनीहरूलाई स्थायी रूपमा संशोधन गर्न आवश्यक हुन्छ । अबुको उक्त अध्ययनमा फ्राई ग्राफको उपयोग गरी पठनशीलता निर्धारण गरिएको छ तापनि प्रस्तुत शोधप्रबन्धमा गरिने फ्लेस्क रिडिङ इज फर्मुलाको प्रयोगबाट पठनशीताको अध्ययनका लागि सिद्धान्त र त्यसको प्रयोगमा यो सामग्री मार्गदर्शक बनेको छ ।

हिड्याटिल र जेनिल (सन् २०२०) ले अङ्ग्रेजी भाषा शिक्षणमा प्रयोग भएको पाठ्यपुस्तकको पठनशीलता अध्ययन गरेका छन् । अध्ययनबाट अधिकांश विद्यार्थीहरूले सिमान्टिक र प्राग्माटिक विषयमा कम अङ्क प्राप्त हुनुको कारण पाठ्यपुस्तक कठिन भएको

गुनासो गरेको  पाइएको छ । विद्यार्थीहरूको नराम्रो अङ्क र पाठ्यपुस्तकको पठनशीलताको स्तरबिच सहसम्बन्ध रहेको हुन्छ । पठनशीलता र पढाइ सिपहरू शिक्षा प्राप्तिका लागि महत्त्वपूर्ण रहेका हुन्छन् । त्यसकारण पठनशीलता पाठ्यपुस्तकको स्तरलाई प्रभाव पार्ने कारक र पाठ्यपुस्तक प्रयोग गर्ने उत्तम तरिकालाई मापन गर्न यो अध्ययन महत्त्वपूर्ण रहेको छ । यो परिमाणात्मक र वर्णनात्मक अनुसन्धान हो । यसमा यादृच्छिक नमुना छनोटका आधारमा एकाइ नौ, दश र एघार तीनओटा एकाइहरूबाट तीन पृष्ठ नमुनाका रूपमा लिइएको छ । अध्ययनमा लिखित प्रश्नावली, अनलाइन पठनशीलता मापन वेभसाइट र अन्तर्वार्ताका क्रममा तयार पारेका टिपोटहरूको प्रयोग गरिएको छ । अध्ययनले पठनशीलताको स्तर कठिन देखाएको छ । पठनशीलताको स्तर निर्धारणमा सबैभन्दा बढी प्रभाव पार्ने तत्त्व रुचि र शब्दावलीको कठिनाइ रहेको देखिन्छ तथा पाठ्यपुस्तक प्रयोग गर्ने उत्तम तरिका एकल पाठ्यपुस्तकको प्रयोग र प्रत्येक पृष्ठमा टिपोट गर्ने व्याख्यानका क्रममा प्रस्तुत गर्नु हो भन्ने निष्कर्ष रहेको छ । हिड्याटिल र जेनिलको पठनशीलतासम्बन्धी उक्त अध्ययन मूलतः पाठकको रुचि, शब्दावलीको कठिनाइ र शैली पक्षमा केन्द्रित छ तापनि अक्षर संरचना, वाक्य संरचना र पाठकको योग्यताका आधारमा गरिने पठनशीलताको स्तरको अध्ययनका लागि सिद्धान्त र त्यसको प्रयोगमा यो सामग्री उपयोगी छ ।

सेयदा, एस्रा र ह्यातुन (सन् २०२०) ले कक्षा नौको जीवविज्ञान पाठ्यपुस्तकको पठनशीलता अध्ययन गरेका छन् । अध्ययनको उद्देश्य शैक्षिक सत्र सन् २०१७/२०१८ को कक्षा नौको पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्नु रहेको छ । यो गुणात्मक र वर्णनात्मक अनुसन्धान पाठविश्लेषण पद्धतिमा आधारित छ । पठनशीलताको स्तर निर्धारणका लागि शिक्षा मन्त्रालयले शैक्षिक सत्र सन् २०१७/२०१८ का लागि प्रयोग गर्ने सुझाव दिएको कक्षा नौको जीवविज्ञान किताबका तेत्तिस पाठहरूमध्ये यादृच्छिक नमुना छनोटका आधारमा तीनओटा पाठ छनोट गरिएको छ । पठनशीलताको स्तर निर्धारणका लागि अट्मान रिडयाबिलिटी फर्मुलाको प्रयोग गरिएको छ । अध्ययनबाट सामान्यतः जीवविज्ञानका पाठहरू कठिन रहेको निष्कर्ष प्राप्त भएको छ । सेयदा, एस्रा र ह्यातुनको पठनशीलतासम्बन्धी उक्त अध्ययनमा अट्मान रिड्याबिलिटी फर्मुलाको प्रयोग गरिएको छ तापनि फ्लेस्क रिडिङ इज फर्मुलाको प्रयोग गरी गरिएको यस अध्ययनका लागि सिद्धान्त र त्यसको प्रयोगका लागि यो सामग्री मार्गदर्शक रहेको छ ।

सलिहा, सहिरुद्दिन र डेगङ (सन् २०२०) ले कक्षा एघार र बाह्रको अङ्ग्रेजी पाठ्यपुस्तकको पाठको पठनशीलता अध्ययन विश्लेषण गरेका छन् । यसमा एडोल्फ फ्लेस्क (सन् १९४८) को फ्लेस्क किनसायड ग्रेड लेभल सूत्रको प्रयोग गरी परिमाणात्मक अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य कक्षा एघार र बाह्रको अङ्ग्रेजी पाठ्यपुस्तकको पठनशीलता निर्धारण गर्नु रहेको छ । पठनका लागि कक्षा एघारबाट पाँचओटा र कक्षा बाह्रबाट पाँचओटा पाठहरू यादृच्छिक नुमना छनोट पद्धतिका आधारमा छनोट गरिएको छ । अध्ययनबाट पाठ्यवस्तु निकै सजिलो रहेकाले उच्च माध्यमिक तहका लागि कक्षा एघारको पाठ्यपुस्तक उपयुक्त नभएको र कक्षा बाह्रको पाठ्यपुस्तक उपयुक्त रहेको निष्कर्ष प्राप्त भएको छ । सलिहा, सहिरुद्दिन र डेगडको उक्त कक्षा एघार र बाह्रको अङ्ग्रेजी पाठ्यपुस्तकको पठनशीलता सम्बन्धी अध्ययनमा फ्लेस्क (१९४८) को किनसायड ग्रेड लेभल सूत्रको प्रयोग गरिएको छ भने प्रस्तुत शोधप्रबन्धमा फ्लेस्ककै रिडिङ इज फर्मुलाको प्रयोग गरी कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तरको अध्ययन गरिएको छ । त्यसैले यो सामग्री प्रस्तुत अध्ययनका लागि सिद्धान्त र त्यसको प्रयोगमा मार्गदर्शक बनेको छ ।

सुल्तान, रामी र सुरादी (सन् २०२०) ले लिङ्ग, पठन रुचि र सामाजिक आर्थिक आधारमा पठन क्षमता कमजोर भएका विद्यार्थीको पठनीय क्षमताको अध्ययन गरेका छन् । परिमाणात्मक सर्वेक्षणात्मक ढाँचाको उक्त अनुसन्धानमा इन्डोनेसियाका दुई सय सन्ताउन्न जनाबाट प्रश्नावली र क्लोज परीक्षाको माध्यमबाट सामग्री सङ्कलन गरिएको छ । सबै अनुसन्धानका चरहरूमा पठनशीलताको स्तर निराशाजनक देखिएको छ । छात्रा, पढ्ने रुचि उच्च भएका विद्यार्थी, शिक्षित आमा भएका विद्यार्थी र अभिभावकको आम्दानी सत्तरी लाखभन्दा बढी भएका विद्यार्थीहरूमा पठनशीलताको स्तर उच्च देखिएको छ । अध्ययनले पाठ्यपुस्तक लेखक र निर्माताहरूलाई पाठ्यपुस्तक लेखनका क्रममा विद्यार्थीहरूको व्यक्तिगत रुचि र परिवारको सामाजिक आर्थिक स्तरलाई ख्याल गर्न सुझाव दिएको छ। उक्त अध्ययनमा विद्यार्थीको पठनशीलताको स्तरको अध्ययन गरिएको छ तसर्थ प्रस्तुत शोधमा पाठ्यपुस्तकको पठनशीलताको स्तर अध्ययन गरिने भएकाले पठनशीलताको स्तर निर्धारणमा सहयोग पुग्ने देखिएको छ ।

गुल (सन् २०२१) ले कक्षा छको विज्ञान पाठ्यपुस्तकको जीवविज्ञान एकाइहरूको पठनशीलताको स्तरको अध्ययन गरेका छन् । गुणात्मक ढाँचाको उक्त अध्ययनमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । अध्ययनका लागि बाइसओटा पाठहरूलाई यादृच्छिक नमुना

छनोट पद्धतिका आधारमा र पाठहरूको सिकाइ उपलब्धिका आधारमा छनोट गरिएको छ । पठनशीलताको स्तर निर्धारण गर्न एटेस्म्यान पठनशीलता सूत्रको प्रयोग गरिएको छ । अध्ययनबाट पाठ्यपुस्तकको एकाइ दुईको पठनशीलताको स्तर मध्यम खालको र एकाइ छको पाठको कठिनाइ स्तर कठिन पाइएको छ । अध्ययनले पाठ्यपुस्तकहरू विद्यार्थीको स्तरअनुसार तयार पार्नुका साथै सरल र छोटा वाक्यहरू समावेश भएका पाठहरू छनोट गर्नुपर्ने सुझाव दिएको छ । उक्त अध्ययनमा पाठ्यपुस्तकको पठनशीलताको स्तर शब्द र वाक्यका आधारमा गरिएकाले प्रस्तुत शोधप्रबन्धमा पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारणमा सहयोगी देखिएको छ ।

चारुनिसा (सन् २०२१) द्वारा सिनियर हाइस्कुलको कक्षा बाह्रका लागि शिक्षा तथा संस्कृति मन्त्रालयद्वारा प्रकाशित बहासा इन्ग्रिस पाठ्यपुस्तकको पठनशीलताको स्तर र कठिनाइको स्तरको अध्ययन गरिएको छ । गुणात्मक ढाँचाको उक्त अनुसन्धानमा तथ्याङ्क विश्लेषण गर्न फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरिएको छ । अनुसन्धानबाट पाठ्यपुस्तकमा एकदमै सजिलो, सामान्य, एकदमै कठिन, कठिन र धेरै कठिन गरी पाँच प्रकारका पठनशीलताको स्तर पाइएको छ । अनुसन्धानबाट पाँचओटा पाठ कक्षा सातका लागि, एउटा पाठ दशदेखि बाह्र कक्षाका लागि, एउटा पाठ एकदमै कठिन र चारओटा पाठ कठिन स्तरका र दुईओटा पाठ कलेज स्तरका लागि उपयुक्त देखिएका छन् । अध्ययनबाट कक्षा बाह्रको उक्त पाठ्यपुस्तक एकदमै कठिन, कठिन र धेरै कठिन गरी तीनओटा कठिनाइ स्तरको देखिएको छ । पाठहरू कठिन हुनुको कारण पाठमा कठिन शब्दको प्रयोग र धेरै लामा लामा वाक्यको प्रयोग रहेको अध्ययनको निष्कर्ष छ । उक्त अध्ययनबाट फ्लेस्क रिडिङ इज सूत्रको प्रयोगमा प्रस्तुत अध्ययनलाई सहयोग पुग्ने देखिन्छ ।

ज्याङ (सन् २०२२) ले कलेज स्तरको अङ्ग्रेजी पाठ्यपुस्तक र परीक्षामा सोधिएका प्रश्नहरूमा समाविष्ट गद्यांशहरूको पठनशीलता अध्ययन गरेका छन् । पाठ्यपुस्तक शिक्षण सिकाइ गतिविधिमा प्रयोग हुने महत्त्वपूर्ण सामग्री हो । यसको पठनशीलता अध्ययन गर्न आवश्यक ठानेर गरिएको उक्त अध्ययनबाट नयाँ अङ्ग्रेजी पाठ्यपुस्तकको भोल्युम तीन र चारका पाठहरू र ६ जुलाई २०२० देखि ६ जुन २०२२ सम्म सोधिएका अङ्ग्रेजी प्रश्नपत्रको पठनशीलताको अध्ययन गरिएको छ । अध्ययनमा फ्लेस्क रिडिङ इज सूत्र र अन्य पाँचओटा सामान्य सूत्रहरूको प्रयोग गरिएको छ । अध्ययनबाट पाठ्यपुस्तकका दुई भोल्युम र प्रश्नपत्रको पठनशीलता अध्ययन गरी तिनीहरूबिचको भिन्नता पत्ता लगाउनुका साथै पाठ्यपुस्तक प्रयोग

गर्ने शिक्षकहरूलाई सुझाव प्राप्त भएको छ । फ्लेस्क रिडिङ सूत्रको प्रयोग गरी पठनशीलता पत्ता लगाइएको उक्त अध्ययन प्रस्तुत शोधप्रबन्धमा सूत्र प्रयोगका निम्ति मार्गदर्शन बनेको छ।

इस्तिखोमा, स्याफेई र नुरासिङ्स (सन् २०२३) ले पाथ वे टु इङ्लिसका पाठको पठनशीलताको स्तर पत्ता लगाउन सिनियर हाई स्कुलको सन् २०१७ को संस्करणको अध्ययन गरेका छन् । लिखित डकुमेन्ट र शिक्षकहरूबाट सामग्री सङ्कलन गरिएको छ । परिमाणात्मक वर्णनात्मक ढाँचाको उक्त अनुसन्धानमा फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरिएको छ । अध्ययनबाट पाठ्यपुस्तकका जम्मा बिस पाठमध्ये सत्र पाठ कक्षा एघारका विद्यार्थीका लागि पठनीय देखिन्छन् भने दुईओटा पाठ तेह्रौं र सोह्रौं कक्षाका लागि र एउटा पाठ कलेज तहका लागि उपयुक्त रहेको देखिन्छ । अध्ययनबाट पठनशीलताको अङ्क बैसट्ठी दशमलव आठ आठ प्राप्त भएको छ जुन कक्षा दशदेखि बाह्रसम्मका विद्यार्थीका लागि उपयुक्त स्तरको देखिन्छ । उक्त अध्ययनमा फ्लेक्स रिडिङ इज सूत्रको प्रयोग गरिएकाले यस शोधप्रबन्धमा सूत्र प्रयोगका लागि सहयोगी देखिन्छ ।

**नीतिगत कार्यको पुनरावलोकन**

शिक्षाका उद्देश्य तथा पाठ्यक्रमका अपेक्षा पूरा गर्न पाठ्यपुस्तक अनिवार्य सामग्री हो । तसर्थ पाठ्यपुस्तकको विकासले शिक्षा प्रणालीमा महत्त्वपूर्ण भूमिका खेल्दछ । नेपाली भाषापाठ्यपुस्तक लेखनको सुरुवात वि. सं. १९४० देखि भए तापनि विद्यालयमा पठनपाठन गर्ने सामग्रीका रुपमा भने जयपृथ्वीबहादुर सिंहको *अक्षराङ्क शिक्षा* (१९५८) नै पहिलो पुस्तक मानिन्छ (शर्मा र पौडेल, २०६८, पृ. १७०-७१) । २०२० सालसम्म पाठ्यपुस्तक लेखन व्यक्तिगत प्रयासमा लेख्ने गरेको पाइन्छ । २०२० सालपछि शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा सामग्री केन्द्रबाट पाठ्यपुस्तक प्रकाशन गर्न थालिएको देखिन्छ । त्यसपछि २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि मात्र विद्यालय तहका पाठ्यपुस्तकहरू भाषाशिक्षणको मर्म र उद्देश्यअनुरूप तयार भएको पाइन्छ । हाल पाठ्यपुस्तक विकास तथा परिमार्जन नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले गर्ने गरेको छ ।

विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम एवम् पाठ्यपुस्तक निरन्तर विकास तथा परिमार्जन गर्ने गरेको देखिन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका

सिद्धान्त तथा विद्यालय शिक्षाको मार्गचित्रमा आधारित भई कक्षा नौको पाठ्यक्रम तयार पारिएको छ । सोही पाठ्यक्रमलाई मुख्य आधार बनाई पाठ्यपुस्तकको लेखन कार्य गर्ने गरिएको छ ।

नेपाली भाषा सरकारी कामकाजको भाषा, शैक्षणिक क्रियाकलाप, सामाजिक सांस्कृतिक व्यवहार, अन्तरभाषिक व्यवहार, सञ्चार, प्रशासन, प्रविधि तथा मौखिक लिखित व्यवहारको प्रमुख माध्यमका रूपमा रहेको छ । तसर्थ नेपाली भाषाका माध्यमबाट विद्यार्थीहरूमा सिकाइ क्षमता अभिवृद्धि गर्ने र मौखिक लिखित रूपमा यसको सम्प्रेषण क्षमताको विकास गर्नुपर्ने देखिन्छ । नेपाली भाषाशिक्षणलाई व्यावहारिक बनाउन पाठ्यक्रममा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९-१०), २०७९, पृ. २१) । पाठ्यक्रममा नेपाली भाषाको अध्ययनपश्चात् विद्यार्थीहरूले हासिल गर्नुपर्ने सक्षमतामा पठनलाई महत्त्वका साथ राखिएको छ । पाठ्यक्रममा लिखित सामग्रीलाई गति, यति, लय, हाउभाउ मिलाई शुद्ध र स्पष्टसँग सन्दर्भ र संवेग मिलाई पढ्न सक्ने अपेक्षा राखिएको छ । त्यसैगरी निर्धारित पाठ पढी सन्दर्भ र परिवेशमा आधारित भई प्रश्नोत्तर गर्न, मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्नुका साथै पाठ पढी विषयवस्तुको सन्देश बोध गर्न, व्याख्या विश्लेषण गर्न र व्यावहारिक लेखनका विषयवस्तु ढाँचा बोध गर्न सक्ने अपेक्षा पाठ्यक्रमले गरेको छ । पाठमा व्यक्त भएका सामाजिक र सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन, अनुमान, निष्कर्ष, सारांश, सन्देश र संश्लेषण व्यक्त गर्न सक्ने गरी पढ्न सक्ने क्षमताको विकास गर्नुपर्ने कुरा पनि पाठ्यक्रममा समावेश गरिएको छ । समाचार माध्यमका समाचार बोध गर्न सक्ने गरी पढ्न र पाठमा प्रयुक्त मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने बनाउने अपेक्षा कक्षा नौको पाठ्यक्रमले राखेको छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९-१०), २०७९, पृ. २५-२६) । उक्त पाठ्यक्रमलाई मार्गदर्शनका रूपमा लिई पाठ्यपुस्तकको विकास, अद्यावधिक तथा परिमार्जन र परिवर्तन गर्न सकिने व्यवस्था पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका २०७९ ले गरेको छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठ्यसामग्रीलाई विषयवस्तुगत वैधता प्रदान गर्न नेपाली भाषा विषय समितिको गठन गरिने व्यवस्था पनि रहेको देखिन्छ (पृ.१९-२१) । उपर्युक्त विभिन्न प्रावधानअनुरूप पाठ्यपुस्तक विकास तथा वितरण गर्ने गरिएको देखिन्छ ।

अतः पाठ्यपुस्तक विकास तथा लेखनमा पठनशीलताका सिद्धान्तलाई कहीँ न कहीँ प्रत्यक्ष वा परोक्ष रूपमा अवलम्बन गर्ने नीति लिएको देखिन्छ ।

**शोधको अन्तराल**

पठनशीलतासम्बन्धी केही पूर्वकार्यहरू भएको पाइन्छ । उक्त पूर्वकार्यहरू पठनशीलताको सैद्धान्तिक आधार निर्माण गर्न र पत्रपत्रिका तथा अन्य विषयका पाठ्यपुस्तकका पठनशीलता अध्ययनमा मात्र केन्द्रित भएकाले नेपाली भाषा पाठ्यपुस्तकको पठनशीलतासम्बन्धी शोधकार्य सीमित रूपमा भएको देखिन्छ । पठनशीलताको अध्ययनले पाठ्यक्रममा सुधार ल्याउन, गुणस्तरीय एवम् पठनीय पाठ्यपुस्तक निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । पठनशीलतासम्बन्धी हालसम्मका अध्ययनहरू शब्दवर्गको अध्ययन पाठ्यपुस्तकको स्वरूप, शब्दको आवृत्ति र पठनशीलताको सिद्धान्त निर्माणमा बढी केन्द्रित देखिन्छन् । नेपाली पाठ्यपुस्तकको अक्षर संरचना, वाक्य संरचना र पठनशीलतासम्बन्धी फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरेर शोधकार्य हुन सकेको देखिँदैन । तसर्थ उक्त रिक्ततालाई पूर्ति गर्न यस शोधप्रबन्धमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकको पठनशीलताको स्तरको अध्ययनका लागि गद्य विधाका पाठहरूको छनोट गरी अक्षरसंचरना र वाक्यसंरचना दृष्टिले शोध कार्य गरिएको छ । शोध कार्य गरी पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्न फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरिएको छ भने विद्यार्थीहरूको पठनयोग्यताका आधारमा पठनशीलताको स्तर निर्धारण गर्न क्लोज प्रविधिअनुसार प्रश्न निर्माण गर्नुका साथै खुला प्रश्नावलीको निर्माण गरेर अध्ययन गरिएको छ । यसर्थ यसपूर्व गरिएका अध्ययन र प्रस्तुत अध्ययनका बिचमा शोधअन्तराल रहेको देखिन्छ ।

**अध्याय सारांश**

यस अध्यायमा प्रस्तुत शोधलाई सार्थक र उपयोगी बनाउन तथा यसको औचित्य पुष्टि गर्न पठनशीलतासम्बन्धी पूर्वअध्ययनको पुनरावलोकन गरिएको छ । जसअन्तर्गत पूर्वकार्यहरूको सैद्धान्तिक पुनरावलोकन, व्यावहारिक पुनरावलोकन र नीतिगत पुनरावलोकन कालक्रमिक रूपमा प्रस्तुत गर्नुका साथै शोधको अन्तराल पहिल्याउने कार्य गरिएको छ । सैद्धान्तिक पुनरावलोकनअन्तर्गत पठनशीलताको सैद्धान्तिक आधार तयार पार्न गरिएका अध्ययनहरूको पुनरावलोकन गरिएको छ जसले प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ । व्यावहारिक पुनरावलोकनअन्तर्गत पठनशीलताका सिद्धान्त तथा

सूत्रहरूको प्रयोग गरी गरिएका शोधकार्य तथा अनुसन्धानमूलक लेखको पुनरावलोकन गरिएको छ जसले प्रस्तुत शोध कार्यको मार्गदर्शन तयार पार्न सहयोग पुऱ्याएको छ । त्यसैगरी नीतिगत पुनरावलोकनअन्तर्गत पाठ्यपुस्तक लेखनका क्रममा पठनशीलतालाई ख्याल गर्नुपर्ने कुराको नीतिगत व्यवस्थाका बारेमा अध्ययन गरिएको छ । उक्त सैद्धान्तिक, व्यावहारिक तथा नीतिगत पुनरावलोकनबाट शोध्य विषय र पूर्वकार्यहरू बिचको अन्तराल पहिचान गरी शोधको समस्या नवीन र उपयोगी भएको निष्कर्ष निकालिएको छ । जसबाट शोधको अन्तराल स्पष्ट भएको छ । साथै सैद्धान्तिक आधारअन्तर्गत पठनशीलताको परिचय र परिभाषा, पठनशीलतामा प्रभाव पार्ने तत्त्वहरू, पठनशीलता मापनका सूत्रहरूको विकास, फ्लेस्क रिडिङ इज सूत्रको परिचय र प्रयोग गर्ने तरिका, क्लोज प्रविधिको परिचय, क्लोज प्रश्न निर्माण प्रक्रियाका बारेमा चर्चा गरिएको छ । जसले प्रस्तुत शोधप्रबन्धका लागि सैद्धान्तिक आधार तयार पार्ने काम गरेका छन् ।

# अध्याय तीन
# शोध विधि

प्रस्तुत अध्यायमा शोधविधिअन्तर्गत शोधको दार्शनिक दृष्टिकोण, शोधको ढाँचा, सैद्धान्तिक आधार, नमुना छनोट, तथ्याङ्क सङ्कलनका उपकरण र तरिकाहरू, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्कको व्याख्या विश्लेषण, अध्ययनको विश्वसनीयता र नैतिक प्रतिबद्धता उल्लेख गरिएको छ ।

## शोधको दार्शनिक दृष्टिकोण

दर्शन भनेको ईश्वर, आत्मा र प्रकृतिसम्बन्धी गहन चिन्तन र ध्यान हो । हरेक व्यक्ति कुनै न कुनै रूपमा सत्यको खोजीमा लागिरहन्छन् । आफ्नो आदर्श मूल्य र उद्देश्यअनुसार विभिन्न धारणा र दृष्टिकोण बनाइरहन्छन् । त्यही जीवनप्रतिको सिलसिलाबद्ध दृष्टिकोण नै दर्शन हो । दर्शनको क्षेत्रलाई तत्त्वमीमांसा, ज्ञानमीमांसा, मूल्यमीमांसा र तर्कमा विभाजन गरेर हेर्न सकिन्छ । शोधप्रश्नको अध्ययनमा केन्द्रित रही गरिएको यो शोधकार्य गुणात्मक अनुसन्धान हो । प्रस्तुत शोधप्रबन्ध व्याख्यावादमा आधारित छ । यस शोधको तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसालाई यसप्रकार प्रस्तुत गरिएको छ :

### *तत्त्वमीमांसा*

सत्यलाई हेर्ने दृष्टिकोण नै तत्त्वमीमांसा हो । व्याख्यावादका अनुसार विचार, भावना अनि सामाजिक परिवेशअनुसार सत्य फरक फरक हुन्छ । समाजको स्थिति, मानिसका विचार र बुझाइ अनि फरक फरक संस्कृतिका फरक फरक प्रसङ्गजस्ता सूचनाहरू सङ्कलन गरेर कुन प्रसङ्गमा कसका लागि के सत्य हुन्छ भन्ने कुराको अध्ययन व्याख्यावादको ढाँचाको अध्ययनमा हुने भएकाले सत्य बहुल हुन्छ । प्रस्तुत अध्ययनबाट प्राप्त हुने निष्कर्ष पनि एउटै खालको नभई अवस्था र प्रसङ्गअनुसार विभिन्न खालको आउने भएकाले सत्य बहुल हुने कुरा यहाँ पनि लागु हुन जान्छ । व्याख्यावादअनुसार तत्त्वमीमांसा बहुल सत्यमा आधारित हुन्छ (लाउरा, सन् २०१३) । यस शोधको तत्त्वमीमांसा भाषा र भाषिक सिद्धान्तसँग सम्बद्ध पठन सिपमा आधारित छ । पठनशीलता भनेको पढाइसँग सम्बन्धित पक्ष हुनाले यसमा तत्त्वमीमांसाका रूपमा पढाइ, पढाइको स्तर तथा पाठसम्बन्धी अवधारणा आएको छ ।

### *ज्ञानमीमांसा*

ज्ञानलाई के कुराले प्रभाव पारेको छ र ज्ञानको स्रोत के हो भन्ने कुरा ज्ञानमीमांसा हो । व्याख्यावादमा ज्ञान अन्तरविषयगत हुन्छ (लाउरा, सन् २०१३) । ज्ञान भनेको मापन गर्न सकिने विषय होइन । ज्ञान कुराकानी छलफल, अन्तरक्रिया, सङ्कथनबाट जे प्राप्त हुन्छ त्यसलाई मानिन्छ भन्ने मान्यता व्याख्यावादको रहेको हुनाले यसले विषयगत ज्ञानलाई जोड दिन्छ । व्याख्यावादका अनुसार ज्ञानको निर्माण अन्तर्विषयात्मक रूपमा हुन्छ (टेलर र मेदिना, सन् २०१३, पृ.४) । यस अध्ययनमा पनि विद्यार्थीको अनुभव र उनीहरूको संस्कृतिअनुसार ज्ञान निर्माण हुने भएकाले प्रस्तुत शोधप्रबन्धबाट प्राप्त ज्ञान अन्तर्विषयात्मक हुने देखिन्छ । अनुसन्धाताले शिक्षक, विद्यार्थी, कक्षाकोठाको संस्कृति, विद्यालय र समुदायको संस्कृतिको जीवन्त अनुभवबाट ज्ञान निर्माण गर्दछ । व्याख्यावादका अनुसार सहभागीहरूले छलफल र अन्तर्क्रियाबाट ज्ञानको निर्माण गर्दछन् । सामाजिक र ऐतिहासिक रूपमा छलफल र अन्तर्क्रिया गरेर ज्ञानको निर्माण हुन्छ । व्याख्यावादमा व्यक्तिगत, सांस्कृतिक र ऐतिहासिक अनुभवबाट ज्ञान कसरी प्राप्त हुन्छ भनेर अनुसन्धाताले अध्ययन गर्दछ । ज्ञानको निर्माण जहिले पनि सामाजिक हुन्छ । यो मानव समुदाय भित्र वा बाहिरको अन्तर्क्रियाबाट निर्मित हुन्छ (क्रेसवेल, सन् २०१४, पृ. ३५-३६) । यस अध्ययनमा भाषा र भाषाका सिपहरू प्राप्त गर्ने ज्ञानको स्रोत वा ज्ञानमीमांसा पठन र पठनशीलताका सन्दर्भहरू हुन् । पठनशीलताको ज्ञाननिर्माण विद्यार्थीको पठनक्षमता र त्यसको विश्लेषणमा आधारित हुन्छ । यस दृष्टिले पठनशीलताका बारेको मान्यता, धारणा र त्यसबाट विकसित भाषाका वर्ण, शब्द, वाक्य र सङ्कथनसम्मको पठनका ज्ञान यस शोधको ज्ञानमीमांसा हो । व्याख्यावादका अनुसार अन्तर्वार्ता, लक्षित समूह छलफल, अन्तर्क्रिया, पाठ्यसामग्री अध्ययन र अवलोकनजस्ता साधनको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ । यस अध्ययनमा भाषाका शिक्षक र विद्यार्थीहरूलाई लक्षित समूहका रूपमा लिई तिनीहरूसँगको छलफलबाट ज्ञानको निर्माण गरिएको छ ।

### *मूल्यमीमांसा*

व्याख्यावादले मूल्य सापेक्ष हुने कुरामा जोड दिन्छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई अध्येताको ज्ञान, धारणा र मान्यताले प्रभाव पार्न सक्ने देखिन्छ । अनुसन्धानबाट प्राप्त मूल्य अर्को स्थानमा सामान्यीकरण गर्न नसकिने हुन्छ (लाउरा, सन् २०१३) । पठनशीलता सम्बन्धमा गरिने यस अध्ययनबाट प्राप्त निष्कर्ष अन्य स्थानमा सामान्यीकरण गर्न नसकिने तर स्थानान्तरण गर्न सकिने देखिन्छ । अध्ययनमा अनुसन्धानकर्ताको प्रभाव पनि पर्ने भएकाले ((

नैतिक पक्षलाई पनि ख्याल गर्दै अनुसन्धानबाट कक्षा नौको नेपाली विषयका पाठहरूको पठनशीलताको स्तर निर्धारण गरिएको छ । जुन अन्य पाठ्यपुस्तकका सन्दर्भमा स्थानान्तरण गर्न सकिने देखिन्छ ।

## शोधको ढाँचा

प्रस्तुत शोध गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । यस्तो प्रकृतिको शोधले बहुसत्य, सापेक्षित सत्य, विषयगत ज्ञान र सापेक्षित मूल्यको खोजी गर्दछ । गुणात्मक अनुसन्धानमा तथ्याङ्क सङ्कलनका साधनहरू अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, डकुमेन्ट, श्रव्यदृश्यसामग्री रहन्छन् (क्रेसवेल, सन् २०१२, पृ. २१२) । यस शोधकार्यमा डकुमेन्ट ( पाठ्यपुस्तक) बाट सामग्री सङ्कलन गरिएको छ । गुणात्मक अनुसन्धानको अध्ययन विधि मुख्य रूपमा अवलोकन, पाठ र डकुमेन्टहरूको विश्लेषण, अन्तर्वार्ता, रेकर्डिङ र लिखित टिपोट गरेर तथ्याङ्क सङ्कलन गर्नु हो (सिल्भर, सन् २००४, पृ. ११) । गुणात्मक अनुसन्धानमा तथ्याङ्क विश्वसनीय बनाउन एकभन्दा बढी प्रविधिको प्रयोग गरिन्छ । यस्तो अभ्यासलाई ट्राङ्गुलेसन भनिन्छ । गुणात्मक अनुसन्धानमा तथ्याङ्क सङ्कलनका तीनओटा प्रविधि छन् : सहभागीमूलक अवलोकन, अन्तर्वार्ता र डकुमेन्टबाट सामग्री सङ्कलन (ग्लेस्ने र पेस्किन, सन् १९९२, पृ. १४) । यस शोधप्रबन्धमा सामग्री सङ्कलन पाठ्यपुस्तकबाट गरिएको र पाठ विश्लेषण विधिको प्रयोग गरेर शोधकार्य गरिएको छ । यसबाट प्रस्तुत शोधप्रबन्ध गुणात्मक भएको पुष्टि हुन्छ ।

यस शोधप्रबन्धको अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कुनै पनि घटना वा विषयवस्तुका बारेमा सोधखोज गरी तिनीहरूको वर्णन विश्लेषणपश्चात् निष्कर्षमा पुग्ने अनुसन्धान ढाँचालाई वर्णनात्मक विधि भनिन्छ (निउरे र घिमिरे, २०७२, २१-२५) । यस विधिले खोज गर्न लागिएको समस्याको वर्तमान अवस्थाको बारेमा जस्ताको तस्तै व्याख्या एवम् विश्लेषण गर्दछ । यसले वर्तमान भाषिक स्थिति, प्रवृत्ति, समस्या, प्रक्रिया आदिलाई अध्ययनको विषय बनाउँछ । यस विधिले घटना, परिस्थिति, विषय वा भाषाको खोजी गर्दै तिनको विश्लेषण गरी नवीन तथ्य पत्ता लगाउने काम गर्दछ । निश्चित तहका विद्यार्थीहरूको भाषिक क्षमता, भाषाका समसामयिक विशेषताहरू, उच्चारण प्रक्रिया, भाषामा समाज र संस्कृतिको प्रभाव, भाषिक व्यवस्था, भाषिक भेद, भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तक, विद्यार्थीको शब्दभण्डार क्षमता, पाठ्यपुस्तकको उपयोगको स्थिति, शैक्षिक वातावरण आदि कुराको अध्ययनमा यो विधि बढी उपयोगी हुन्छ । यस विधिमा प्रश्नावली,

अन्तर्वार्ता र अवलोकनजस्ता साधन एवम् प्रक्रियाको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिन्छ । वर्णनात्मक तरिकाले अध्ययन गर्दा भाषिक समस्या, भाषिक व्यवहार, शिक्षण उपलब्धि आदिको जानकारी र पाठ्यक्रम, पाठ्यपुस्तक आदिको समस्या पहिचान गर्न सहज हुने देखिन्छ (पृ.२५) । प्रस्तुत शोधप्रबन्धको विषय पनि पाठ्यपुस्तकको अध्ययनसँग सम्बन्धित भएकाले यस विधिको उपयोग गरिएको छ ।

### सैद्धान्तिक आधार

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाका पाठको पठनशीलता अध्ययन गर्ने सन्दर्भमा फ्लेस्क (सन् १९४९) को रिडिङ इज सूत्रलाई प्रस्तुत शोधको सैद्धान्तिक आधार बनाइएको छ । यससम्बन्धी विस्तृत जानकारी अध्याय एकको सैद्धान्तिक ढाँचा शीर्षकअन्तर्गत गरिएको छ ।

### नमुना छनोट

प्रस्तुत शोधमा पुस्तकालीय अध्ययन कार्य र पाठ विश्लेषण विधिको उपयोग गरिएको छ । प्रस्तुत शोधको अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा दैलेख जिल्ला दुल्लु नगरपालिकाअन्तर्गतका तीनओटा विद्यालयका बाह्र जना विद्यार्थीहरूलाई लिइएको छ । नेपाल सरकारले नमुना घोषणा गरेको एक विद्यालय र कर्णाली प्रदेश सरकारले नमुना विद्यालय घोषणा गरेका दुई विद्यालय गरी तीनओटा विद्यालय छनोट गरिएको छ । त्यसपछि शोधकार्यलाई प्रभावकारी बनाउन प्रत्येक विद्यालयका उत्कृष्ट चार चार जना गरी बाह्र जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । त्यसैगरी फ्लेस्क रिडिङ इज सूत्रको प्रयोगका लागि पठनशीलताको सिद्धान्तअनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा कथा र करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा गरी तीनओटा निबन्ध विधाका पाठसहित सातओटा पाठहरूलाई छनोट गरिएको छ । ती गद्य विधाका सम्पूर्ण पाठहरूको पठनशीलताको अध्ययन विश्लेषण गरी नौ कक्षाको पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका उपकरण र तरिकाहरू

अनुसन्धानका क्रममा सङ्कलित तथ्यलाई तथ्याङ्क वा सूचना भनिन्छ । अनुसन्धाताले अनुसन्धानका प्रश्नहरूको समाधान गर्न प्रयोग गर्ने त्यही सूचना वा तथ्यलाई नै तथ्याङ्क

भनिन्छ (खड्का, २०७७, पृ. ५७) । तथ्याङ्कहरू सङ्ख्यात्मक र गुणात्मक गरी दुई प्रकारका हुन्छन् । भाषिक अनुसन्धानका तथ्याङ्कहरू सङ्ख्यात्मक भन्दा पनि गुणात्मक बढी हुन्छन् । व्याख्यात्मक विश्वदृष्टिकोण अनुसार अनुसन्धान गर्दा सहभागी अवलोकन, भूमिका निर्वाह विधि, अप्रत्यक्ष अन्तर्वार्ता आदिका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिन्छ (कोहेन, म्यानियन र मोरिसन, सन् २००७, पृ. ४७-४८) । प्रस्तुत शोधमा यसै मान्यताअनुसार अन्तर्वार्ता र प्रश्नावलीको प्रयोग गरेर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने पाठ्यपुस्तक, जर्नल, शोधपत्र, शोधप्रबन्ध, अनुसन्धानात्मक लेख र अनलाइन सामग्रीहरूलाई द्वितीयक तथ्याङ्कका रूपमा सङ्कलन गरिएको छ । यस शोधप्रबन्धमा सामग्री सङ्कलन गर्दा पाठ्यपुस्तक, अन्तवार्ता र प्रश्नावलीको प्रयोग गरिएको छ। जसको चर्चा यसप्रकार गरिएको छ :

***पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन***

शोधकार्यका लागि अक्षर संरचना र वाक्य संरचनाका अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा कथा र करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा तीनओटा निबन्ध गरी सातओटा पाठबाट सामग्री सङ्कलन गर्न सर्वप्रथम कक्षा नौका गद्य पाठहरूको पहिचान गरिएको छ । त्यसपछि ती पाठभित्रका वाक्य, शब्द र अक्षर सङ्ख्याको गणना गरिएको छ । गणनाबाट आएको वाक्य, शब्द र अक्षर सङ्ख्यालाई फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरेर पठनशीलता निर्धारण गरिएको छ (फ्लेस्क, सन् १९४९, पृ. २१३) । यसरी प्रस्तुत शोधप्रबन्धमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गर्न सामग्री सङ्कलन गरिएको छ ।

***प्रश्नावली***

पाठ्यपुस्तकको पठनशीलता परीक्षणका लागि कोलिन ह्यारिसन (सन् १९८०) द्वारा प्रतिपादित क्लोज प्रविधिलाई विद्यार्थीहरूमा प्रयोग गरिने परीक्षणीय प्रश्नावलीको निर्माणका आधारका रूपमा लिइएको छ। यसै पद्धतिका आधारमा कथा विधाअन्तर्गतका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा कथा र निबन्ध विधाका करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा तीनओटा निबन्ध गरी सातओटा पाठहरू लिइएको छ। सातओटा पाठबाट पहिलो, मध्य र अन्तिममध्ये कुनै दुईओटा लामा छोटा अनुच्छेद गरी जम्मा चौधओटा अनुच्छेदहरू छनोट गरी प्रश्न निर्माण गरिएको छ

। उक्त प्रश्नावली विद्यालयमा गई सम्बन्धित विद्यालयका विषय शिक्षक र शोधार्थीको प्रत्यक्ष निर्देशनमा विद्यार्थीलाई भर्न लगाई तथ्याङ्क सङ्कलन गरिएको छ। पठनशीलता अध्ययनका लागि पठनशीलताको सूत्र र क्लोज प्रविधिका आधारमा निर्माण गरिएको प्रश्नावली र केही खुला प्रश्नावली यस शोधका महत्त्वपूर्ण साधनका रूपमा रहेका छन्। क्लोज प्रविधिमा आधारित प्रश्नावली तयार पार्दा निम्न प्रक्रिया अवलम्बन गरिएको छ :

सर्वप्रथम गद्य विधामा संरचित विविध विषयक्षेत्रको प्रतिनिधित्व भएका पाठहरूको छनोट गर्नुपर्ने नियमको अवलम्बन गरी सरल र कठिन एवम् लामा तथा छोटा गद्य पाठहरूको प्रतिनिधित्व गराउन कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका कथा, निबन्ध, नियात्राजस्ता गद्य विधाका पाठहरूको चयन गरिएको छ । त्यसपछि पाठ्यपुस्तकबाट स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा  कथा र करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा गरी तीनओटा निबन्ध विधाका गरी सातओटा पाठहरूलाई छनोट गरिएको छ। ती पाठहरूबाट अनुच्छेदहरूको छनोट गरिएको छ। अनुच्छेद छनोट गर्दा पाठ्यपुस्तकमा समाविष्ट प्रत्येक पाठका प्रारम्भ, मध्य र अन्त्य भागबाट प्रतिनिधित्त्व हुने गरी सातओटा पाठबाट दुई दुई अनुच्छेदका दरले चौधओटा अनुच्छेदहरूको छनोट गरिएको छ। उक्त अनुच्छेदका प्रत्येक पाँचौँ शब्दलाई हटाई प्रश्न निर्माण गर्ने प्रक्रियाको छनोट गरिएको छ । ती अनुच्छेदभित्रबाट हटाइएका शब्दहरू भर्नको लागि एक इन्चसम्म खाली ठाउँ राखिएको छ । प्रश्नावली निर्माण गर्दा हटाइएका खाली ठाउँमा भर्नुपर्ने वैकल्पिक उत्तर दिएर वा नदिएर प्रश्नावली निर्माण गर्न सकिने प्रावधानमध्ये वैकल्पिक उत्तर दिएर प्रश्न निर्माण गरिएको छ । त्यस्तै अनुच्छेदबाट प्रश्नका रूपमा हटाइएका उत्तरका रूपमा पाँचौँ शब्दहरूलाई दाहिने किनारमा कोठाभित्र बेमेल अर्थात् क्रमभङ्ग तरिकाले वैकल्पिक उत्तरहरू राखेर तिनबाट छानी खाली ठाउँमा उत्तर लेख्नुपर्ने व्यवस्था गरिएको छ । त्यसपछि प्रश्नहरूलाई दुई घण्टाको समय दिई विद्यार्थीहरूलाई प्रत्येक खाली ठाउँमा एउटा मात्र शब्द भर्नुपर्ने मौखिक निर्देशनसहित प्रश्नावली भराइएको छ ।

***अन्तर्वार्ता***

खास उद्देश्यका लागि अनुसन्धाता र सूचकका बिचमा हुने प्रश्नोत्तरमा आधारित वार्तालाई अन्तर्वार्ता भनिन्छ। अन्तर्वार्ता आन्तरिक विचार, चाहना, धारणा र सोच अभिव्यक्त गर्ने माध्यम हो। भाषिक अनुसन्धानमा भाषाविद्, पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माता, शिक्षक, अभिभावक र विद्यार्थीसँग पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइका विधिहरू, भाषिक शैक्षिक

अवस्था र गतिविधिका बारेमा अन्तर्वार्ता लिन सकिन्छ (निउरे र घिमिरे, २०७२, पृ. ११५) । प्रस्तुत शोधप्रबन्धमा पाठ्यपुस्तकको पठनशीलतको स्तर परीक्षणका लागि विद्यार्थीहरूलाई प्रश्नावली भराइसकेपछि पाठ्यपुस्तक कठिन वा सरल के कस्तो रहेको छ  भनी उनीहरूको धारणा बुझ्न अन्तर्वार्ता लिइएको छ । त्यसका लागि पठनशीलताका तत्त्वसँग सम्बन्धित केही खुला प्रश्नावली वा अन्तर्वार्ता सूची बनाई विद्यार्थीहरूसँग कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट गद्यविधाअन्तर्गतका कथा र निबन्ध विधाका पाठहरूको बारेमा विद्यार्थीसँग प्रश्नोत्तर गरी उक्त पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारणका लागि आवश्यक सामग्री सङ्कलन गर्ने कार्य गरिएको छ । यसक्रममा पाठहरूको पठनसिप क्षमता, पाठप्रतिको रुचि, पाठले गर्ने उत्प्रेरणा र पाठसँग सम्बन्धित पूर्वज्ञानमा आधारित रही खुला प्रश्नावली निर्माण गरिएको छ।

### तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत शोधमा प्राथमिक स्रोतका रूपमा कक्षा नौको नेपाली (पाठ्यक्रम विकास केन्द्र, २०७९) पाठ्यपुस्तक रहेको छ । विद्यार्थीबाट प्राप्त तथ्याङ्क पनि प्राथमिक स्रोतका रूपमा रहेको छ । द्वितीयक स्रोतका रूपमा प्रस्तुत शीर्षकसँग सम्बन्धित सैद्धान्तिक पुस्तक, शोधपत्र, शोधप्रबन्ध, अनुसन्धनात्मक लेखरचनाहरू, जर्नल, पत्रपत्रिका र अनलाइन सामग्रीहरू रहेका छन् । पठनशीलता अध्ययनको सूत्र र प्रश्नावली यस शोधको महत्त्वपूर्ण साधनका रूपमा रहेको छ । सूत्रको प्रयोग र विद्यार्थीहरूबाट प्राप्त सामग्रीका आधारमा पठनशीलता स्तर निर्धारण गर्न अध्ययन विश्लेषण गरिएको छ ।

### तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत शोधमा समस्याकथन तथा उद्देश्यलाई केन्द्रमा राखेर तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा विश्लेषणात्मक गुणात्मक पद्धतिको प्रयोग गरेर पाठ विश्लेषण गरिएको छ । अध्ययन विश्लेषण गर्न सर्वप्रथम पाठभित्रका वाक्य, शब्द र अक्षर सङ्ख्या गणना गरी तिनलाई फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरेर विश्लेषण गरिएको छ । त्यसपछि पाठ्यपुस्तकको पठनशीलतामा केन्द्रित रहेर विद्यार्थीबाट प्राप्त सामग्रीलाई विश्लेषण गर्दा फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार विभिन्न तरिकाले वर्गीकृत गरिएको छ । अक्षर संरचनाको अध्ययन, वाक्य संरचनाको अध्ययन गरी विद्यार्थीहरूलाई प्रश्नावली भराएर विद्यार्थीहरूसँग खुला प्रश्नावलीका माध्यमबाट अन्तर्वार्ता लिइसकेपछि प्राप्त तथ्यलाई आधार बनाई अनुसन्धान प्रश्नको प्रकृतिअनुसार शाब्दिक, साङ्ख्यिक तथा तार्किक

ढङ्गले वर्णनात्मक तथा पाठविश्लेषणात्मक शैलीमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकाली पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गरिएको छ ।

**अध्ययनको विश्वसनीयता**

प्रस्तुत शोध पाठ्यपुस्तकको पठनशीलताको अध्ययनमा केन्द्रित छ । अध्ययनका क्रममा कक्षा नौको नेपाली पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र, २०७९) बाट सामग्री सङ्कलन गरिएको छ । जुन बिनापूर्वाग्रह पठनशीलताको सिद्धान्तमा आधारित रही गरिएको छ। प्रश्नावली निर्माण गर्दा क्लोज प्रविधिको प्रयोग गरिएको छ जुन पठनशीलतको अध्ययनका लागि सर्वाधिक प्रयोग हुने गर्दछ । प्रश्नावली निर्माण गरिसकेपछि त्यसलाई विश्वसनीय र वैध बनाउनका लागि त्यसको पूर्वपरीक्षण गरिएको छ । परीक्षणका लागि कक्षा नौमा अध्ययनरत पाँच जना विद्यार्थीहरूलाई छनोट गरिएको थियो । पूर्वपरीक्षणका गर्दा खाली ठाउँमा भर्ने शब्दहरू नदिई प्रश्नावली भराइएको थियो । जसबाट विद्यार्थीहरूले न्यून मात्रामा मात्र खाली ठाउँ भर्न सकेका थिए । त्यसपछि शोध निर्देशक र विषय विशेषज्ञको सल्लाह र सुझावअनुसार प्रश्नावली संशोधन, परिष्कार र परिमार्जन गरेर दायाँ किनारमा खाली ठाउँमा भर्ने शब्दहरू राखी सामग्रीको सत्यापन गरी प्रश्नावली तयार पारी सामग्री सङ्कलनको साधनलाई विश्वसनीय र पारदर्शी बनाउने कार्य गरिएको छ । अध्ययनका क्रममा सहभागीहरूबाट आएको उत्तरलाई बिनापूर्वाग्रह विश्लेषण गरिएको छ । यसरी अध्ययनमा विश्वसनीयता र पारदर्शिता कायम हुने गरी सामग्री सङ्कलनका साधन तयार पारी अध्ययन विश्लेषण कार्य सम्पन्न गरिएको छ । अध्ययनका क्रममा पाठ्यपुस्तकका पाठहरूबाट, विद्यार्थीलाई प्रश्नावली भराएर र विद्यार्थीसँग अन्तर्वार्ता लिएर सामग्री सङ्कलन गरिएको छ । जसबाट तथ्याङ्क सङ्कलन कार्यमा ट्राङ्गुलेसन भएको छ । यसबाट प्राप्त निष्कर्ष विश्वसनीय हुने देखिन्छ । त्यसैगरी विश्लेषण कार्यमा एकातिर अक्षर संरचना र वाक्य संरचनालाई हेरिएको छ भने अर्कोतिर फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरिएको छ। यसप्रकार विश्लेषबाट प्राप्त निष्कर्ष पनि विश्वसनीय देखिन्छ । शोधकार्य गर्दा कहीँकतै पनि उत्तरदातालाई उत्तर दिन दबाब दिने, लोभलालच देखाउनेजस्ता कार्य गरिएको छैन । उत्तरदाताको पहिचान गोप्य राखिएको छ । उनीहरूलाई उत्तर दिने सहज वातावरण तयार पारिएको छ । उपर्युक्त तथ्यका आधारमा यो शोध विश्वसनीय देखिएको छ ।

## नैतिक प्रतिबद्धता

प्रस्तुत शोधका क्रममा प्रश्नावली भराएर तथ्याङ्क सङ्कलन गर्दा व्यक्तिको अधिकार, स्वतन्त्रता, गोपनीयता, नैतिक मूल्य मान्यता, सामाजिक सद्भाव र शैक्षिक मूल्य मान्यतालाई पूर्ण रूपमा पालना गरिएको छ । तथ्याङ्क सङ्कलनको उद्देश्यका बारेमा छनोटमा परेका व्यक्तिलाई पूर्ण जानकारी दिइएको छ । विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलनका क्रममा सम्बन्धित विद्यालयका शिक्षकसँग पनि अनुमति लिइएको छ । अनुसन्धानकर्ताले व्यक्तिगत लाभ लिने र विद्यार्थीको व्यक्तिगत जीवनमा प्रभाव पार्ने कुनै पनि क्रियाकलाप गरिएको छैन । तथ्याङ्कको अध्ययन, विश्लेषण गर्दा अनुसन्धानकर्ता तटस्थ रहेर वस्तुनिष्ठ तरिकाले गरिएको छ । सूचकहरूको इच्छाविपरीत प्राप्त तथ्याङ्कलाई यस शोधप्रबन्धबाहेक अन्यत्र कहीँकतै पनि प्रयोग नगरिने र उक्त तथ्यहरूलाई गोप्य राखिने प्रतिबद्धता गरिएको छ ।

## अध्याय सारांश

प्रस्तुत अध्यायमा शोधविधिअन्तर्गत शोधको दार्शनिक दृष्टिकोण, शोधको ढाँचा, सैद्धान्तिक आधार, नमुना छनोट, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्कको व्याख्या विश्लेषणका सम्बन्धमा चर्चा गरिएको छ। दार्शनिक पक्षअन्तर्गत प्रस्तुत शोधप्रबन्धको तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाको उल्लेख गरिएको छ । त्यसैगरी शोधको ढाँचा, जनसङ्ख्या र नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधनहरूको विश्वसनीयता र वैधता, तथ्याङ्क सङ्कलनका उपकरण र तरिकाहरू, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्कको व्याख्या विश्लेषण र नैतिक प्रतिबद्धताजस्ता कुराहरू प्रस्तुत गरिएको छ। प्रस्तुत शोध गुणात्मक ढाँचाअन्तर्गतको अध्ययन भएकाले बहुल सत्यमा आधारित र अन्तर्विषयात्मक ज्ञान निर्माणको विश्वासमा आधारित छ। यो व्याख्यात्मक अनुसन्धानको ढाँचामा आधारित भएर गरिने अध्ययन हो र यसमा अध्ययनका लागि आवश्यक सामग्री कक्षा नौको नेपाली पाठ्यपुस्तकबाट सङ्कलन गरिएको छ ।

# अध्याय चार

# अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता

प्रस्तुत अध्यायमा शोधप्रबन्धको उद्देश्यअनुसार अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता विश्लेषण गरिएको छ । पठनशीलता अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण चारओटा कथा र करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा तीनओटा निबन्ध विधाका पाठसहित जम्मा सातओटा पाठहरूलाई छनोट गरिएको छ । यस अध्यायमा उल्लिखित पाठहरूमा प्रयुक्त शब्दहरूको अक्षर संरचनाका दृष्टिले पठनशीलताका स्तर विश्लेषण र निर्धारण गरिएको छ ।

## अक्षर संरचनाका दृष्टिले पठनशीलता

अक्षर ध्वनिभन्दा ठुलो र रूप तथा शब्दभन्दा सानो भाषिक एकाइ हो । एक अथवा एकभन्दा बढी ध्वनिहरूको त्यस भाषिक एकाइलाई अक्षर भनिन्छ जसको उच्चारण एक झड्कामा हुन्छ (सिजापति, २०५६, पृ. ६९) । बहिर्गमनात्मक श्वासप्रवाहका माध्यमबाट नेपाली भाषाका ध्वनिहरू उच्चरित हुन्छन् । श्वास एकपटक बाहिरिँदा जति ध्वनि उच्चरित हुन्छन् त्यसलाई एक अक्षर भनिन्छ । श्वासको एक आघात वा झड्कामा उच्चरित हुने ध्वनिखण्डलाई अक्षर भन्दछन् (शर्मा, २०५९, पृ. १५) । अङ्ग्रेजीमा अक्षरलाई सिलेबल भनिन्छ । एक वा एकभन्दा बढी वर्णहरूको मेलबाट अक्षर बन्दछ । संरचनाका हिसाबले स्वर अक्षरको केन्द्रीय अवयव हो भने व्यञ्जन परिधीय अवयव हो । अक्षर संरचनाको सम्बन्ध उच्चारणसँग हुन्छ । एउटा शब्द एक वा एकभन्दा बढी अक्षरहरू मिलेर बन्दछ । नेपाली भाषाका अधिकांश शब्दहरू एकदेखि पाँच अक्षर मिलेर बनेका देखिन्छन् । केही शब्दहरू भने पाँचभन्दा बढी दश अक्षरसम्मका पनि भेटिन्छन् (गौतम र अन्य, २०६९, पृ. ३६३) । नेपाली भाषामा अक्षर संरचना निर्धारण गर्दा कम्तीमा एउटा स्वर अनिवार्य मानिन्छ किनभने व्यञ्जन एक्लै उच्चारण हुन सक्दैन । अक्षरीकरण गर्दा ह्रस्व इ तथा उ मात्र रहने दीर्घ नआउने, स, श, षमध्ये स मात्र प्रयोग गरिने, व तथा ब उच्चारणअनुसार रहनेजस्ता कथ्य आधारलाई लिइन्छ । यसरी अक्षर संरचना उच्चारणका आधारमा हुने भएकाले तिनको वर्णविन्यासीय लेखनमा केही फरक देखिन्छ । वास्तवमा शब्दको सही उच्चारण त्यसको अक्षर संरचनामा निहित हुन्छ ।

पठनशीलताका दृष्टिले पाठ्यपुस्तकको निर्माण गर्दा अक्षर संरचनालाई पनि ध्यान दिनुपर्छ । अक्षर संरचनालाई पाठ्यपुस्तक लेखनको एक महत्त्वपूर्ण आधार मानिन्छ । पाठ्यपुस्तक निर्माण गर्दा जति सकिन्छ कमभन्दा कम अर्थात् एकाक्षरी, द्वयाक्षरी र त्र्याक्षरी वर्गका शब्दहरूलाई प्रयोगमा ल्याउनु उपयुक्त मानिन्छ । धेरै लामा शब्दहरूको प्रयोग पाठ्यपुस्तकका लागि ग्राह्य हुँदैन (पौडेल, २०६६, पृ. ६४) । त्यस्ता पाठ्यपुस्तक पठनीय बन्न सक्दैनन् । यही कुरालाई दृष्टिगत गरी प्रस्तुत शोधको प्रयोजनका निम्ति उपयोगमा ल्याइएका चारओटा कथा र तीनओटा निबन्ध पाठमा प्रयुक्त शब्दहरूको सही उच्चारण गर्दा ती शब्दहरू के कति अक्षरमा उच्चरित हुन्छन् र तिनले पठनशीलताको स्तरमा के कस्तो प्रभाव पार्दछन् भन्ने कुराको अध्ययन गर्न तिनको संरचनागत स्वरूप पहिल्याउनु आवश्यक हुन्छ । यहाँ शोधकार्यका लागि छनोट गरिएका पाठ र तिनका प्रतिसय शब्दमा प्रयोग भएका अक्षर सङ्ख्याको अध्ययन विश्लेषण गरी पाठहरूको पठनशीलताको स्तर निर्धारण गर्ने कार्य गरिएको छ ।

***पहिलो पाठ स्वाद कथाको अक्षर संरचना***

प्रस्तुत अध्ययनका लागि छनोट गरिएको पहिलो पाठ स्वाद कथालाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौँ शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर सङ्ख्या गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ । कथा विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त पहिलो पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका १**

*स्वाद कथाको अक्षर संरचना*

| क.सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय चालिस | |
| २ | दोस्रो सय शब्द | दुई सय उन्नाइस | |
| ३ | तेस्रो सय शब्द | दुई सय चौध | |
| ४ | चौथो सय शब्द | दुई सय त्रिचालिस | |
| ५ | पाँचौं सय शब्द | दुई सय चालिस | |
| ६ | छैटौं सय शब्द | दुई सय तिस | |
| ७ | सातौं सय शब्द | दुई सय पैंतालिस | |
| ८ | आठौं सय शब्द | दुई सय बत्तिस | |
| ९ | नवौं सय शब्द | दुई सय छब्बिस | |
| १० | दसौं सय शब्द | दुई सय छ | |
| ११ | एघारौं सय शब्द | दुई सय सत्र | |
| १२ | बाह्रौं सय शब्द | दुई सय अट्ठाइस | |
| १३ | तेह्रौं सय शब्द | दुई सय उन्चालिस | |
| १४ | चौधौं सय शब्द | दुई सय चवन्न | |
| जम्मा | शब्द सङ्ख्या एक हजार चार सय | अक्षर सङ्ख्या तीन हजार दुई सय तेत्तिस | दुई सय एकतिस |

उल्लिखित तालिकाअनुसार अध्ययनका लागि छनोट गरिएको पहिलो पाठ स्वाद कथाका जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा अक्षर सङ्ख्या तीन हजार दुई सय तेत्तिस रहेको देखिन्छ। पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय चालिस

रहेको छ । दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय उन्नाइस, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय चौध, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिचालिस, पाँचौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय चालिस, छैटौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय तिस, सातौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैंतालिस, आठौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय बत्तिस, नवौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय छब्बिस, दसौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय छ, एघारौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सत्र, बाह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अट्ठाइस, तेह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय उन्चालिस र चौधौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय चवन्न रहेको देखिन्छ । यसरी समग्र पाठको अध्ययन गर्दा प्रतिसय  शब्दमा बढीमा दुई सय त्रिपन्न र कम्तीमा दुई सय छ अक्षर सङ्ख्या  रहेको देखिन्छ । उक्त तथ्याङ्कबाट अक्षरको औसत सङ्ख्या  निकाल्दा स्वाद कथामा प्रतिसय  शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय एकतिस हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सो भन्दा माथि अक्षर सङ्ख्या  भएमा उक्त पाठ धेरै कठिन वा कलेज तहका लागि उपयुक्त हुने देखिन्छ । यस पाठमा दुई सय छदेखि दुई सय चवन्नसम्म अक्षर सङ्ख्या प्रयोग गरिएकाले उक्त पाठका भाषिक संरचना अलि कठिन जस्तो देखिएकाले यो कलेज स्तरका विद्यार्थीलाई उपयोगी हुने देखिन्छ । कक्षा नौका विद्यार्थीको स्तरअनुसार र फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्नसम्म हुनुपर्ने उल्लेख छ । यसकारण एक सय पचपन्न वा सोभन्दा कम शब्द सङ्ख्या भएमा कक्षा नौको पाठ्यपुस्तक पठनीय हुने देखिन्छ । तर उक्त पाठमा प्रयोग भएका शब्द सङ्ख्यालाई प्रतिसय  शब्दमा गणना गरेर हेर्दा र औसत सङ्ख्या पनि एक सय पचपन्न भन्दा बढी देखिएकाले उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिदैन ।

***दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाको अक्षर संरचना***

प्रस्तुत अध्ययनका लागि छनोट गरिएको दोस्रो पाठ वा कालजित र अजङ्गको राक्षसको कथा पाठलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौं शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर

गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ । कथा विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त दोस्रो पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका २**

*कालजित र अजङ्गको राक्षसको कथा कथाको अक्षर संरचना*

| क्र.सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय सतचालिस | |
| २ | दोस्रो सय शब्द | दुई सय पैसट्ठी | |
| ३ | तेस्रो सय शब्द | दुई सय अठतिस | |
| ४ | चौथो सय शब्द | दुई सय सैंतिस | |
| ५ | पाँचौं सय शब्द | दुई सय पैंतिस | |
| ६ | छैटौं सय शब्द | दुई सय एकसट्ठी | |
| ७ | सातौं सय शब्द | दुई सय अठचालिस | |
| ८ | आठौं सय शब्द | दुई सय अन्ठाउन्न | |
| ९ | नवौं सय शब्द | दुई सय पैंतालिस | |
| १० | दसौं सय शब्द | दुई सय एकचालिस | |
| ११ | एघारौं सय शब्द | दुई सय उनन्चालिस | |
| १२ | बाह्रौं सय शब्द | दुई सय उनन्चालिस | |
| १३ | तेह्रौं सय शब्द | दुई सय अठतिस | |
| १४ | चौधौं सय शब्द | दुई सय उनन्साठी | |
| जम्मा | शब्द सङ्ख्या एक हजार चार सय | अक्षर सङ्ख्या तीन हजार चार सय साठी | दुई सय सतचालिस |

प्रस्तुत तालिकाअनुसार कालजित र अजङ्गको राक्षसको कथा कथाको जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा अक्षर सङ्ख्या तीन हजार चार सय साठी रहेको देखिन्छ । पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको छ । दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैसट्ठी, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठतिस, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय सैँतिस, पाँचौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैँतिस, छैटौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकसट्ठी, सातौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठचालिस, आठौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय अन्ठाउन्न, नवौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैँतालिस, दसौँ सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय एकचालिस, एघारौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय उनन्चालिस, बाह्रौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय उनन्चालिस, तेह्रौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठतिस र चौधौँ सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय उन्सत्तरी रहेको देखिन्छ । यस पाठमा प्रतिसय शब्दमा अक्षर सङ्ख्या कम्तिमा दुई सय पैतिस र बढीमा दुई सय उनन्सत्तरी रहेको देखिन्छ । यसबाट अक्षरको औसत सङ्ख्या निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय सतचालिस हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सो भन्दा माथि अक्षर सङ्ख्या भएमा उक्त पाठ धेरै कठिन वा कलेज तहका लागि उपयुक्त हुने देखिन्छ । उक्त तालिकाअनुसार कक्षा नौका विद्यार्थीका लागि पठनीय हुन प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने उल्लेख छ । सोभन्दा बढी अक्षर सङ्ख्या भएमा उक्त पाठ कक्षा नौका विद्यार्थीका निम्ति कठिन हुन जान्छ । यसकारण उक्त कालजित र अजङ्गको राक्षसको कथा पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन ।

***तेस्रो पाठ समय पीडा कथाको अक्षर संरचना***

प्रस्तुत अध्ययनमा अक्षर संरचनाका दृष्टिले अध्ययन गर्नका लागि कक्षा नौको पाठ्यपुस्तकबाट तेस्रो पाठका रूपमा समय पीडा कथालाई लिइएको छ । उक्त पाठलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौँ शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर गणना गरी अक्षर सङ्ख्या

निर्धारण गरिएको छ । कथा विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त तेस्रो पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा पठनशीलता अध्ययनका लागि छनोट गरिएको उक्त समय पीडा पाठका जम्मा दुई हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा  अक्षर सङ्ख्या पाँच हजार आठ सय एकचालिस रहेको देखिन्छ । पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिपन्न रहेको छ । त्यसै गरी दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय सतसठ्ठी, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय छपन्न, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय बत्तिस, पाँचौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैतिस, छैटौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय उन्साठी, सातौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठचालिस, आठौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिपन्न, नवौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकाउन्न, दसौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय पैसठ्ठी, एघारौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैंतालिस, बाह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय बत्तिस, तेह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय छैसठ्ठी, चौधौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय एकसठ्ठी, पन्ध्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय उन्साठी, सोह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सन्ताउन्न, सत्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचास, अठारौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय चौसठ्ठी, उन्नाइसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकाउन्न, बिसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठतिस, एक्काइसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचपन्न, बाइसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय साठी र तेइसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकहत्तर रहेको देखिन्छ । यस अध्ययनबाट उक्त पाठमा प्रतिसय  शब्दमा अक्षर सङ्ख्या कम्तीमा दुई सय बत्तिस र बढीमा दुई सय अठसट्ठीसम्म रहेको देखिन्छ । यसबाट अक्षरको औसत सङ्ख्या  निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा अक्षर सङ्ख्या दुई सय चवन्न हुन आउँछ ।

**तालिका ३**

*समय पीडा कथाको अक्षर संरचना*

| क्र.सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय त्रिपन्न | |
| २ | दोस्रो सय शब्द | दुई सय सतसट्ठी | |
| ३ | तेस्रो सय शब्द | दुई सय छपन्न | |
| ४ | चौथो सय शब्द | दुई सय बत्तिस | |
| ५ | पाँचौं सय शब्द | दुई सय पैंतिस | |
| ६ | छैटौं सय शब्द | दुई सय उनन्साठी | |
| ७ | सातौं सय शब्द | दुई सय अठचालिस | |
| ८ | आठौं सय शब्द | दुई सय त्रिपन्न | |
| ९ | नवौं सय शब्द | दुई सय एकाउन्न | |
| १० | दसौं सय शब्द | दुई सय पैसट्ठी | |
| ११ | एघारौं सय शब्द | दुई सय पैंतालिस | |
| १२ | बाह्रौं सय शब्द | दुई सय बत्तिस | |
| १३ | तेह्रौं सय शब्द | दुई सय छैसट्ठी | |
| १४ | चौधौं सय शब्द | दुई सय एकसट्ठी | |
| १५ | पन्ध्रौं सय शब्द | दुई सय उनन्साठी | |
| १६ | सोह्रौं सय शब्द | दुई सय सन्ताउन्न | |
| १७ | सत्रौं सय शब्द | दुई सय पचास | |
| १८ | अठारौं सय शब्द | दुई सय चौसट्ठी | |
| १९ | उन्नाइसौं सय शब्द | दुई सय एकाउन्न | |
| २० | बिसौं सय शब्द | दुई सय अठतिस | |
| २१ | एक्काइसौं सय शब्द | दुई सय अठसट्ठी | |
| २२ | बाइसौं सय शब्द | दुई सय साठी | |
| २३ | तेइसौं सय शब्द | दुई सय एकहत्तर | |
| जम्मा | शब्द सङ्ख्या दुई हजार तीन सय | अक्षर सङ्ख्या पाँच हजार आठ सय एकचालिस | दुई सय चवन्न |

फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सो भन्दा माथि अक्षर सङ्ख्या भएमा उक्त पाठ धेरै कठिन वा कलेज तहका लागि उपयुक्त हुने देखिन्छ । फ्लेस्क पठनशीलताको तालिकाअनुसार कक्षा नौका विद्यार्थीका लागि पाठ्यसामग्री पठनीय हुनका लागि प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ। सोभन्दा बढी औसत शब्द सङ्ख्या भएमा पाठ्यसामग्री कठिन हुन जान्छ । त्यस्तो पाठ्यसामग्री विद्यार्थीका लागि पठनीय बनाउन शिक्षकको आवश्यकता पर्ने देखिन्छ। यसकारण उक्त समय पीडा कथा फ्लेस्क पठनशीलता तालिका आधारमा अध्ययन विश्लेषण गरेर हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन ।

***चौथो पाठ भविष्य निर्माण कथाको अक्षर संरचना***

अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि चौथो पाठका रूपमा भविष्य निर्माण कथालाई छनोट गरिएको छ । अध्ययनका लागि छनोट गरिएको उक्त पाठलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ। जसका लागि पहिलो चरणमा अक्षर सङ्ख्या गणना गरिएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौँ शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ। त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ। उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ। अक्षर संरचनाका दृष्टिले उक्त पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका ४**

*भविष्य निर्माण कथाको अक्षर संरचना*

| क्र. सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय बैसट्ठी | |
| २ | दोस्रो सय शब्द | दुई सय चवालिस | |
| ३ | तेस्रो सय शब्द | दुई सय उनन्सत्तरी | |
| ४ | चौथो सय शब्द | दुई सय छत्तिस | |
| ५ | पाँचौं सय शब्द | दुई सय अन्ठाउन्न | |
| ६ | छैटौं सय शब्द | दुई सय सैंतिस | |
| जम्मा | शब्द सङ्ख्या छ सय | अक्षर सङ्ख्या एक हजार चार सय बयासी | दुई सय सतचालिस |

प्रस्तुत तालिकाको अध्ययन गर्दा नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनार्थ छनोट गरिएको चौथो पाठ भविष्य निर्माण कथाका जम्मा छ सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा अक्षर सङ्ख्या एक हजार चार सय बयासी रहेको देखिन्छ । पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय बयसट्ठी रहेको छ। त्यसैगरी दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय चवालिस, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय उनन्सत्तरी, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय छत्तिस, पाँचौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अन्ठाउन्न र छैटौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सैंतिस रहेको देखिन्छ । यस तथ्याङ्कबाट उक्त पाठमा प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको अध्ययन गर्दा प्रतिसय शब्दमा कम्तीमा दुई सय छत्तिस र बढीमा दुई सय उनन्सत्तरी शब्द सङ्ख्या रहेको देखिन्छ । यसबाट अक्षरको औसत सङ्ख्या निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय सतचालिस हुन आउँछ। फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सो भन्दा माथि अक्षर सङ्ख्या  भएमा उक्त पाठ धेरै कठिन वा कलेज स्तरका लागि उपयुक्त हुने देखिन्छ । फ्लेस्क पठनशीलताको तालिकाअनुसार नौ कक्षाका विद्यार्थीका निम्ति पाठ्यासामग्री पठनीय हुन प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ। प्रतिसय शब्दमा औसत सङ्ख्या एक सय पचपन्नभन्दा कम भएमा पाठ्यसामग्री कक्षाको स्तरअनुरूप

नहुने र बढी भएमा विद्यार्थीका निम्ति कठिन बन्न जाने देखिन्छ । यसकारण उक्त भविष्य निर्माण कथालाई फ्लेस्क पठनशीलता तालिका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेर हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन ।

*पाँचौँ पाठ करेसाबारी निबन्धको अक्षर संरचना*

प्रस्तुत शोधका लागि छनोट गरिएको पाँचौं पाठ करेसाबारी निबन्धलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौं शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ । निबन्ध विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा करेसाबारी पाठका जम्मा एक हजार दुई सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा अक्षर सङ्ख्या तीन हजार दुई सय बाउन्न रहेको देखिन्छ । पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय चौरासी रहेको छ । दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकहत्तर, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय बयासी, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय उन्सत्तरी, पाँचौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय असी, छैटौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सतहत्तर, सातौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचहत्तर, आठौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठसट्ठी, नवौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिपन्न, दसौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय छयहत्तर, एघारौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सतचालिस र बाह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय सत्तरी रहेको देखिन्छ। उक्त करेसाबारी निबन्धमा प्रतिसय शब्दमा अक्षर सङ्ख्या कम्तीमा दुई सय सतचालिस र बढीमा दुई सय चौरासी सम्म भएको पाइएको छ । पाठमा प्रयुक्त प्रतिसय शब्दमा भएका अक्षरको औसत सङ्ख्या निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय एकहत्तर हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार

प्रतिसय शब्दमा एक सय बयानब्बे वा सो भन्दा माथि अक्षर सङ्ख्या भएमा उक्त पाठ धेरै कठिन वा कलेज तहका लागि उपयुक्त हुने देखिन्छ । कक्षा नौका विद्यार्थीका निम्ति पाठ पठनीय हुन प्रतिसय शब्दमा औसत शब्द सङ्ख्या एक सय पचपन्न हुनुपर्ने उल्लेख छ। तसर्थ यसप्रकारको शब्द सङ्ख्या कक्षा नौका विद्यार्थीका निम्ति फ्लेस्क पठनशीलताको तालिकाअनुसार पठनयोग्य देखिँदैन। उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा अध्ययन विश्लेषण र मूल्याङ्कन गर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन ।

**तालिका ५**

*करेसाबारी निबन्धको अक्षर संरचना*

| क्र. सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय चौरासी | |
| २ | दोस्रो सय शब्द | दुई सय एकहत्तर | |
| ३ | तेस्रो सय शब्द | दुई सय बयासी | |
| ४ | चौथो सय शब्द | दुई सय उन्सत्तरी | |
| ५ | पाँचौं सय शब्द | दुई सय असी | |
| ६ | छैटौं सय शब्द | दुई सय सतहत्तर | |
| ७ | सातौं सय शब्द | दुई सय पचहत्तर | |
| ८ | आठौं सय शब्द | दुई सय अठसट्ठी | |
| ९ | नवौं सय शब्द | दुई सय त्रिपन्न | |
| १० | दसौं सय शब्द | दुई सय छहत्तर | |
| ११ | एघारौं सय शब्द | दुई सय सतचालिस | |
| १२ | बाह्रौं सय शब्द | दुई सय सत्तरी | |
| जम्मा | शब्द सङ्ख्या एक हजार दुई सय | अक्षर सङ्ख्या तीन हजार दुई सय बाउन्न | दुई सय एकहत्तर |

***छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धको अक्षर संरचना***

प्रस्तुत अध्ययनका लागि छनोट गरिएको छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ । अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौँ शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ । निबन्ध विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त छैटौँ पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका ६**

*कञ्चनजङ्घालाई नियाल्दा निबन्धको अक्षर संरचना*

| क.सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय पचपन्न | |
| २ | दोस्रो सय शब्द | दुई सय साठी | |
| ३ | तेस्रो सय शब्द | दुई सय पचहत्तर | |
| ४ | चौथो सय शब्द | दुई सय पचास | |
| ५ | पाँचौं सय शब्द | दुई सय अठसट्ठी | |
| ६ | छैटौं सय शब्द | दुई सय साठी | |
| ७ | सातौं सय शब्द | दुई सय अठसट्ठी | |
| ८ | आठौं सय शब्द | दुई सय पचास | |
| ९ | नवौं सय शब्द | दुई सय एकतिस | |
| १० | दसौं सय शब्द | दुई सय सतसट्ठी | |
| ११ | एघारौं सय शब्द | दुई सय चौसट्ठी | |
| १२ | बाह्रौं सय शब्द | दुई सय त्रिहत्तर | |
| १३ | तेह्रौं सय शब्द | दुई सय त्रिसट्ठी | |
| १४ | चौधौं सय शब्द | दुई सय त्रिहत्तर | |
| १५ | पन्ध्रौं सय शब्द | दुई सय अठचालिस | |
| १६ | सोह्रौं सय शब्द | दुई सय उनन्सत्तरी | |
| १७ | सत्रौं सय शब्द | दुई सय अठतिस | |
| १८ | अठारौं सय शब्द | दुई सय छत्तिस | |
| १९ | उन्नाइसौं सय शब्द | दुई सय छत्तिस | |
| २० | बिसौं सय शब्द | दुई सय बहत्तर | |
| २१ | एक्काइसौं सय शब्द | दुई सय पचपन्न | |
| जम्मा | शब्द सङ्ख्या दुई हजार एक सय | अक्षर सङ्ख्या पाँच हजार चार सय एघार | दुई सय अन्ठाउन्न |

उल्लिखित तालिकाअनुसार पठनशीलता अध्ययनका लागि छनोट गरिएको प्रस्तुत कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा जम्मा दुई हजार एक सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा अक्षर सङ्ख्या पाँच हजार चार सय एघार रहेको देखिन्छ । पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचपन्न रहेको छ । त्यसै गरी दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय साठी, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचहत्तर, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचास, पाँचौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठसट्ठी, छैटौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय साठी, सातौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अटसठ्ठी, आठौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचास, नवौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय एकतिस, दसौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय सतसट्ठी, एघारौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय चौसट्ठी, बाह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिहत्तर, तेह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिसट्ठी, चौधौं सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय त्रिहत्तर, पन्ध्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठचालिस, सोह्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय उनन्सत्तरी, सत्रौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठतिस, अठारौ सय शब्दमा अक्षर सङ्ख्या दुई सय छत्तिस, उन्नाइसौं सय शब्दमा अक्षर सङ्ख्या  दुई सय छत्तिस, बिसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय बहत्तर र एक्काइसौं सय शब्दमा अक्षर सङ्ख्या दुई सय पचपन्न रहेको देखिन्छ । उक्त पाठमा प्रतिसय शब्दमा प्रयोग भएका अक्षर सङ्ख्यालाई हेर्दा कम्तीमा दुई सय एकतिस र बढीमा दुई सय पचहत्तर शब्द सङ्ख्या रहेको देखिन्छ । यसबाट अक्षरको औसत सङ्ख्या निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय अन्ठाउन्न हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सोभन्दा माथि अक्षर सङ्ख्या भएमा उक्त पाठ धेरै कठिन वा कलेज तहका लागि उपयुक्त हुने देखिन्छ । फ्लेस्क पठनशीलताको तालिकाअनुसार कक्षा नौका विद्यार्थीका निम्ति पठनीय हुनका लागि प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने हुन्छ । सोभन्दा माथि औसत सङ्ख्या भएमा कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीका लागि पाठ कठिन बन्न जान्छ । यसकारण उक्त कञ्चनजङ्घालाई नियाल्दा निबन्ध फ्लेस्क पठनशीलता तालिका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेर हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन ।

***सातौँ पाठ नेपाली लोकबाजा निबन्धको अक्षर संरचना***

अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि सातौँ पाठका रूपमा *नेपाली लोकबाजा* निबन्धलाई छनोट गरिएको छ । अध्ययनका लागि छनोट गरिएको उक्त पाठलाई अक्षर संरचनाका आधारमा अध्ययन गर्दा यसमा प्रयुक्त शब्द र अक्षर सङ्ख्यालाई आधार बनाइएको छ। जसका लागि पहिलो चरणमा अक्षर सङ्ख्या गणना गरिएको छ। अक्षर सङ्ख्या गणना गर्दा सर्वप्रथम उक्त पाठका शब्दहरू गणना गर्दै सयौँ शब्दमा चिनो लगाइएको छ । यसरी शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूका बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ। त्यसपछि उच्चारणलाई आधार मानेर प्रत्येक सय शब्दमा भएका अक्षर सङ्ख्या गणना गरी अक्षर सङ्ख्या निर्धारण गरिएको छ। निबन्ध विधाको उक्त पाठलाई अक्षर सङ्ख्याका आधारमा अध्ययन गरिसकेपछि ती अक्षरहरूको गणना गरी त्यसलाई अध्ययन गर्नको लागि फ्लेस्क रिडिङ इज सूत्रको मान्यताअनुसार प्रतिसय शब्दमा भएका अक्षर सङ्ख्यालाई तालिकीकरण गरिएको छ । अक्षर संरचनाका दृष्टिले उक्त सातौँ पाठमा भएका प्रतिसय शब्दमा प्रयुक्त अक्षर सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

उपर्युक्त तालिकको आधारमा पठनशीलताको अध्यनार्थ छनोट गरिएको नेपाली लोकबाजा निबन्धका जम्मा एक हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा अक्षर सङ्ख्या तीन हजार चार सय बैसट्ठी रहेको देखिन्छ। पहिलो सय शब्दमा अक्षर सङ्ख्या दुई सय बैसट्ठी रहेको छ । त्यसै गरी दोस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय चौसट्ठी, तेस्रो सय शब्दमा अक्षर सङ्ख्या दुई सय पैसट्ठी, चौथो सय शब्दमा अक्षर सङ्ख्या दुई सय त्रिसट्ठी, पाँचौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय तिस, छैटौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय बैसट्ठी, सातौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठहत्तर, आठौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय बयालिस, नवौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय बाउन्न, दसौँ सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या दुई सय त्रिपन्न, एघारौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय बहत्तर, बाह्रौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय सत्तरी र तेह्रौँ सय शब्दमा अक्षर सङ्ख्या दुई सय अठचालिस रहेको देखिन्छ। उक्त तथ्याङ्कबाट यस पाठमा प्रतिसय शब्दमा कम्तीमा दुई सय तिस र बढीमा दुई सय अठहत्तर अक्षर सङ्ख्या रहेको देखिन्छ । अक्षरको औसत सङ्ख्या निकाल्दा उक्त पाठमा प्रतिसय शब्दमा जम्मा शब्द सङ्ख्या दुई सय उनन्साठी हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिसय शब्दमा एक सय बयानब्बे वा सोभन्दा उल्लिखित

अक्षर सङ्ख्या भएमा उक्त पाठ धेरै कठिन वा कलेज स्तरका लागि उपयुक्त हुने देखिन्छ । फ्लेस्क पठनशीलताको तालिकाअनुसार कक्षा नौका विद्यार्थीका लागि पाठ्यसामग्री पठनीय हुन प्रतिसय  शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने हुन्छ । औसत सङ्ख्या एक सय पचपन्न भन्दा कम भएमा धेरै सरल र बढी भएमा पाठ्यसामग्री कठिन बन्न जान्छ । यसकारण नेपाली लोकबाजा निबन्ध फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिँदैन अर्थात् विद्यार्थीका निम्ति कठिन देखिन्छ ।

**तालिका ७**

*नेपाली लोकबाजा निबन्धको अक्षर संरचना*

| क्र. सं. | प्रतिसय शब्द | प्रतिसय शब्दमा अक्षर सङ्ख्या | औसत अक्षर सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दुई सय बयसट्ठी | |
| २ | दोस्रो सय शब्द | दुई सय चौसट्ठी | |
| ३ | तेस्रो सय शब्द | दुई सय पैसट्ठी | |
| ४ | चौथो सय शब्द | दुई सय त्रिसट्ठी | |
| ५ | पाँचौँ सय शब्द | दुई सय तिस | |
| ६ | छैटौँ सय शब्द | दुई सय बयसट्ठी | |
| ७ | सातौँ सय शब्द | दुई सय अठहत्तर | |
| ८ | आठौँ सय शब्द | दुई सय बयालिस | |
| ९ | नवौँ सय शब्द | दुई सय बाउन्न | |
| १० | दसौँ सय शब्द | दुई सय त्रिपन्न | |
| ११ | एघारौँ सय शब्द | दुई सय बहत्तर | |
| १२ | बाह्रौँ सय शब्द | दुई सय सत्तरी | |
| १३ | तेह्रौँ सय शब्द | दुई सय अठचालिस | |
| जम्मा | शब्द सङ्ख्या एक हजार तीन सय | अक्षर सङ्ख्या तीन हजार चार सय बैसट्ठी | दुई सय उनन्साठी |

**अध्याय सारांश**

अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि कक्षा नौका  नेपाली पाठ्यपुस्तकका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी जम्मा चारओटा  कथा र  करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा गरी जम्मा तीनओटा निबन्धका पाठहरू छनोट गरिएको छ। छनोट गरिसकेपछि उक्त पाठमा प्रयुक्त शब्द सङ्ख्या र अक्षर सङ्ख्याको गणना गरिएको छ । त्यसपछि फ्लेस्क रिडिङ इज फर्मुलाको प्रयोग गरी पठनशीलताको तालिकाअनुसार पाठ्यपुस्तकको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नका लागि प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको पनि गणना गरी सङ्ख्या निकालिएको छ। प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको औसत सङ्ख्या निकाली फ्लेस्क रिडिङ इज सूत्रअनुसारको पठनशीलता तालिकाका आधारमा पाठहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गरिएको छ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि चारओटा  कथा र तीनओटा निबन्ध विधाका गरी जम्मा सातओटा पाठहरू छनोट गरी तिनको अक्षर संरचनाका दृष्टिले पठनशीलता अध्ययन गरिएको छ । अध्ययनका लागि छनोट गरिएको पहिलो पाठ स्वाद कथामा जम्मा एक हजार चार सय शब्दमा अक्षर गणना गर्दा तीन हजार दुई सय तेत्तिस अक्षर सङ्ख्या रहेको देखिन्छ। उक्त पाठको प्रतिसय  शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकतिस रहेको छ। दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथामा जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा जम्मा तीन हजार चार सय साठी अक्षर सङ्ख्या रहेको देखिन्छ। उक्त पाठमा प्रतिसय शब्दमा जम्मा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको देखिन्छ। तेस्रो पाठ समय पीडा कथामा जम्मा दुई हजार तीन सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा पाँच हजार आठ सय एकचालिस अक्षर सङ्ख्या रहेको देखिन्छ। उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय चवन्न रहेको देखिन्छ। चौथो पाठ भविष्य निर्माण कथामा छ सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा जम्मा एक हजार चार सय बयासी अक्षर सङ्ख्या रहेको देखिन्छ। उक्त सातौँ पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको देखिन्छ। पाँचौँ पाठ करेसाबारी निबन्धमा जम्मा एक हजार दुई सय शब्दमा अक्षर गणना गर्दा जम्मा तीन हजार दुई सय बाउन्न अक्षर सङ्ख्या रहेको देखिन्छ। उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकहत्तर रहेको छ । त्यसैगरी छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा जम्मा दुई हजार एक

सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा जम्मा पाँच हजार चार सय एघार अक्षर सङ्ख्या रहेको देखिन्छ । उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय अन्ठाउन्न रहेको देखिन्छ । सातौँ पाठ नेपाली लोकबाजा निबन्धमा जम्मा एक हजार तीन सय शब्द सङ्ख्यामा अक्षर गणना गर्दा तीन हजार तीन सय एकसट्ठी अक्षर सङ्ख्या रहेको देखिन्छ र उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय उनन्साठी रहेको देखिन्छ ।

फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाका आधारमा नौ कक्षाको पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा उक्त पाठ्यपुस्तकमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ । तर उक्त पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न हुन आएको छ । जुन तथ्याङ्कलाई फ्लेस्क पठनशीलताको तालिकामा राखेर हेर्दा उक्त पाठ्यपुस्तकको स्तर एक सय बयानब्बे वा सोभन्दा बढी अन्तर्गतको श्रेणीमा पर्ने देखिन्छ । जुन फ्लेस्क तालिकाले कलेज स्तरका विद्यार्थीका लागि उपयुक्त ठानेको छ । त्यसकारण उक्त पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले नौ कक्षाका विद्यार्थीको स्तरअनुकूल देखिँदैन । उक्त पाठ्यपुस्तक कक्षा नौका विद्यार्थीलाई स्वयम् पढेर बोध गर्न कठिन देखिन्छ । उक्त पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि पठनीय देखिन्छ भने कक्षा नौका विद्यार्थीका लागि पठनीय देखिँदैन ।

# अध्याय पाँच

# वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता

प्रस्तुत अध्यायमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको वाक्य संरचनाका दृष्टिले पठनशीलताको मूल्याङ्कन गर्न पाठ्यपुस्तकमा समाविष्ट चारओटा कथा स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण तथा तीनओटा निबन्ध करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा गरी जम्मा सातओटा पाठहरूको अध्ययन गरिएको छ । उक्त पाठहरूका वाक्य सङ्ख्या र वाक्य संरचनाको अध्ययन गरेर फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलताको तालिकाअनुसार पाठहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट उल्लिखित पाठहरूको अध्ययन गरी वाक्य संरचनाका दृष्टिले पठनशीलताका स्तर अध्ययन, विश्लेषण, मूल्याङ्कन र निर्धारण गरिएको छ ।

## वाक्य संरचनाका दृष्टिले पठनशीलता

वाक्यांशभन्दा माथिल्लो र अनुच्छेदभन्दा तल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्य उपवाक्यबाट निर्मित यसभन्दा माथिल्लो तहको भाषिक एकाइ हो । वाक्यभित्र एक वा एकभन्दा बढी उपवाक्यहरू रहन सक्छन् । यस आधारमा वाक्य सरल, संयुक्त, मिश्र र मिलित गरी चार किसिमका हुन्छन् (यादव र रेग्मी, २०५८, पृ. २३०) । वाक्यलाई कुनै सम्प्रदायले अभिकर्ता-लक्ष्य-कार्य भएको संरचना र कुनै सम्प्रदायले उद्देश्य-कर्म-क्रिया भएको संरचना मानेका छन् । जे होस् उपवाक्यभन्दा ठुलो वा माथिल्लो व्याकरणात्मक संरचना वा एकाइलाई वाक्य भनिन्छ (शर्मा, २०५९, पृ.१६६-१६७) । अमेरिकी भाषाशास्त्री ब्लुमफिल्डका विचारमा वाक्य भनेको एउटा स्वतन्त्र भाषिक एकाइ हो जसलाई अरू कुनै ठुला भाषिक एकाइका रूपमा व्याकरणिक रचनामा परिणत गर्न सकिँदैन । त्यस्तै हकेटका अनुसार वाक्य एउटा यस्तो व्याकरणिक रूप हो जुन अरू व्याकरणिक रचनाका लागि आउँदैन, वाक्यको अवयव अरूमा अवयव हुन सक्दैन । वात्स्यायनका अनुसार अर्थ समाप्त गर्ने पदसमूह वाक्य हो । त्यसैगरी विश्वनाथका अनुसार आकाङ्क्षा, योग्यता र आसक्तियुक्त पदसमूह वाक्य हो (न्यौपाने, २०५१, पृ. ३३०-३३१) । पूर्वीय समालोचनामा शब्द वा पदहरूको समूहलाई वा एउटा पूर्ण विचार बुझाउने पदसमूहलाई वा उद्देश्य र विधेयले युक्त भाषिक संरचनालाई वाक्य भनिएको पाइन्छ । आकाङ्क्षा, योग्यता र आसक्तियुक्त पदसमूहलाई वाक्यका रूपमा संस्कृत वाङ्मयमा

चर्चा गरिएको छ । तर आधुनिक सन्दर्भमा वाक्यलाई विन्यासक्रमिक सम्बन्धमा रहेका पदहरूको समुच्चय मानिन्छ, यसमा एक वा बढी उपवाक्यहरू रहेका हुन्छन् (न्यौपाने र अन्य, २०६७, पृ. १३५-१३७) । वाक्यलाई संरचना र अर्थ गरी दुई आधारमा वर्गीकरण गर्न सकिन्छ (यादव र रेग्मी, २०५९, पृ. २३०) । संरचना भनेको बनोट हो । वाक्यको बनोट उपवाक्यबाट हुन्छ । वाक्यको संरचनामा रहने उपवाक्यको सङ्ख्या र किसिमका आधारमा वाक्यको प्रकार छुट्ट्याइन्छ । यस आधारमा वाक्यहरू मुख्य दुई प्रकारका हुन्छन् सरल वाक्य र जटिल वाक्य ( शर्मा, २०५९, पृ. १६८) । सरल वाक्यमा एउटा स्वतन्त्र उपवाक्य हुन्छ भने जटिल वाक्यमा दुई वा दुईभन्दा बढी उपवाक्यहरू हुन्छन् । जटिल वाक्यका मिश्र र संयुक्त गरी दुई भेद हुन्छन् ।

सरल वाक्यमा एउटा कर्ता र एउटा क्रियापदको प्रयोग हुन्छ । रूपान्तरण व्याकरणमा निश्चयार्थक, करण, कर्तृवाचक र असन्निविष्ट वाक्यलाई आधारभूत वाक्य र आन्तरिक संरचनामा एउटा मात्र उपवाक्य वा एउटा मात्र आधारभूत वाक्य भएका वाक्यलाई सरल वाक्य भनिएको छ (न्यौपाने र अन्य, २०६७, पृ. १८५-१८७) । जटिल वाक्य चाहिँ संयुक्त र मिश्र रूपमा हुन्छन् । एक वा एकभन्दा बढी उपवाक्यहरूलाई संयोजकहरूले संयोजन गरी निर्माण गरिएका वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्त वाक्यका आन्तरिक संरचनामा दुई वा सोभन्दा बढी आधारभूत वाक्यहरू रहेका हुन्छन् भने बाह्य संरचनामा ती वाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेका हुन्छन् । एउटा मुख्य उपवाक्य र एक वा एकभन्दा बढी अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेर निर्मित वाक्यलाई मिश्र वाक्य भनिन्छ । जटिल वाक्यको आधिक्यले पाठ्यसामग्री कठिन बन्न जान्छ (पौडेल, २०६६, पृ. ७८) । पाठ्यसामग्रीलाई सरल बनाउन शब्द छनोटपछि वाक्यको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तकमा जटिलभन्दा सरल वाक्यको प्रयोग बढी भएमा पाठ्यपुस्तक सम्प्रेष्य बन्न जान्छ । छोटा र सरल वाक्यको प्रयोगले पाठ्यपुस्तकलाई पठनीय बनाउन मद्दत गर्दछ । तसर्थ पाठ्यपुस्तक पठनीय बनाउन जटिल वाक्यका तुलनामा सरल र छोटा वाक्यको प्रयोग अत्यधिक हुनुपर्दछ । लामा लामा वाक्यभन्दा छोटा र सरल वाक्य बढी सम्प्रेष्य हुन्छन् । प्रस्तुत शोधकार्यमा पठनशीलताका दृष्टिले वाक्यमा प्रयुक्त शब्द सङ्ख्यालाई अध्ययन गरेर फ्लेस्क रिडिङ इज सूत्र र पठनशीलताको अङ्क विश्लेषण तालिकाका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्ने कार्य गरिएको छ ।

***पहिलो पाठ स्वाद कथाको वाक्य संरचना***

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि पहिलो पाठका रूपमा स्वाद कथालाई लिइएको छ । वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्य सङ्ख्यालाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्न चिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या निर्धारण गरिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि छनोट गरिएको पहिलो पाठ वा स्वाद कथाका जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा गणना गर्दा दुई सय चालिस वाक्य सङ्ख्या रहेको देखिन्छ । पहिलो सय शब्दमा वाक्य सङ्ख्या सोह्र रहेको छ । त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या तेह्र, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या सोह्र, चौथो सय शब्दमा वाक्य सङ्ख्या उन्नाइस, पाँचौं सय शब्दमा वाक्य सङ्ख्या सोह्र, छैटौं सय शब्दमा वाक्य सङ्ख्या सत्र, सातौं सय शब्दमा वाक्य सङ्ख्या बाह्र, आठौं सय शब्दमा वाक्य सङ्ख्या बाइस, नवौं सय शब्दमा वाक्य सङ्ख्या बिस, दसौं सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या एक्काइस, एघारौं सय शब्दमा वाक्य सङ्ख्या उन्नाइस, बाह्रौं सय शब्दमा वाक्य सङ्ख्या चौध, तेह्रौं सय शब्दमा वाक्य सङ्ख्या अठार र चौधौं सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या सत्र रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा यस पाठमा प्रतिसय शब्दमा कम्तीमा बाह्र वाक्य र बढीमा बाइसओटा वाक्य प्रयोग भएको देखिन्छ । प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा छ हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा आठ वा सोभन्दा कम शब्द सङ्ख्या भएमा उक्त पाठ्यवस्तु धेरै सजिलो वर्गमा पर्छ । उक्त तालिकाअनुसार पाठ्यवस्तु कक्षा चारका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको स्तरअनुसार पाँचौं ग्रेडको देखिन्छ । कक्षा नौका विद्यार्थीको स्तर अनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने

उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा नौ कक्षाका विद्यार्थीका निम्ति पठनीयभन्दा पनि निकै सरल हुने देखिन्छ । त्यसैले उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ ।

**तालिका ८**

*स्वाद कथाको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | सोह्र | |
| २ | दोस्रो सय शब्द | तेह्र | |
| ३ | तेस्रो सय शब्द | सोह्र | |
| ४ | चौथो सय शब्द | उन्नाइस | |
| ५ | पाँचौं सय शब्द | सोह्र | |
| ६ | छैटौं सय शब्द | सत्र | |
| ७ | सातौं सय शब्द | बाह्र | |
| ८ | आठौं सय शब्द | बाइस | |
| ९ | नवौं सय शब्द | बिस | |
| १० | दसौं सय शब्द | एक्काइस | |
| ११ | एघारौं सय शब्द | उन्नाइस | |
| १२ | बाह्रौं सय शब्द | चौध | |
| १३ | तेह्रौं सय शब्द | अठार | |
| १४ | चौधौं सय शब्द | सत्र | |
| जम्मा | शब्द सङ्ख्या एक हजार चार सय | वाक्य सङ्ख्या दुई सय चालिस | छ |

***दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाको वाक्य संरचना***

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि दोस्रो पाठका रूपमा कालजित र अजङ्गको राक्षसको कथा कथालाई लिइएको छ । वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्य सङ्ख्यालाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाको जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा वाक्य गणना गर्दा एक सय चालिस वाक्य रहेको देखिन्छ । पहिलो सय शब्दमा वाक्य सङ्ख्या आठ रहेको छ । त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या दश, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या आठ, चौथो सय शब्दमा वाक्य सङ्ख्या सात, पाँचौँ सय शब्दमा वाक्य सङ्ख्या दश, छैटौँ सय शब्दमा वाक्य सङ्ख्या आठ, सातौँ सय शब्दमा वाक्य सङ्ख्या तेह्र, आठौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, नवौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, दसौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या तेह्र, एघारौँ सय शब्दमा वाक्य सङ्ख्या सात, बाह्रौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, तेह्रौँ सय शब्दमा वाक्य सङ्ख्या एघार र चौधौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या नौ रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा यस पाठमा प्रतिसय शब्दमा कम्तीमा सात वाक्य र बढीमा तेह्रओटा वाक्य प्रयोग भएको देखिन्छ । यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा दश हुन आउँछ ।

**तालिका ९**

*कालजित र अजङ्गको राक्षसको कथा कथाको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | आठ | |
| २ | दोस्रो सय शब्द | द्यश | |
| ३ | तेस्रो सय शब्द | आठ | |
| ४ | चौथो सय शब्द | सात | |
| ५ | पाँचौं सय शब्द | द्यश | |
| ६ | छैटौं सय शब्द | आठ | |
| ७ | सातौं सय शब्द | तेह्र | |
| ८ | आठौं सय शब्द | बाह्र | |
| ९ | नवौं सय शब्द | बाह्र | |
| १० | दसौं सय शब्द | तेह्र | |
| ११ | एघारौं सय शब्द | सात | |
| १२ | बाह्रौं सय शब्द | बाह्र | |
| १३ | तेह्रौं सय शब्द | एघार | |
| १४ | चौधौं सय शब्द | नौ | |
| जम्मा | शब्द सङ्ख्या एक हजार चार सय | वाक्य सङ्ख्या एक सय चालिस | दश |

फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा आठभन्दा बढी एघार शब्द सङ्ख्यासम्म भएमा सजिलो वर्गमा पर्छ। उक्त पाठमा प्रतिवाक्य शब्द सङ्ख्या दश भएकाले यो पाठ सजिलो वर्गमा रहेको छ। उक्त तालिकाअनुसार कालजित र अजङ्गको राक्षस कथा विद्यालय तहको अनुमानित पाँचौं कक्षाका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको

स्तरअनुसार छैटौँ ग्रेडको देखिन्छ। त्यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिन्छ। कक्षा नौका विद्यार्थीको स्तर अनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीयभन्दा पनि निकै सरल हुने देखिन्छ। त्यसैले उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ।

*तेस्रो पाठ समय पीडा कथाको वाक्य संरचना*

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि तेस्रो पाठका रूपमा समय पीडा कथालाई लिइएको छ। वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ। शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ। त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्य सङ्ख्यालाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ। वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ। त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको आधारमा वाक्य संरचनाका दृष्टिले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको तेस्रो पाठसमय पीडा कथाको जम्मा दुई हजार तीन सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या गणना गर्दा दुई सय पचास वाक्य रहेको देखिन्छ। पहिलो सय शब्दमा वाक्य सङ्ख्या आठ रहेको छ। त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या आठ, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या सात, चौथो सय शब्दमा वाक्य सङ्ख्या छ, पाँचौँ सय शब्दमा वाक्य सङ्ख्या चौध, छैटौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, सातौँ सय शब्दमा वाक्य सङ्ख्या पन्ध्र, आठौँ सय शब्दमा वाक्य सङ्ख्या एघार, नवौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, दसौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या चौध, एघारौँ सय शब्दमा वाक्य सङ्ख्या  सत्र, बाह्रौँ सय शब्दमा वाक्य सङ्ख्या चौध, तेह्रौँ सय शब्दमा वाक्य सङ्ख्या

बाह्र, चौधौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या तेह्र, पन्ध्रौँ सय शब्दमा वाक्य सङ्ख्या दश, सोह्रौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, सत्रौँ सय शब्दमा वाक्य सङ्ख्या दश, अठारौ सय शब्दमा वाक्य सङ्ख्या आठ, उन्नाइसौँ सय शब्दमा वाक्य सङ्ख्या छ, बिसौँ सय शब्दमा वाक्य सङ्ख्या सात, एक्काइसौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, बाइसौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र र तेइसौँ सय शब्दमा वाक्य सङ्ख्या तेह्र रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा उक्त पाठमा प्रतिसय शब्दमा कम्तीमा छ वाक्य र बढीमा सत्रओटा वाक्य प्रयोग भएको देखिन्छ । यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा नौ हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा आठभन्दा बढी एघार शब्द सङ्ख्यासम्म भएमा सजिलो वर्गमा पर्छ । उक्त पाठमा प्रतिवाक्य शब्द सङ्ख्या नौ भएकाले यो पाठ सजिलो वर्गमा रहेको छ । उक्त तालिकाअनुसार समय पीडा कथा विद्यालय तहको अनुमानित पाँचौँ कक्षाका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको स्तरअनुसार छैटौँ ग्रेडको देखिन्छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिन्छ । कक्षा नौका विद्यार्थीको स्तरअनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीयभन्दा पनि निकै सरल हुने देखिन्छ । त्यसैले उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ।

**तालिका १०**

*समय पीडा कथाको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | आठ | |
| २ | दोस्रो सय शब्द | आठ | |
| ३ | तेस्रो सय शब्द | सात | |
| ४ | चौथो सय शब्द | छ | |
| ५ | पाँचौं सय शब्द | चौध | |
| ६ | छैटौं सय शब्द | बाह्र | |
| ७ | सातौं सय शब्द | पन्ध्र | |
| ८ | आठौं सय शब्द | एघार | |
| ९ | नवौं सय शब्द | बाह्र | |
| १० | दसौं सय शब्द | चौध | |
| ११ | एघारौं सय शब्द | सत्र | |
| १२ | बाह्रौं सय शब्द | चौध | |
| १३ | तेह्रौं सय शब्द | बाह्र | |
| १४ | चौधौं सय शब्द | तेह्र | |
| १५ | पन्ध्रौं सय शब्द | दश | |
| १६ | सोह्रौ सय शब्द | बाह्र | |
| १७ | सत्रौं सय शब्द | दश | |
| १८ | अठारौं सय शब्द | आठ | |
| १९ | उन्नाइसौं सय शब्द | छ | |
| २० | बिसौं सय शब्द | सात | |
| २१ | एक्काइसौं सय शब्द | बाह्र | |
| २२ | बाइसौं सय शब्द | बाह्र | |
| २३ | तेइसौं सय शब्द | तेह्र | |
| जम्मा | शब्द सङ्ख्या दुई हजार तीन सय | वाक्य सङ्ख्या दुई सय पचास | नौ |

***चौथो पाठ भविष्य निर्माण कथाको वाक्य संरचना***

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि चौथो पाठका रूपमा भविष्य निर्माण कथा लिइएको छ । वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द, सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्य सङ्ख्यालाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ११**

*भविष्य निर्माण कथाको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | सत्र | |
| २ | दोस्रो सय शब्द | दश | |
| ३ | तेस्रो सय शब्द | सोह्र | |
| ४ | चौथो सय शब्द | सत्र | |
| ५ | पाँचौँ सय शब्द | उन्नाइस | |
| ६ | छैटौँ सय शब्द | अठार | |
| जम्मा | शब्द सङ्ख्या छ सय | वाक्य सङ्ख्या सन्तानब्बे | छ |

उपर्युक्त तालिकाको आधारमा वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको चौथो पाठ भविष्य निर्माण

कथाको जम्मा छ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या गणना गर्दा सन्तानब्बे वाक्य रहेको देखिन्छ। पहिलो सय शब्दमा वाक्य सङ्ख्या सत्र रहेको छ। त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या दश, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या सोह्र, चौथो सय शब्दमा वाक्य सङ्ख्या सत्र, पाँचौँ सय शब्दमा वाक्य सङ्ख्या उन्नाइस र छैटौँ सय शब्दमा वाक्य सङ्ख्या अठार रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा यस पाठमा प्रतिसय शब्दमा कम्तीमा दश वाक्य र बढीमा उन्नाइसओटा वाक्य प्रयोग भएको देखिन्छ। यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा छ हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्य आठ वा सोभन्दा कम शब्द सङ्ख्यासम्म भएमा पाठ्यवस्तु धेरै सजिलो वर्गमा पर्छ। उक्त पाठमा प्रतिवाक्य शब्द सङ्ख्या छ भएकाले यो पाठ धेरै सजिलो वर्गमा रहेको छ। उक्त तालिकाअनुसार भविष्य निर्माण कथा विद्यालय कक्षाको अनुमानित चौथो कक्षाका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको स्तरअनुसार पाँचौँ ग्रेडको देखिन्छ । त्यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिन्छ। कक्षा नौका विद्यार्थीको स्तरअनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ। यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीयभन्दा पनि निकै सरल हुने देखिन्छ। तसर्थ उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ।

### *पाँचौँ पाठकरेसाबारी निबन्धको वाक्य संरचना*

वाक्य संरचनाका दृष्टिले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि पाँचौँ पाठका रूपमा करेसाबारी निबन्धलाई लिइएको छ। वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ। त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्यलाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार देखाइएको छ :

**तालिका १२**

*करेसाबारी निबन्धको वाक्य संरचना*

| क्र.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | सात | |
| २ | दोस्रो सय शब्द | आठ | |
| ३ | तेस्रो सय शब्द | आठ | |
| ४ | चौथो सय शब्द | छ | |
| ५ | पाँचौं सय शब्द | छ | |
| ६ | छैटौं सय शब्द | सात | |
| ७ | सातौं सय शब्द | आठ | |
| ८ | आठौं सय शब्द | आठ | |
| ९ | नवौं सय शब्द | आठ | |
| १० | दसौं सय शब्द | आठ | |
| ११ | एघारौं सय शब्द | आठ | |
| १२ | बाह्रौं सय शब्द | सात | |
| जम्मा | शब्द सङ्ख्या एक हजार दुई सय | वाक्य सङ्ख्या अठासी | चौध |

उपर्युक्त तालिकाको आधारमा वाक्य संरचनाका दृष्टिले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको पाँचौं पाठ करेसाबारी निबन्धका जम्मा एक हजार दुई सय शब्द सङ्ख्यामा वाक्य गणना गर्दा अठासी वाक्य रहेको देखिन्छ । पहिलो सय शब्दमा वाक्य सङ्ख्या सात रहेको छ । त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या आठ, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या आठ, चौथो सय शब्दमा वाक्य सङ्ख्या छ, पाँचौं सय शब्दमा वाक्य सङ्ख्या छ, छैटौं सय शब्दमा वाक्य सङ्ख्या सात, सातौं सय शब्दमा वाक्य सङ्ख्या आठ, आठौं सय शब्दमा वाक्य सङ्ख्या आठ, नवौं सय शब्दमा वाक्य

सङ्ख्या आठ, दसौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या आठ, एघारौँ सय शब्दमा वाक्य सङ्ख्या आठ र बाह्रौँ सय शब्दमा वाक्य सङ्ख्या सात रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा यस पाठमा प्रतिसय शब्दमा कम्तीमा छ र बढीमा आठओटा वाक्य प्रयोग भएको देखिन्छ । यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा चौध हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा चौध शब्द सङ्ख्या भएमा ठिकै सजिलो वर्गमा पर्दछ । उक्त तालिकाअनुसार करेसाबारी निबन्धको पठनशीलताको स्तरमा सातौँ ग्रेडमा पर्छ र सो पाठ कक्षा छका विद्यार्थीका लागि उपयुक्त देखिन्छ । कक्षा नौका विद्यार्थीको स्तरअनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय भन्दा पनि निकै सरल हुने देखिन्छ । त्यसैले उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ ।

***छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धको वाक्य संरचना***

वाक्य संरचनाका दृष्टिले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि छैटौँ पाठका रूपमा कञ्चनजङ्घालाई नियाल्दा निबन्धलाई लिइएको छ । वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्यलाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम, अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका ११**

*कञ्चनजङ्घालाई नियाल्दा नियात्राको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | दश | |
| २ | दोस्रो सय शब्द | सात | |
| ३ | तेस्रो सय शब्द | सात | |
| ४ | चौथो सय शब्द | आठ | |
| ५ | पाँचौं सय शब्द | बाह्र | |
| ६ | छैटौं सय शब्द | तेह्र | |
| ७ | सातौं सय शब्द | नौ | |
| ८ | आठौं सय शब्द | नौ | |
| ९ | नवौं सय शब्द | बाह्र | |
| १० | दसौं सय शब्द | दश | |
| ११ | एघारौं सय शब्द | दश | |
| १२ | बाह्रौं सय शब्द | बाह्र | |
| १३ | तेह्रौं सय शब्द | तेह्र | |
| १४ | चौधौं सय शब्द | तेह्र | |
| १५ | पन्ध्रौं सय शब्द | तेह्र | |
| १६ | सोह्रौ सय शब्द | एघार | |
| १७ | सत्रौं सय शब्द | पन्ध्र | |
| १८ | अठारौं सय शब्द | सोह्र | |
| १९ | उन्नाइसौं सय शब्द | सोह्र | |
| २० | बिसौं सय शब्द | नौ | |
| २१ | एक्काइसौं सय शब्द | तेह्र | |
| जम्मा | शब्द सङ्ख्या दुई हजार एक सय | वाक्य सङ्ख्या दुई सय अठतिस | नौ |

उपर्युक्त तालिकाको अध्ययन गर्दा वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको छैटौं पाठ कञ्चनजङ्घालाई नियाल्दा नियात्रामा जम्मा दुई हजार एक सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या गणना गर्दा दुई सय अठतिस वाक्य रहेको देखिन्छ । पहिलो सय शब्दमा वाक्य सङ्ख्या दश रहेको छ । त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या सात, तेस्रो सय शब्दमा सात, चौथो सय शब्दमा आठ, पाँचौं सय शब्दमा बाह्र, छैटौं सय शब्दमा तेह्र, सातौं सय शब्दमा नौ, आठौं सय शब्दमा नौ, नवौं सय शब्दमा बाह्र, दसौं सय शब्द सङ्ख्यामा दश, एघारौं सय शब्दमा दश, बाह्रौं सय शब्दमा बाह्र, तेह्रौं सय शब्दमा तेह्र, चौधौं सय शब्द सङ्ख्यामा तेह्र, पन्ध्रौं सय शब्दमा तेह्र, सोह्रौं सय शब्दमा एघार, सत्रौं सय शब्दमा पन्ध्र, अठारौं सय शब्दमासोह्र, उन्नाइसौं सय शब्दमा सोह्र, बिसौं सय शब्दमा नौ र एक्काइसौं सय शब्दमा वाक्य सङ्ख्या तेह्र रहेको देखिन्छ । प्रतिसय शब्दमा प्रयोग भएका वाक्य सङ्ख्या हेर्दा यस पाठमा प्रतिसय शब्दमा कम्तीमा सात वाक्य र बढीमा सोह्रओटा वाक्य प्रयोग भएको देखिन्छ । यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा नौ हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा आठभन्दा बढी एघार शब्द सङ्ख्यासम्म भएमा सजिलो वर्गमा पर्छ। उक्त पाठमा प्रतिवाक्य शब्द सङ्ख्या नौ भएकाले यो पाठ सजिलो वर्गमा रहेको छ । उक्त तालिकाअनुसार कञ्चनजङ्घालाई नियाल्दा निबन्ध विद्यालय तहको अनुमानित पाँचौं कक्षाका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको स्तरअनुसार छैटौं ग्रेडको देखिन्छ।

कक्षा नौका विद्यार्थीको स्तरअनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा नौ कक्षाका विद्यार्थीका निम्ति पठनीय र पठनीशलताको स्तरभन्दा पनि निकै सरल हुने देखिन्छ । त्यसैले उक्त पाठ नौ कक्षाका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ ।

***सातौं पाठ नेपाली लोकबाजा निबन्धको वाक्य संरचना***

वाक्य संरचनाका दृष्टिले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि सातौं पाठका रूपमा नेपाली लोकबाजा निबन्ध लिइएको छ । वाक्य संरचनाको अध्ययनका लागि सर्वप्रथम उक्त पाठमा रहेका शब्दलाई गणना गर्दै प्रत्येक सय शब्दमा चिनो लगाइएको छ । शब्द गणना गर्दा सङ्ख्या, सङ्केत चिह्न, संयुक्त शब्द सङ्क्षिप्त शब्द र तिनीहरूको बिचमा खाली ठाउँ भएमा एक शब्द मानेर गणना गरिएको छ । त्यसपछि प्रत्येक सय शब्दमा भएका वाक्य सङ्ख्यालाई गणना गरिएको छ । वाक्य गणना गर्दा पूर्णविराम,

अल्पविराम, अर्धविराम, निर्देश चिह्न, प्रश्नचिह्न र विस्मयादिबोधक चिह्नले छुट्याएका आधारमा गरिएको छ । वाक्यहरू गणना गरी चिनो लगाउने काम गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ । फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलता तालिकाका आधारमा अध्ययन गर्नका लागि उक्त पाठका प्रतिसय शब्दमा रहेका वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ :

**तालिका १४**

*नेपाली लोकबाजा निबन्धको वाक्य संरचना*

| क.सं. | प्रतिसय शब्द | वाक्य सङ्ख्या | प्रतिवाक्य औसत शब्द सङ्ख्या |
|---|---|---|---|
| १ | पहिलो सय शब्द | छ | |
| २ | दोस्रो सय शब्द | सात | |
| ३ | तेस्रो सय शब्द | छ | |
| ४ | चौथो सय शब्द | आठ | |
| ५ | पाँचौँ सय शब्द | छ | |
| ६ | छैटौँ सय शब्द | पाँच | |
| ७ | सातौँ सय शब्द | सात | |
| ८ | आठौँ सय शब्द | बाह्र | |
| ९ | नवौँ सय शब्द | नौ | |
| १० | दसौँ सय शब्द | सात | |
| ११ | एघारौँ सय शब्द | आठ | |
| १२ | बाह्रौँ सय शब्द | छ | |
| १३ | तेह्रौँ सय शब्द | आठ | |
| जम्मा | शब्द सङ्ख्या एक हजार तीन सय | वाक्य सङ्ख्या पन्चानब्बे | चौध |

उपर्युक्त तालिकाको अध्ययन गर्दा वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययन गर्नका लागि छनोट गरिएको सातौँ पाठ नेपाली लोकबाजा निबन्धको जम्मा एक हजार तीन सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या गणना गर्दा पन्चानब्बे वाक्य रहेको देखिन्छ । पहिलो सय शब्दमा वाक्य सङ्ख्या छ रहेको छ । त्यसैगरी दोस्रो सय शब्दमा वाक्य सङ्ख्या सात, तेस्रो सय शब्दमा वाक्य सङ्ख्या छ, चौथो सय शब्दमा वाक्य सङ्ख्या आठ, पाँचौँ सय शब्दमा वाक्य सङ्ख्या छ, छैटौँ सय शब्दमा वाक्य सङ्ख्या पाँच, सातौँ सय शब्दमा वाक्य सङ्ख्या सात, आठौँ सय शब्दमा वाक्य सङ्ख्या बाह्र, नवौँ सय शब्दमा वाक्य सङ्ख्या नौ, दसौँ सय शब्द सङ्ख्यामा वाक्य सङ्ख्या सात, एघारौँ सय शब्दमा वाक्य सङ्ख्या आठ, बाह्रौँ सय शब्दमा वाक्य सङ्ख्या छ र तेह्रौँ सय शब्दमा वाक्य सङ्ख्या आठ ओटा वाक्य प्रयोग भएको देखिन्छ पाठमा प्रतिसय शब्द सङ्ख्या कम्तीमा पाँच र बढीमा बाह्र रहेको देखिन्छ । यस तथ्याङ्कबाट प्रतिवाक्य प्रयुक्त औसत शब्द सङ्ख्या निकाल्दा चौध हुन आउँछ । फ्लेस्क पठनशीलता तालिकाअनुसार प्रतिवाक्यमा एघारभन्दा बढी चौध शब्द सङ्ख्यासम्म भएमा ठिकै सजिलो वर्गमा पर्छ । उक्त पाठमा प्रतिवाक्य शब्द सङ्ख्या चौध भएकाले यो पाठ ठिकै सजिलो वर्गमा रहेको छ । उक्त तालिकाअनुसार पाठ्यवस्तु विद्यालय कक्षाको अनुमानित छैटौँ कक्षाका विद्यार्थीका लागि उपयुक्त र पठनशीलताको स्तरअनुसार सातौँ ग्रेडको देखिन्छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीय देखिन्छ । कक्षा नौका विद्यार्थीको स्तरअनुकूल हुन एउटा वाक्यमा एक्काइस शब्दसम्म हुनुपर्ने उल्लेख छ । यसकारण उक्त पाठ फ्लेस्क पठनशीलता तालिका आधारमा हेर्दा कक्षा नौका विद्यार्थीका निम्ति पठनीयभन्दा पनि निकै सरल हुने देखिन्छ । त्यसैले उक्त पाठ कक्षा नौका विद्यार्थीको स्तरभन्दा धेरै सजिलो स्तरको पाठका रूपमा देखिन्छ ।

**वाक्य र अक्षर संरचनाका दुवै दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अङ्क र स्तर**

प्रस्तुत शोधप्रबन्धको अध्याय चारमा गरिएको अक्षर संरचना दृष्टिले पाठ्यपुस्तकको पठनशीलता अध्ययनबाट प्राप्त प्रतिसय शब्दमा अक्षर सङ्ख्याको नतिजा र यस अध्यायमा गरिएको वाक्य संरचनाका दृष्टिले पाठ्यपुस्तकको पठनशीलता अध्ययनबाट प्राप्त प्रतिवाक्यमा शब्द सङ्ख्याको नतिजालाई निम्न फ्लेस्क रिडिङ इज फर्मुला (दुवे, सन् २००६, पृ. ९७) को प्रयोग गरी पठनशीलता अङ्क निर्धारण गरिएको छ :

पठनशीलता अङ्क : २०६.८३५-(१.०१५ × शब्द सङ्ख्या)-(८४.६×अक्षर सङ्ख्या)

शब्द सङ्ख्या  प्रतिवाक्य शब्द सङ्ख्या

अक्षर सङ्ख्या : प्रतिशब्द अक्षर सङ्ख्या -दुवे, सन् २००६, पृ. ९७)

प्रतिसय शब्द अक्षर सङ्ख्या = २५३

प्रतिशब्द अक्षर सङ्ख्या = २.५३

प्रतिवाक्य शब्द सङ्ख्या = १०

उपर्युक्त तथ्याङ्कलाई फ्लेस्क रिडिङ इज सूत्रमा राखेर पठनशीलताको अङ्क यसप्रकार निकालिएको छ :

पठनशीलताको अङ्क = २०६.८३५-(१.०१५×शब्द सङ्ख्या)-(८४.६×अक्षर सङ्ख्या)

= २०६.८३५-(१.०१५×१०)-(८४.६×२.५३)

= २०६.८३५-१०.१५-२१४.०३८

= २०६.८३५-२२४.१८८

= -१७.३५३

= १७.३५३

उक्त अङ्कलाई प्रस्तुत शोधको परिशिष्ट घमा उल्लिखित फ्लेस्क पठनशीलता अङ्कको विश्लेषण तालिकाअनुसार यसप्रकार विश्लेषण गरिएको छ :

कक्षा नौको नेपाली पाठ्यपुस्तको पठनशीलताको अध्ययनका लागि छनोट गरिएका पाठहरूको अक्षर संरचना र वाक्य संरचनाका दृष्टिले गरेको अध्ययनबाट पठनशीलताको अङ्क निकाल्दा सत्र दशमलव तीन पाँच तीन (१७.३५३) आएको छ । उक्त पठनशीलताको अङ्कलाई फ्लेस्क उपर्युक्त पठनशीलताको तालिकामा राखेर अध्ययन गर्दा पाठ्यपुस्तको स्तर धेरै कठिन वर्गमा पर्ने देखिन्छ । अध्ययनबाट प्राप्त अङ्कलाई तालिकामा राखेर हेर्दा उक्त अङ्क फ्लेस्क पठनशीलताको अङ्क शून्यदेखि तिस अङ्कको बिचमा पर्दछ । यस आधारमा उक्त कक्षा नौको नेपाली पाठ्यपुस्तक धेरै कठिन वर्गमा पर्दछ । उक्त पाठ्यपुस्तक विद्यालय कक्षाको अनुमानित कक्षाका आधारमा हेर्दा कलेज तहका लागि उपयुक्त देखिन्छ ।

पाठ्यपुस्तकको पठनशीलताको स्तर कलेज ग्राजुएट स्तरको देखिन्छ। फ्लेक्सक तालिकाअनुसार कक्षा नौका लागि पठनशीलताको अङ्क पचासदेखि साठीको बिचमा भएमा उपयुक्त हुन्छ । यसप्रकार उक्त नेपाली पाठ्यपुस्तक कक्षा नौका विद्यार्थीका लागि कठिन देखिएको छ ।

**अध्याय सारांश**

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यवस्तुमा समाविष्ट स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा कथा तथा करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा गरी तीनओटा निबन्धका पाठहरू गरेर जम्मा सातओटा पाठहरू छनोट गरिएको छ । उक्त पाठहरूमा भएका जम्मा वाक्य सङ्ख्या र प्रतिसय शब्दमा भएका वाक्य सङ्ख्या गणना गरेर प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ। जसबाट पाठहरूको पठनशीलताको स्तर निर्धारण गरिएको छ ।

शोधमा छनोट भएका पाठमा प्रयुक्त वाक्यहरूको संरचना हेर्दा पहिलो पाठ स्वाद कथामा जम्मा एक हजार चार सय शब्दमा दुई सय चालिस वाक्य सङ्ख्या रहेको छ। उक्त पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा बाह्र र बढीमा बाइस रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेको छ । यसलाई फ्लेस्क पठनशीलताको अङ्कको विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर पाँचौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा चौथोमा पर्दछ भने यो धेरै सजिलो वर्गको पाठमा पर्दछ। दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथामा एक हजार चार सय शब्द सङ्ख्या र एक सय चालिस वाक्य सङ्ख्या रहेका छन्। यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा सात र बढीमा तेह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या दश रहेको छ । यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर छैटौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौंमा पर्दछ भने यो सजिलो वर्गको पाठमा पर्दछ। तेस्रो पाठ समय पीडा कथामा दुई हजार तीन सय शब्द सङ्ख्या र दुई सय पचास वाक्य सङ्ख्या रहेका छन्। यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा छ र बढीमा सत्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या नौ रहेको छ। यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर छैटौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौं देखिन्छ भने यो सजिलो वर्गको पाठमा पर्दछ ।

चौथौ पाठ भविष्य निर्माण कथामा छ सय शब्द सङ्ख्या र सन्तानब्बे वाक्य सङ्ख्या रहेका छन् । यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा दश र बढीमा उन्नाइस रहेको देखिन्छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेको छ। यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर पाँचौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा चौथोमा पर्दछ भने यो धेरै सजिलो वर्गको पाठमा पर्दछ । उपर्युक्त तथ्यका आधारमा प्रतिवाक्य औसतमा शब्द सङ्ख्या निर्धारण गर्दा दश हुन आउँछ । वाक्यमा देखिएका उक्त शब्द सङ्ख्यालाई फ्लेस्क पठनशीलता अङ्क विश्लेषणात्मक तालिकामा राखेर हेर्दा कक्षा नौको पाठ्यपुस्तकको पठनशीलतालाई निर्धारण गरिएको छ । पाँचौं पाठ करेसाबारी निबन्धमा जम्मा एकहजार दुई सय शब्दमा अठासी वाक्य सङ्ख्या रहेको छ। यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा छ र बढीमा आठ रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या चौध रहेको छ । यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर सातौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा छैटौंमा पर्दछ भने यो सजिलो वर्गको पाठमा पर्दछ। छैटौं पाठ कञ्चनजङ्घा निबन्धमा दुई हजार एक सय शब्द सङ्ख्या र दुई सय अठतिस वाक्य सङ्ख्या रहेका छन् । यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा सात र बढीमा सोह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या नौ रहेको छ। यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर छैटौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौंमा पर्दछ भने यो सजिलो वर्गको पाठमा पर्दछ । सातौं पाठ नेपाली लोकबाजा निबन्धमा एक हजार तीन सय शब्द सङ्ख्या र पन्चानब्बे वाक्य सङ्ख्या रहेका छन् । यस पाठमा प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा पाँच र बढीमा बाह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या चौध रहेको छ । यसलाई फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा यो पाठको पठनशीलताको स्तर सातौं ग्रेडको र विद्यालय कक्षाको अनुमानित कक्षा छैटौंमा पर्दछ भने यो ठिकै सजिलो वर्गको पाठमा पर्दछ ।

फ्लेस्क पठनशीलताको तालिकामा उक्त प्रतिवाक्यमा प्रयुक्त शब्द सङ्ख्यालाई राखेर हेर्दा पाठ्यपुस्तक निकै सरल देखिन्छ । अध्ययनको लागि छनोट गरिएका पाठको वाक्य संरचनाका आधारमा अध्ययन गर्दा उक्त पाठहरूमा प्रयुक्त वाक्यमा औसत शब्द सङ्ख्या दश आएको छ। फ्लेस्क तालिकाअनुसार आठ वा सोभन्दा कम वाक्य सङ्ख्या भएको पाठ्यसामग्री धेरै सजिलो वर्गमा पर्ने र आठभन्दा बढी र एघारओटा शब्द सङ्ख्या भएको वाक्य सजिलो

वर्गमा पर्ने देखिन्छ । वाक्य संरचनाको दृष्टिले उक्त कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरी फ्लेस्क तालिकासँग तुलना गर्दा पाठ्यपुस्तक सजिलो वर्गमा पर्दछ । उक्त पाठ्यपुस्तकको पठनशीलताको स्तर छैटौ ग्रेडमा परेकाले पाठ्यपुस्तक विद्यालय तहको अनुमानित कक्षा पाँचौंका विद्यार्थीका लागि उपयुक्त देखिन्छ । उपर्युक्त तथ्यका आधारमा मूल्याङ्कन गर्दा कक्षा नौको नेपाली पाठ्यपुस्तक सजिलो वर्गमा पर्ने देखिन्छ । उक्त पाठ्यपुस्तक पठनशीलता स्तरको छैटौं ग्रेडमा अर्थात् पाँचौं कक्षासम्मका विद्यार्थीका लागि समेत पठनीय भएकाले कक्षा नौका विद्यार्थीका लागि पठनीय नै देखिन्छ ।

# अध्याय छ

# कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर

प्रस्तुत अध्यायमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनार्थ पाठ्यपुस्तकमा समाविष्ट कथा विधाअन्तर्गतका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा पाठ र निबन्ध विधाअन्तर्गतका करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा गरी तीनओटा पाठसहित जम्मा सातओटा पाठ छनोट गरिएको छ । छनोट गरिएका पाठबाट नमुनाका रूपमा प्रत्येक पाठबाट दुई दुई अनुच्छेद झिकेर ती नमुना अनुच्छेदहरूको क्लोज प्रविधिका माध्यमबाट प्रश्नावली तयार पारी विद्यार्थीहरूलाई भर्न लगाउनुका साथै उक्त गद्य विधाका पाठहरूमा आधारित रही पठनशीलतासँग सम्बन्धित खुला प्रश्नावली तयार पारी विद्यार्थीहरूबाट आएको प्रतिक्रियालाई आधार बनाई विद्यार्थीहरूको माध्यमबाट पाठ्यपुस्तकको पठनशीलता अध्ययन र स्तर निर्धारण गर्ने कार्य गरिएको छ ।

## क्लोज प्रविधिको प्रश्नावलीबाट प्राप्त तथ्यका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तर

प्रस्तुत शोधमा पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारणका लागि नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट वि.सं २०७९ मा प्रकाशित कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई लिइएको छ । अध्ययनका लागि पाठ्यपुस्तकमा प्रयुक्त विभिन्न विधामध्ये सोद्देश्यमूलक नमुना छनोटका आधारमा गद्य विधाहरूमध्येबाट कथा र निबन्ध विधालाई मात्र लिइएको छ । अध्ययनका लागि छनोट गरिएका सबै पाठहरूबाट दुई दुई अनुच्छेद गरी जम्मा चौध अनुच्छेद छनोट गरेर पठनशीलताको अध्ययन गरिएको छ । पठनशीलताको अध्ययनका लागि क्लोज प्रविधिको प्रयोग गरी प्रश्नावली तयार पारिएको छ । उक्त प्रश्नावलीलाई दुल्लु नगरपालिका भित्रका तीनओटा विद्यालय सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट छनोट गरी कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये नमुनाका रूपमा बाह्र जना विद्यार्थीहरूलाई विद्यार्थीहरूलाई भराइएको छ। विद्यार्थीले भरेको प्रश्नावलीलाई एक सय अङ्क निर्धारण गरी मापन गरिएको छ। विद्यार्थीहरूले प्राप्त गरेको अङ्कका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्ने प्रयास गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई

आधार मानी पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरी पठनशीलता स्तर कायम गरिएको छ। जसको प्रस्तुतीकरण यसप्रकार गरिन्छ :

***पहिलो पाठ स्वाद कथाको पठनशीलताको स्तर***

पहिलो पाठ स्वाद कथाबाट छनोट गरिएका दुईओटा अनुच्छेदलाई क्लोज प्रविधिको नियमानुसार प्रत्येक पाँचौं शब्द झिकेर खाली ठाउँ राखिएको छ र पाठबाट झिकिएका ती शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ। विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका ती शब्दमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइयो। विद्यार्थीलाई सकेसम्म सबै खाली ठाउँ भर्न प्रोत्साहित गरिएको थियो। उक्त पाठका दुईओटा अनुच्छेदबाट जम्मा अठार शब्द झिकिएको छ। ती अनुच्छेदका खाली ठाउँ विद्यार्थीहरूलाई सम्बन्धित विद्यालयका विषय शिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा भराइएको हो। विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ। मापन गर्दा उक्त पाठको खाली ठाउँ भरेबापत एक सय अङ्क कायम गरिएको छ। सबै शब्दहरू ठिक ठाउँमा भरेबापत एक सय अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ। विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा पहिलो पाठ स्वाद कथाको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा अठारओटा शब्द झिकिएका छन्। ती अठारओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको छ। विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये एघार जनाले अठारओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन्। ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन्। सहभागीमध्ये एक जनाले सोह्रओटा सही ठाउँमा र दुईओटाको गलत ठाउँमा भरेको देखिन्छ। ती विद्यार्थीले अठासी दशमलव आठ आठ (८८.८८) प्राप्त गरेका छन्। उक्त सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क उनान्सय दशमलव शून्य सात (९९.०७) हुन्छ। उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ उच्चस्तरीय श्रेणीमा रहेको देखिन्छ।

**तालिका १५**

*स्वाद कथासम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | अठार | अठार | शून्य | एक सय |
| २ | अठार | अठार | शून्य | एक सय |
| ३ | अठार | अठार | शून्य | एक सय |
| ४ | अठार | अठार | शून्य | एक सय |
| ५ | अठार | अठार | शून्य | एक सय |
| ६ | अठार | अठार | शून्य | एक सय |
| ७ | अठार | अठार | शून्य | एक सय |
| ८ | अठार | सोह्र | दुई | अठासी दशमलव आठ आठ |
| ९ | अठार | अठार | शून्य | एक सय |
| १० | अठार | अठार | शून्य | एक सय |
| ११ | अठार | अठार | शून्य | एक सय |
| १२ | अठार | अठार | शून्य | एक सय |
| | औसत अङ्क | | | उनान्सय दशमलव शून्य सात |

ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन् । त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस

प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैँतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेका उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मान्न सकिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव शून्य सात (९९.०७) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको छ ।

***दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाको पठनशीलताको स्तर***

दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथाबाट झिकिएका दुईओटा अनुच्छेदलाई पनि क्लोज प्रविधिको नियमानुसार नै प्रत्येक पाँचौं शब्द झिकेर खाली ठाउँ राखिएको छ । पाठबाट झिकिएका उक्त शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ । विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका उक्त शब्दहरूमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइयो । तेस्रो पाठका दुईओटा अनुच्छेदबाट जम्मा चौंतिसओटा शब्द झिकिएको छ । विद्यार्थीहरूलाई सकेसम्म उक्त सबै शब्दहरूलाई प्रत्येक खाली ठाउँमा भर्न प्रोत्साहित गरेर भर्न लगाइएको छ । सम्बन्धित विद्यालयका विषय शिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा विद्यार्थीहरूलाई प्रश्नावली भराइएको हो । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ । सबै शब्दहरू ठिक ठाउँमा भरेबापत एक सय अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ । विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा  दोस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा चौंतिसओटा शब्द झिकिएका छन् । ती चौंतिसओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको छ । विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये दशजनाले चौंतिसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागीमध्ये दुई जनाले एकतिसओटा सही ठाउँमा र तीनओटाको गलत ठाउँमा भरेको देखिन्छ । ती विद्यार्थीले एक सय अङ्कमा एकानब्बे दशमलव एक सात अङ्क प्राप्त गरेका छन् । उक्त सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क अन्ठानब्बे दशमलव पाँच दुई (९८.५२) हुन्छ ।

उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ उच्चस्तरीय श्रेणीमा रहेको देखिन्छ ।

**तालिका १६**

*कालजित र अजङ्गको राक्षसको कथा कथासम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| २ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ३ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ४ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ५ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ६ | चौँतिस | एकतिस | तीन | एकानब्बे दशमलव एक सात |
| ७ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ८ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ९ | चौँतिस | एकतिस | तीन | एकानब्बे दशमलव एक सात |
| १० | चौँतिस | चौँतिस | शून्य | एक सय |
| ११ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| १२ | चौँतिस | चौँतिस | शून्य | एक सय |
| | औसत अङ्क | | | अन्ठानब्बे दशमलव पाँच दुई |

ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा

तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन् । त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैँतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेका उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मान्न सकिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क अन्ठानब्बे दशमलव पाँच दुई (९८.५२) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको देखिन्छ ।

***तेस्रो पाठ समय पीडा कथाको पठनशीलताको स्तर***

तेस्रो पाठ समय पीडा कथाबाट छनोट गरिएका दुईओटा अनुच्छेदलाई क्लोज प्रविधिको नियमानुसार प्रत्येक पाँचौं शब्द झिकेर खाली ठाउँ राखिएको छ । अनुच्छेदबाट झिकिएका उक्त शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ । विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका शब्दहरूमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइएको छ । छनोट गरिएका उक्त दुईओटा अनुच्छेदबाट जम्मा अट्ठाइस शब्द झिकिएको छ । प्रश्नावली तयार भइसकेपछि विद्यार्थीहरूलाई सम्बन्धित विद्यालयका विषयशिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा उक्त खाली ठाउँ भराइएको छ । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ । सबै शब्दहरू ठिक ठाउँमा भरेबापत एक सय अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ । विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा तेस्रो पाठ समय पीडा कथाको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा अट्ठाइसओटा शब्द झिकिएका छन् । ती अट्ठाइसओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको छ । विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये नौ जनाले अट्ठाइसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागीमध्ये एक जनाले छब्बिसओटा शब्द सही ठाउँमा र दुईओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा बयानब्बे दशमलव आठ पाँच अङ्क प्राप्त गरेका छन् । त्यसैगरी एक जना

विद्यार्थीले चौबिसओटा शब्द ठिक ठाउँमा र चारओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा पचासी दशमलव सात एक अङ्क प्राप्त गरेका छन् । अर्को एक जना विद्यार्थीले एक्काइसओटा शब्द ठिक ठाउँमा र सातओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा पचहत्तर अङ्क प्राप्त गरेका छन् । अध्ययनमा सहभागी सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क छयानब्बे दशमलव तीन एक (९६.३१) हुन्छ । उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ उच्चस्तरीय श्रेणीमा रहेको देखिन्छ ।

**तालिका १७**

*समय पीडा कथासम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| २ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| ३ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| ४ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| ५ | अट्ठाइस | चौबिस | चार | पचासी दशमलव सात एक |
| ६ | अट्ठाइस | एक्काइस | सात | पचहत्तर |
| ७ | अट्ठाइस | छब्बिस | दुई | बयानब्बे दशमलव आठ पाँच |
| ८ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| ९ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| १० | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| ११ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| १२ | अट्ठाइस | अट्ठाइस | शून्य | एक सय |
| | औसत अङ्क | | | छयानब्बे दशमलव तीन एक |

ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन्, त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैंतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेका उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मानिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क छयानब्बे दशमलव तीन एक (९६.३१) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको देखिन्छ ।

***चौथो पाठ भविष्य निर्माण कथाको पठनशीलताको स्तर***

चौथो पाठ भविष्य निर्माण कथाबाट छनोट गरिएका दुईओटा अनुच्छेदलाई पनि क्लोज प्रविधिको नियमानुसार नै प्रत्येक पाँचौं शब्द झिकेर अनुच्छेदमा खाली ठाउँ राखिएको छ । अनुच्छेदबाट झिकिएका ती शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ । विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका शब्दहरूमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइएको छ । छनोट गरिएका दुईओटा अनुच्छेदबाट जम्मा तेइस शब्द झिकिएको छ । प्रश्नावली तयार गरिसकेपछि सम्बन्धित विद्यालयका विषयशिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा विद्यार्थीहरूलाई भर्न लगाइएको छ । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ । सबै शब्दहरू ठिक ठाउँमा भरेबापत एक सय अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ । विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा चौथो पाठ भविष्य निर्माण कथाको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्न दुईओटा अनुच्छेद छनोट गरी उक्त अनुच्छेदबाट जम्मा तेइसओटा शब्द झिकेर खाली ठाउँ राखिएको छ । ती तेइसओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएकोमा विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी

गराइएका बाह्र जना विद्यार्थीमध्ये एघार जनाले तेइसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागीमध्ये एक जनाले बाइसओटा शब्द सही ठाउँमा र एउटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा पन्चानब्बे दशमलव छ पाँच अङ्क प्राप्त गरेका छन् । अध्ययनमा सहभागी सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क उनान्सय दशमलव छ तीन (९९.६३) हुन्छ । उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ उच्चस्तरीय श्रेणीमा रहेको देखिन्छ ।

**तालिका १८**

*भविष्य निर्माण कथासम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | तेइस | तेइस | शून्य | एक |
| २ | तेइस | तेइस | शून्य | एक |
| ३ | तेइस | तेइस | शून्य | एक |
| ४ | तेइस | बाइस | एक | पन्चानब्बे दशमलव छ पाँच |
| ५ | तेइस | तेइस | शून्य | एक |
| ६ | तेइस | तेइस | शून्य | एक |
| ७ | तेइस | तेइस | शून्य | एक |
| ८ | तेइस | तेइस | शून्य | एक |
| ९ | तेइस | तेइस | शून्य | एक |
| १० | तेइस | तेइस | शून्य | एक |
| ११ | तेइस | तेइस | शून्य | एक |
| १२ | तेइस | तेइस | शून्य | एक |
| | औसत अङ्क | | | उनान्सय दशमलव छ तीन |

ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन् । त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेमा उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मानिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव छ तीन (९९.६३) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको देखिन्छ ।

***पाँचौ पाठ करेसाबारी निबन्धको पठनशीलताको स्तर***

अध्ययनका लागि छनोट गरिएको पाँचौ पाठ करेसाबारी निबन्धबाट झिकिएका दुईओटा अनुच्छेदलाई क्लोज प्रविधिको नियमानुसार प्रत्येक पाँचौँ शब्द झिकेर खाली ठाउँ राखिएको छ । पाठबाट झिकिएका उक्त शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ । विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका शब्दबाट छानेर खाली ठाउँ भर्न लगाइएको छ । उक्त निबन्धबाट लिइएका दुईओटा अनुच्छेदबाट जम्मा अठचालिस शब्द झिकिएको छ । प्रश्नावली भराउँदा विद्यार्थीहरूलाई सकेसम्म सबै खाली ठाउँ भर्न निर्देशन दिइएको थियो । खाली ठाउँ भराउँदा सम्बन्धित विद्यालयका विषय शिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा भराइएको हो । विद्यार्थीहरूले भरेर प्रश्नावली बुझाइसकेपछि एक सय अङ्क निर्धारण गरी परीक्षण गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तल उल्लिखित तालिकाको अध्ययन गर्दा पाँचौँ पाठ करेसाबारी निबन्धको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा अठचालिसओटा शब्द झिकिएका थिए । ती अठचालिसओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको थियो । विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये

छ जनाले अठचालिसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागीमध्ये एक जनाले छयालिसओटा सही ठाउँमा र दुईओटाको गलत ठाउँमा भरेको देखिन्छ । ती विद्यार्थीले एक सय अङ्कमा पन्चानब्बे दशमलव आठ तीन (९५.८३) अङ्क प्राप्त गरेका छन् । त्यसैगरी दुई जना विद्यार्थीले त्रिचालिसओटा शब्द ठिक ठाउँमा र पाँचओटा शब्द गलत ठाउँमा भरेकाले उक्त विद्यार्थीले एक सय अङ्कमा उनानब्बे दशमलव पाँच आठ (८९.५८) अङ्क प्राप्त गरेका छन् ।

**तालिका १९**

*करेसाबारी निबन्धसम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | अठचालिस | अठचालिस | शून्य | एक सय |
| २ | अठचालिस | अठचालिस | शून्य | एक सय |
| ३ | अठचालिस | छयालिस | दुई | पन्चानब्बे दशमलव आठ तीन |
| ४ | अठचालिस | अठचालिस | शून्य | एक सय |
| ५ | अठचालिस | चालिस | आठ | त्रियासी दशमलव तीन तीन |
| ६ | अठचालिस | चालिस | आठ | त्रियासी दशमलव तीन तीन |
| ७ | अठचालिस | त्रिचालिस | पाच | उनानब्बे दशमलव पाँच आठ |
| ८ | अठचालिस | त्रिचालिस | पाँच | उनानब्बे दशमलव पाँच आठ |
| ९ | अठचालिस | अठतिस | दश | उनासी दशमलव एक छ |
| १० | अठचालिस | अठचालिस | शून्य | एक सय |
| ११ | अठचालिस | अठचालिस | शून्य | एक सय |
| १२ | अठचालिस | अठचालिस | शून्य | एक सय |
| | | औसत अङ्क | | त्रियानब्बे दशमलव चार |

उपर्युक्त तालिकाका बाह्र जना सहभागीमध्ये एक जनाले छयालिसओटा सही ठाउँमा र दुईओटाको गलत ठाउँमा भरेको देखिन्छ । ती विद्यार्थीले एक सय अङ्कमा पन्चानब्बे दशमलव आठ तीन (९५.८३) अङ्क प्राप्त गरेका छन् । त्यसैगरी दुई जना विद्यार्थीले त्रिचालिसओटा शब्द ठिक ठाउँमा र पाँचओटा शब्द गलत ठाउँमा भरेकाले उक्त विद्यार्थीले एक सय अङ्कमा उनानब्बे दशमलव पाँच आठ (८९.५८) अङ्क प्राप्त गरेका छन् । सहभागीमध्ये दुई जनाले चालिस शब्द ठिक ठाउँमा र आठओटा शब्द गलत ठाउँमा भरेकाले ती विद्यार्थीले एक सय अङ्कमा त्रियासी दशमलव तीन तीन (८३.३३) अङ्क प्राप्त गरेका छन् । त्यस्तै एक जनाले अठतिसओटाको सही ठाउँमा र दशओटा शब्दको गलत प्रयोग गरेकाले ती विद्यार्थीले एक सय अङ्कमा उनासी दशमलव एक छ (७९.१६) अङ्क प्राप्त गरेका छन् । उक्त सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क त्रियानब्बे दशमलव चार (९३.४) हुन्छ ।

उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पाँचौ पाठ करेसाबारी निबन्धलाई हेर्दा उक्त पाठ उच्च स्तरीय श्रेणीमा रहेको देखिन्छ । ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन् । त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैंतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेका उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मान्न सकिन्छ भनेका छन् । तसर्थ विद्यार्थीले प्राप्त गरेको औसत अङ्क त्रियानब्बे दशमलव चार (९३.४) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको छ भन्न सकिन्छ ।

***छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धको पठनशीलताको स्तर***

छैटौँ पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धबाट पनि दुईओटा अनुच्छेद लिइएको छ । छनोट गरिएका उक्त अनुच्छेदलाई क्लोज प्रविधिको नियमानुसार प्रत्येक पाँचौँ शब्द झिकेर खाली ठाउँ राखिएको छ । अनुच्छेदबाट झिकिएका उक्त शब्दहरूलाई दायाँतिर कोठामा

छ्यासमिस पारेर राखिएको छ । विद्यार्थीहरूलाई दायाँ किनारमा कोठामा राखिएका शब्दहरूमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइएको छ। दुईओटा अनुच्छेदबाट जम्मा छब्बिस शब्द झिकिएको छ। खाली ठाउँ भराउँदा सम्बन्धित विद्यालयका विषय शिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा भराइएको हो । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ। सबै शब्दहरू ठिक ठाउँमा भरेबापत एक सय अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ। विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २०**

*कञ्चनजङ्घालाई नियाल्दा नियात्रासम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| २ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ३ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ४ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ५ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ६ | छब्बिस | सोह्र | दश | एकसट्ठी दशमलव पाँच तीन |
| ७ | छब्बिस | चौबिस | दुई | बयानब्बे दशमलव तीन |
| ८ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ९ | छब्बिस | चौबिस | दुई | बयानब्बे दशमलव तीन |
| १० | छब्बिस | छब्बिस | शून्य | एक सय |
| ११ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| १२ | छब्बिस | छब्बिस | शून्य | एक सय |
| | | औसत अङ्क | | पन्चानब्बे दशमलव पाँच एक |

उपर्युक्त तालिकाको अध्ययन गर्दा छैटौं पाठ कञ्चनजङ्घालाई नियाल्दा नियात्राको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा छब्बिसओटा शब्द झिकिएका छन् । ती छब्बिस ओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको छ । विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये नौ जनाले छब्बिसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागीमध्ये दुई जनाले चौबिसओटा सही ठाउँमा र दुईओटाको गलत ठाउँमा भरेको देखिन्छ । ती विद्यार्थीले एक सय अङ्कमा बयानब्बे दशमलव तीन अङ्क प्राप्त गरेका छन् । त्यसैगरी एक जना विद्यार्थीले सोह्रओटा शब्द सही ठाउँमा र दशओटा शब्द गलत ठाउँमा भरेका छन् । ती विद्यार्थीले एक सय अङ्कमा एकसट्ठी दशमलव तीन पाँच अङ्क प्राप्त गरेका छन् । सहभागी सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क पन्चानब्बे दशमलव पाँच एक (९५.५१) हुन्छ । उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ उच्चस्तरीय श्रेणीमा रहेको देखिन्छ । ह्यारिसन (सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन् । त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने पैंतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेमा उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मान्न सकिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क पन्चानब्बे दशमलव पाँच एक (९५.५१) का आधारमा यो पाठ पनि विद्यार्थीका निमित्त स्तरीयता वा पठनशीलताको उपयुक्त कोटीमा रहेको देखिन्छ ।

***सातौँ पाठ नेपाली लोकबाजा निबन्धको पठनशीलताको स्तर***

सातौं पाठ नेपाली लोकबाजा निबन्धबाट छनोट गरिएका दुईओटा अनुच्छेदलाई पनि क्लोज प्रविधिको नियमानुसार प्रत्येक पाँचौं शब्द झिकेर पाठमा खाली ठाउँ राखिएको छ । अनुच्छेदबाट झिकिएका ती शब्दहरूलाई दायाँतिर कोठामा छ्यासमिस पारेर राखिएको छ ।

विद्यार्थीहरूलाई दायाँ किनारमा राखिएका ती शब्दहरूमध्येबाट छानेर खाली ठाउँ भर्न लगाइएको छ । उक्त पाठबाट जम्मा उनन्चालिस शब्द झिकिएको छ । सम्बन्धित विद्यालयका विषयशिक्षक र शोधार्थीको प्रत्यक्ष निगरानीमा विद्यार्थीहरूलाई प्रश्नावली भराइयो । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि ती प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ । सबै शब्दहरू ठिक ठाउँमा भरेबापत १०० अङ्क प्रदान गरिएको छ भने गलत गरेबापत त्यसैअनुसार अङ्क घटाइएको छ । विद्यार्थीले प्राप्त गरेको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २१**

*लोकबाजा निबन्धसम्बद्ध प्रश्नावलीका आधारमा विद्यार्थीले भरेको उत्तरबाट प्राप्त परिणाम*

| विद्यार्थी | जम्मा झिकिएका शब्द | ठिक ठाउँमा भरिएका शब्द | गलत भरिएका शब्द | विद्यार्थीको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| २ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| ३ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| ४ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| ५ | उनन्चालिस | सत्ताइस | बाह्र | उनन्सत्तरी दशमलव दुई |
| ६ | उनन्चालिस | उनन्तिस | दश | चौहत्तर दशमलव तीन पाँच |
| ७ | उनन्चालिस | एक्काइस | अठार | त्रिपन्न दशमलव आठ चार |
| ८ | उनन्चालिस | तिस | नौ | छयहत्तर दशमलव नौ दुई |
| ९ | उनन्चालिस | छत्तीस | तीन | बयानब्बे दशमल तीन |
| १० | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| ११ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| १२ | उनन्चालिस | उनन्चालिस | शून्य | एक सय |
| | | औसत अङ्क | | अठासी दशमलव आठ आठ |

उपर्युक्त तालिकाको अध्ययन गर्दा सातौँ पाठ नेपाली लोकबाजा निबन्धको विद्यार्थीको योग्यताका आधारमा पठनशीलताको अध्ययन गर्न क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गर्दा उक्त पाठबाट जम्मा उनन्चालिसओटा शब्द झिकेर खाली ठाउँ राखिएको छ ।

ती उनन्चालिसओटा शब्दलाई ठिक ठाउँमा भरेबापत विद्यार्थीलाई एक सय अङ्क दिने गरी प्रश्नावली निर्माण गरिएको छ । विभिन्न विद्यालयबाट अध्ययनमा सहभागी गराइएका बाह्र जना विद्यार्थीमध्ये सात जनाले उनन्चालिसओटा शब्द नै ठिक ठाउँमा ठिक तरिकाले भरेका छन् । ती विद्यार्थी सबैले एक सय अङ्कमा एक सय अङ्क नै प्राप्त गरेका छन् । सहभागी मध्ये एक जनाले छत्तिसओटा शब्द सही ठाउँमा र तीनओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा बयानब्बे दशमलव तीन अङ्क प्राप्त गरेका छन् । त्यसैगरी एक जना विद्यार्थीले तिसओटा शब्द ठिक ठाउँमा र नौओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा तिनले एक सय अङ्कमा छयहत्तर दशमलव नौ दुई अङ्क प्राप्त गरेका छन् । अर्को एक जना विद्यार्थीले उनन्तिसओटा शब्द ठिक ठाउँमा र दशओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा चौहत्तर दशमलव तीन पाँच अङ्क प्राप्त गरेका छन् । अर्को एक जना सहभागीले सत्ताइसओटा शब्द ठिक ठाउँमा र बाह्रओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा उनन्सत्तरी दशमलव दुई तीन अङ्क प्राप्त गरेका छन् । त्यसैगरी अर्को एक जना विद्यार्थीले एक्काइस शब्द ठिक ठाउँमा र अठारओटा शब्द गलत ठाउँमा भरेको देखिन्छ । यस आधारमा ती विद्यार्थीले एक सय अङ्कमा त्रिपन्न दशमलव आठ चार अङ्क प्राप्त गरेका छन् । अध्ययनमा सहभागी सबै बाह्र जना विद्यार्थीले प्राप्त गरेको अङ्कको औसत अङ्क अठासी दशमलव आठ आठ (८८.८८) हुन्छ । उक्त औसत अङ्कका आधारमा पाठ्यपुस्तकको पहिलो पाठलाई हेर्दा उक्त पाठ स्तरीय श्रेणीमा रहेको देखिदैन । ह्यारिसन ( सन् १९८०) का अनुसार विद्यार्थीले नब्बे प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेमा उक्त सामग्री पाठकका लागि स्तरीयताको कोटीको हुने, पचहत्तरदेखि माथि र नब्बेभन्दा तल अङ्क प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उनीहरूलाई शिक्षकको आवश्यकता पर्ने कुरा बताएका छन्, त्यसैगरी पचहत्तर प्रतिशतभन्दा तल चालिस प्रतिशतभन्दा माथि अङ्क विद्यार्थीले प्राप्त गरेमा विद्यार्थीको शैक्षणिक तहभन्दा कठिन बन्ने बताएका छन् भने विद्यार्थीले पैंतिसदेखि चालिस प्रतिशत वा सोभन्दा कम अङ्क प्राप्त गरेमा उक्त पाठ्यसामग्री विषयवस्तुका दृष्टिले पाठकलाई वितृष्णा जगाउने अर्थात् शब्द शैलीका दृष्टिले क्लिष्ट मान्न सकिन्छ भनेका छन् । विद्यार्थीले प्राप्त गरेको औसत अङ्क अठासी दशमलव आठ आठ ( ८८.८८) का आधारमा यो पाठ पनि विद्यार्थीको शैक्षणिक तहमा भएर पनि उक्त पाठ बुझ्नका लागि शिक्षकको आवश्यकता पर्ने देखिन्छ ।

**विद्यार्थीबाट प्राप्त प्रतिक्रियाका आधारमा पठनशीलताको स्तर**

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्नका लागि उक्त पाठ्यपुस्तकका गद्य विधाअन्तर्गतका कथा र निबन्ध विधाका पाठहरूलाई आधार मानिएको छ । यस क्रममा पाठको पठनसिप क्षमता, पाठप्रतिको विद्यार्थीको रुचि, पाठले विद्यार्थीलाई दिएको उत्प्रेरणा र पाठसँग सम्बन्धित पूर्वज्ञानमा आधारित रही केही खुला प्रश्नावली निर्माण गरिएको छ । उक्त प्रश्नहरू छनोट भएका बाह्र जना विद्यार्थीलाई सोधिएको छ र ती विद्यार्थीहरूबाट आएका प्रतिक्रियाका आधारमा पाठ्यपुस्तकको स्तर निर्धारण गरिएको छ । विद्यार्थीहरूलाई पठनशीलताका पाठकीय तत्त्वहरू पठनसिप, पूर्वज्ञान, रुचि र उत्प्रेरणालाई आधार मानेर प्रश्न सोधिएको छ। जसबाट प्राप्त विद्यार्थीहरूको धारणालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***पठनसिपका कारण निर्मित पठनशीलताको स्तर***

विद्यार्थीहरूका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू पढ्न सकिने नै देखिन्छन् । अन्तर्वातामा सहभागी क विद्यार्थीले स्वाद कथामा वाक्यहरू छोटा र विषयवस्तु रमाइलो भएकाले पाठ सजिलो लागेको र करेसाबारी कथामा शब्दहरू कठिन खालका भएकाले पाठ कठिन भएको बताएका छन् । ख विद्यार्थीले भविष्य निर्माण कथामा पहिले नै पढेका जानेका शब्दहरू धेरै भएकाले सजिलो र कञ्चनजङ्घालाई नियाल्दा निबन्ध पाठमा नयाँ र कठिन शब्दहरू भएकाले पाठ कठिन भएको बताएका छन् । त्यसैगरी ग, घ, च, छ विद्यार्थीले स्वाद कथा सजिलो र लोकबाजा निबन्ध कठिन भएको बताएका छन् । ज, झ, ञ, ट र ठ विद्यार्थीले भविष्य निर्माण कथामा वाक्यहरू छोटा भएकाले सजिलो र कञ्चनजङ्घालाई नियाल्दा पाठमा वाक्यहरू लामा भएकाले पाठ कठिन भएको बताएका छन् । सबै विद्यार्थीहरूले कालजित र अजङ्गको राक्षसको कथा र समय पीडा कथा मध्यम स्तरको भएको बताएका छन् । यसप्रकार कक्षा नौका पाठहरू पढ्दा अधिकांश विद्यार्थीहरूलाई स्वाद कथा र भविष्य निर्माण कथा सजिलो भएको पाइएको छ । त्यसैगरी केही विद्यार्थीलाई करेसाबारी पाठ कठिन लागेको छ भने केही विद्यार्थीलाई कञ्चनजङ्घालाई नियाल्दा र लोकबाजा पाठ कठिन भएको देखिन्छ । त्यसैगरी कालजित र अजङ्गको राक्षसको कथा र समय पीडा कथा पाठ पढ्नका लागि सबैलाई मध्यम स्तरको रहेको देखिएको छ । विद्यार्थीहरूका अनुसार पाठ सरल र कठिन हुनुको कारण पाठमा समावेश गरिएका शब्दभण्डार

नै मुख्य कारक देखिन्छ भने वाक्यको लम्बाइले पनि पाठलाई सरल कठिन बनाएको प्रतिक्रिया विद्यार्थीबाट आएको देखिन्छ ।

प्रस्तुत तथ्यबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकका समावेश भएका कथा र निबन्ध विधाका पाठहरू पठनसिपका दृष्टिले उपयुक्त नै देखिन्छन् । केही मात्रामा कठिन भए पनि पाठहरू पठनीय नै रहेको देखिन्छ ।

***पूर्वज्ञानका कारण निर्मित पठनशीलताको स्तर***

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा र निबन्ध विधाका पाठहरू विद्यार्थीका निम्ति नयाँ देखिन्छन् । अन्तर्वार्तामा सहभागी सबै विद्यार्थीहरूले कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध सबै विधाका पाठहरू नयाँ भएको पहिले कहीँकतै नपढेको बताएका छन् । पाठहरू नपढे पनि पाठका विषयवस्तु परिचित र शब्दभण्डार पनि परिचित नै भएकोले पाठहरू पढ्न सजिलो भएको प्रतिक्रिया दिएका छन् । कक्षा नौमा समावेश गरिएका कथा र निबन्ध विधाका पाठहरू नयाँ हुन् वा तपाईंले पहिले पनि पढ्नुभएको थियो भन्ने प्रश्नको जवाफ सबै विद्यार्थीको यस्तो पाइएको छ, "पाठहरू नयाँ हुन् । पढेको त थिएन तर विषयवस्तु थाहा पाएकै हुन् र पाठहरू पढ्दा रमाइला छन् ।" सबै विद्यार्थीहरूले यी पाठहरू पहिले कहीँकतै नपढेको देखिन्छ । तर पनि यी पाठहरूमा समावेश भएका अधिकांश शब्दभण्डार विद्यार्थीहरूका लागि पूर्वपरिचित देखिन्छन् । त्यसले गर्दा विद्यार्थीहरूलाई उक्त पाठहरू पढ्न सजिलो भएको देखिन्छ । विद्यार्थीहरूलाई करेसाबारी, लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा समावेश भएका केही शब्दहरू कठिन भए पनि ती शब्द सँगसँगै अगाडि पछाडि आएका अन्य शब्दका सहायताले बुझ्ने प्रयास गरेको देखिन्छ । कथा विधामा समावेश भएका शब्दहरू भने केही मात्रामा मात्र कठिन भएकाले पाठहरू पढेर बुझ्न कठिन भएको देखिन्छ ।

प्रस्तुत तथ्यलाई हेर्दा कक्षा नौमा समावेश गरिएका पाठहरू विद्यार्थीका निम्ति पूर्वपरिचित देखिँदैनन् । तापनि विद्यार्थीहरूमा भएको शब्दभण्डारसम्बन्धी पूर्वज्ञानका कारण पाठहरू पठनीय बनेका छन् । पाठहरू सबै नयाँ भए पनि त्यसमा समाविष्ट विषयवस्तु र अधिकांश शब्दभण्डारका बारेमा विद्यार्थीहरूको पूर्वज्ञान भएको देखिन्छ । यसरी विषयवस्तु र शब्दभण्डारको पूर्वज्ञानले कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट पाठहरू पठनशीलताका दृष्टिले उपयुक्त बन्न पुगेका छन् ।

### *रुचिका कारण निर्मित पठनशीलताको स्तर*

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाअन्तर्गतका कथा र निबन्धमध्ये कथा विधामा विद्यार्थीको रुचि बढी देखिएको छ । अन्तर्वार्तामा सहभागी विद्यार्थीहरूमध्ये क विद्यार्थीले स्वाद कथा मनोरञ्जन दिने भएकाले सजिलो रहेको बताएका छन् । ख विद्यार्थीले भविष्य निर्माण कथा भावी जीवनको उद्देश्य तय गर्न मद्दत गर्ने भएकाले कथा सजिलो लागेको बताएका छन् । धेरैजसो विद्यार्थीको भनाइ छ, "पाठ पढौँ पढौँ लाग्छन्, किनकि तिनीहरूले ज्ञानगुनका कुरा सिकाएका छन् । कुनै पाठले कृषि, कुनैले पर्यटन, कुनैले संस्कृति त कुनैले मनोरञ्जन दिन्छन् ।" यसप्रकार मनोरञ्जन र आनन्द लिनुका अतिरिक्त आफ्नो भावी जीवनको उद्देश्य तय गर्न कथा विधामा विद्यार्थीको रुचि बढी देखिएको छ। निबन्ध विधाका विषयवस्तुले दैनिक जनजीवनका ज्ञानगुनका कुरा सिकाएको प्रतिक्रिया आएको छ । जस्तै : करेसाबारी निबन्धले दैनिक जनजीवनलाई स्वस्थकर बनाउन सहयोग पुऱ्याउने भएकाले त्यस पाठप्रति विद्यार्थीको रुचि पैदा भएको देखिन्छ भने लोकबाजा निबन्धले विद्यार्थीहरूलाई आफ्नो कला र संस्कृतिको संरक्षण र संवर्धन गर्नका लागि रुचि जगाएको देखिन्छ । त्यस्तै कञ्चनजङ्घालाई नियाल्दा निबन्धले देशको पर्यटन प्रवर्धनका लागि रुचि जगाएको छ ।

प्रस्तुत तथ्यलाई हेर्दा नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरू विद्यार्थीका निम्ति रुचिपूर्ण देखिन्छन् । रुचिपूर्ण भएका कारणले कक्षा नौमा समावेश गरिएका उक्त पाठहरू पठनीय बन्न पुगेका छन् । तसर्थ पठनशीलताका दृष्टिले नेपाली पाठ्यपुस्तक उपयुक्त स्तरको देखिन्छ ।

### *उत्प्रेरणाका कारण निर्मित पठनशीलताको स्तर*

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधाका सबै पाठहरूले विद्यार्थीहरूमा केही न केही उत्प्रेरणा जगाउन सफल भएका छन् । "पाठहरू पढ्न सुरु गरिसकेपछि पढिरहुँ जस्तो लाग्छ कि पढ्न छोडौँ जस्तो लाग्छ ? किन?" भन्ने प्रश्नको उत्तरमा अन्तर्वातामा सहभागी विद्यार्थीहरूले भनेका छन् ,"पढिरहुँ लाग्छन् । आफूलाई मन परेका पाठ स्वाद कथा, भविष्य निर्माण कथा पढिरहुँ लाग्छ । समय पीडा कथा पनि ठिकै छ । पढ्न सुरु गरिसकेपछि यसपछि के भयो होला भन्ने मनमा खुल्दुली लागिरहन्छ र अनि पढ्न मन लाग्छ । करेसाबारीमा तरकारी कसरी लगाउने, कहिले लगाउने भनेर घरमा आमाबुवालाई भन्नपर्ला भनेर पढ्न मन लाग्यो । त्यसैगरी पाठमा आउने शब्दले पनि पढौँ पढौँ लाग्ने बनाएका छन्

।" विद्यार्थीहरूले पाठ पढ्न सुरु गरेपछि बिचमै नछाडी पाठ पढेर सिध्याएकै देखियो । उनीहरूलाई उक्त पाठहरू पढौँ पढौँ लाग्ने खालका देखिएका छन् । पाठमा प्रयुक्त विषयवस्तु मुख्य उत्प्रेरकका रूपमा देखिन्छ भने शब्दभण्डारले पनि केही मात्रामा उत्प्रेरणा प्रदान गरेको देखिन्छ । यसरी पाठमा प्रयुक्त शब्दभण्डार र विषयवस्तु विद्यार्थीका निम्ति उत्प्रेरक बनेका छन् ।

प्रस्तुत तथ्यका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधाका पाठहरू पठनीय देखिन्छन् । पठनीय बनाउने मुख्य तत्त्वका रूपमा विषयवस्तु र शब्दभण्डार देखिएका छन् । यिनै विषयवस्तु र शब्दभण्डारका कारणले पाठहरू पढौँ पढौँ लाग्ने र रुचिपूर्ण बनेका छन् । यसरी पाठहरू पठनीय बनाउन उत्प्रेरणाले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**अध्याय सारांश**

प्रस्तुत अध्यायमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारणका लागि विद्यालयमा गई विद्यार्थीसँग गरिएको अध्ययनलाई प्रस्तुत गरिएको छ । कक्षा नौको पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि नमुनाका रूपमा कथा विधाका चारओटा र निबन्ध विधाका तीनओटा गरी जम्मा सातओटा पाठहरूलाई लिइएको छ । ती प्रत्येक पाठबाट दुई दुईओटा अनुच्छेद छनोट गरी क्लोज प्रविधिको प्रयोगबाट प्रश्नावली निर्माण गरेर कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई भराइएको छ । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि उक्त प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरिएको छ । त्यसबाट प्राप्त अङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । पहिलो पाठ स्वाद कथाबाट दुई अनुचछेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा अठारओटा शब्द खाली ठाउँ भर्नका लागि झिकिएको छ । उक्त पाठमा विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव शून्य सात रहेको छ । दोस्रो पाठ करेसाबारी निबन्धबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न अठचालिसओटा शब्द झिकी खाली ठाउँ भर्नका लागि राखिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको अङ्क त्रियानब्बे दशमलव चार रहेको छ । तेस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथाबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा चौँतिसओटा शब्द झिकी खाली ठाउँ भर्नलाई राखिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क अन्ठानब्बे दशमलव पाँच दुई रहेको छ । चौथो पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा छब्बिसओटा शब्द झिकी खाली ठाउँ

भर्नलाई राखिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क पन्चानब्बे दशमलव पाँच एक रहेको छ । पाँचौँ पाठ समय पीडा कथाबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा अट्ठाइसओटा शब्द झिकी खाली ठाउँ राखिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क छयानब्बे दशमलव तीन एक रहेको छ । छैटौँ पाठ नेपाली लोकबाजा निबन्धबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा उनन्चालिसओटा शब्द झिकी खाली ठाउँ राखिएको छ। उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क अठासी दशमलव आठ आठ रहेको छ। सातौँ पाठ भविष्य निर्माण कथाबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्दा तेइसओटा शब्द झिकिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव छ तीन रहेको छ। छनोट गरिएका पाठहरूको विद्यार्थीहरूबाट प्राप्त अङ्कको औसत अङ्क हेर्दा सबै पाठहरू पठनीय नै देखिन्छन् । सबै पाठहरूमा विद्यार्थीहरूले प्राप्त गरेको औसत अङ्क अठासी प्रतिशतभन्दा माथि नै देखिन्छ । जसबाट उक्त पाठहरू पठनीय देखिन्छन् । छनोट गरिएका सातओटा पाठहरूमध्ये सबैभन्दा कम अङ्क छैटौँ पाठ अर्थात् नेपाली लोकबाजा निबन्धमा आएको छ । उक्त पाठ पठनीय हुनका लागि शिक्षकको सहयोगको आवश्यकता देखिन्छ भने सबैभन्दा उपयुक्त अर्थात् पठनीय पाठ सातौँ पाठ भविष्य निर्माण कथा रहेको छ। यस पाठमा सबैभन्दा बढी अङ्क उनान्सय दशमलव छ तीन आएको छ । अन्य सबै पाठहरू पनि पठनशीलताका दृष्टिले स्तरीय रहेका छन् । विद्यार्थीलाई सोधिएको पठनशीलतामा आधारित प्रश्नका आधारमा पनि कक्षा नौको नेपाली पाठ्यपुस्तक पठनीय नै देखिन्छ । पठनशीलताका तत्त्वहरू पठनसिप, पूर्वज्ञान, रुचि र उत्प्रेरणालाई आधार बनाई विद्यार्थीसँग गरिएको अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई आधार मान्दा पनि पाठ्यपुस्तक पठनशीलताको दृष्टिकोणले उपयुक्त देखिएको छ । समग्रमा कक्षा नौको पाठ्यपुस्तक विद्यार्थीमा गरिएको अध्ययनबाट प्राप्त नतिजाअनुसार पठनशीलताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

# अध्याय सात

# प्राप्ति र छलफल

प्रस्तुत अध्यायमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका गद्य विधाअन्तर्गतका कथा र निबन्ध विधाका पाठहरूको पठनशीलतासम्बन्धी प्राप्तिको चर्चा गर्दै छलफल प्रस्तुत गरिएको छ । यस शोधप्रबन्धमा पाठ्यपुस्तकको पठनशीलताको स्तर पहिल्याउनका लागि फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरेर पठनशीलताको तालिकाअनुसार मूल्याङ्कन गरी विश्लेषण गरिएको छ । त्यसैगरी क्लोज प्रविधिको सहयोगबाट प्रश्न निर्माण गरेर विद्यार्थीहरूलाई उक्त प्रश्न भर्न लगाई पठनशीलताको स्तर निर्धारण गरिएको छ । विश्लेषित दुवै अध्ययनबाट प्राप्त समग्र प्राप्तिलाई एकीकृत गरी पठनशीलताको समग्र स्तर निर्धारण गर्ने कार्य यस अध्यायमा गरिएको छ ।

## अक्षर संरचनाका दृष्टिले पाठ्यपुस्तकको पठनशीलताको स्तरसम्बन्धी प्राप्ति र छलफल

श्वासको एक आघात वा झड्कामा उच्चरित हुने ध्वनिखण्डलाई अक्षर भनिन्छ । पाठ्यपुस्तकको निर्माण गर्दा अक्षर संरचनालाई पनि ध्यान दिनु जरुरी हुन्छ किनकि अक्षर संरचनालाई पाठ्यपुस्तक लेखनको एक महत्त्वपूर्ण आधार मानिन्छ । पाठ्यपुस्तक निर्माण गर्दा जति सकिन्छ कमभन्दा कम अक्षर वर्गका शब्दहरूलाई प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकका स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण गरी चारओटा कथा र करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा गरी तीनओटा निबन्ध गरी जम्मा सातओटा पाठहरू छनोट गरिएको छ । पाठ छनोट गरिसकेपछि अक्षर संरचनाको अध्ययन गर्न उक्त पाठमा प्रयुक्त शब्द सङ्ख्या र अक्षर सङ्ख्याको गणना गरी फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी पठनशीलताको तालिकाअनुसार पाठ्यपुस्तकको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्न प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको गणना गरिएको छ । प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको औसत सङ्ख्या निकाली फ्लेस्क रिडिङ इज सूत्रअनुसारको पठनशीलता तालिकाका आधारमा पाठहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य गर्दा पहिलो पाठ स्वाद कथामा जम्मा एक हजार चार सय शब्दमा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार दुई सय तेत्तिस अक्षर सङ्ख्या रहेको र उक्त पाठको प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकतिस रहेको छ । दोस्रो पाठ करेसाबारी निबन्धमा

जम्मा एक हजार दुई सय शब्दमा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार दुई सय बाउन्न अक्षर सङ्ख्या रहेको र उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकहत्तर रहेको छ । तेस्रो पाठ कालजित र अजङ्गको राक्षसको कथा कथामा जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार चार सय साठी अक्षर सङ्ख्या रहेको र उक्त पाठमा प्रतिसय शब्दमा जम्मा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको देखिन्छ । त्यसैगरी चौथो पाठ कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा जम्मा दुई हजार एक सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा पाँच हजार चार सय एघार अक्षर सङ्ख्या रहेको र उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय अन्ठाउन्न रहेको देखिन्छ । पाँचौँ पाठ अर्थात् समय पीडा कथामा जम्मा दुई हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा पाँच हजार आठ सय एकचालिस अक्षर सङ्ख्या रहेको र उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय चवन्न रहेको छ । छैटौँ पाठ नेपाली लोकबाजा निबन्धमा जम्मा एक हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार तीन सय एकसट्ठी अक्षर सङ्ख्या रहेको र उक्त पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय उनन्साठी रहेको देखिन्छ । सातौँ पाठ भविष्य निर्माण कथामा छ सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा एक हजार चार सय बयासी अक्षर सङ्ख्या रहेको र उक्त सातौँ पाठमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको देखिन्छ ।

यसप्रकार कक्षा नौको नेपाली पाठ्यपुस्तकको अक्षर संरचनाका दृष्टिले अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा समग्रमा पाठ्यपुस्तकमा समावेश गरिएका कथा र निबन्ध विधाका सातओटा पाठहरूमा हेर्दा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न हुन आउँछ । उक्त प्रतिसय शब्दमा देखिएको औसत अक्षर सङ्ख्यालाई फ्लेस्क पठनशीलता अङ्कको विश्लेषणात्मक तालिकामा राखेर कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन मूल्याङ्कन गर्दा उक्त पाठ्यपुस्तकमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ । तर यस अध्ययनबाट पाठ्यपुस्तकमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न हुन आएको छ । जुन तथ्याङ्कलाई फ्लेस्क यस तालिका राखेर हेर्दा उक्त पाठ्यपुस्तकको स्तर एक सय बयानब्बे वा सोभन्दा बढी अन्तर्गतको श्रेणीमा परेको छ । जुन फ्लेस्क तालिकाले कलेज स्तरका विद्यार्थीका लागि उपयुक्त ठानेको छ । पौडेल (२०६६) ले माध्यमिक तह (कक्षा नौ र दश) का नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनमा शब्दको

आवृतिले पाठ्यपुस्तक सरल बन्न सक्ने कुरालाई आधार मानेर शब्दको आवृत्तिको अध्ययन गरेका छन् । अध्ययनमा शब्दको आवृत्ति नभई शब्दमा प्रयुक्त अक्षर सङ्ख्याका आधारमा पठनशीलताको मूल्याङ्कन गरिएको छ । अध्ययनबाट उक्त पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले कक्षा नौका विद्यार्थीको स्तरअनुकूल नभएकाले पाठ्यपुस्तक कक्षा नौका विद्यार्थीलाई स्वयम् पढेर बोध गर्न कठिन भएको निष्कर्ष प्रस्तुत भएको छ । पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि पठनीय देखिन्छ भने कक्षा नौका विद्यार्थीका लागि पठनीय देखिँदैन । कक्षा नौका विद्यार्थीलाई उक्त पाठ्यपुस्तक पठनीय बनाउन शिक्षकको अनिवार्य आवश्यकता देखिन्छ।

**वाक्य संरचनाका दृष्टिले पाठ्यपुस्तकको पठनशीलताको स्तरसम्बन्धी प्राप्ति र छलफल**

वाक्यांशभन्दा माथिल्लो र अनुच्छेदभन्दा तल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ । पाठ्यसामग्रीलाई सरल बनाउन शब्द छनोटपछि वाक्यको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तकमा जटिलभन्दा सरल वाक्यको प्रयोग बढी भएमा पाठ्यपुस्तक सम्प्रेष्य बन्न जान्छ । छोटा र सरल वाक्यको प्रयोगले पाठ्यपुस्तकलाई पठनीय बनाउन मद्दत गर्दछ । त्यसैले पाठ्यपुस्तक पठनीय बनाउन जटिल वाक्यका तुलनामा सरल र छोटा वाक्यको प्रयोग गर्नु उपयुक्त हुन्छ । वाक्य संरचनाका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यवस्तुमा समाविष्ट स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण चारओटा कथा र करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा तीनओटा निबन्ध गरी जम्मा सातओटा पाठहरू छनोट गरिएको छ । पाठहरूको छनोटपछि पाठहरूमा भएका जम्मा वाक्य सङ्ख्या र प्रतिसय शब्दमा भएका वाक्य सङ्ख्या गणना गरेर प्रतिवाक्य औसत शब्द सङ्ख्या निकालिएको छ र त्यसबाट पाठहरूको पठनशीलताको स्तर निर्धारण गरिएको छ । अध्ययनमा छनोट भएका पाठमा प्रयुक्त वाक्यहरूको संरचना हेर्दा पहिलो पाठमा जम्मा एक हजार चार सय शब्दमा दुई सय चालिस वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेको छ । दोस्रो पाठमा जम्मा एक हजार दुई सय शब्दमा अठासी वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द चौध रहेको छ । तेस्रो पाठमा एक हजार चार सय शब्द सङ्ख्यामा एक सय चालिस वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द दश रहेका छन् । चौथो पाठमा दुई हजार एक सय शब्द सङ्ख्यामा दुई सय अठतिस ओटा वाक्य र प्रतिवाक्य औसत शब्द नौ रहेका छन् । पाँचौं पाठमा दुई हजार तीन सय शब्दमा दुई सय पचासओटा वाक्य र प्रतिवाक्य औसत शब्द सङ्ख्या नौ रहेका छन् । छैटौं पाठमा एक हजार तीन सय शब्दमा पन्चानब्बेओटा वाक्य र प्रतिवाक्य औसत शब्द सङ्ख्या चौध

रहेका छन् । सातौँ पाठमा छ सय शब्दमा सन्तानब्बे वाक्य सङ्ख्या र प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेका छन् । उपर्युक्त तथ्यका आधारमा समग्रमा प्रतिवाक्य औसतमा शब्द सङ्ख्या निर्धारण गर्दा दश हुन्छ । वाक्यमा देखिएका उक्त प्रतिवाक्य औसत शब्द सङ्ख्यालाई फ्लेस्क पठनशीलता अङ्कको विश्लेषणात्मक तालिकामा राखेर कक्षा नौको पाठ्यपुस्तकको पठनशीलतताका आधारमा मूल्याङ्कन गर्दा पाठ्यपुस्तक निकै सरल देखिएको छ । अध्ययनको लागि छनोट गरिएका पाठको वाक्य संरचनाका आधारमा अध्ययन गरी उक्त पाठहरूमा प्रयुक्त वाक्यमा औसत शब्द सङ्ख्या दश देखिएको छ । फ्लेस्क तालिकाअनुसार आठ वा सोभन्दा कम वाक्य सङ्ख्या भएको पाठ्यसामग्री धेरै सजिलो वर्गमा पर्ने र आठ भन्दा बढी र एघार ओटा शब्द सङ्ख्या भएको वाक्य सजिलो वर्गमा पर्ने देखिन्छ । वाक्य संरचनाको दृष्टिले उक्त कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरी फ्लेस्क तालिकासँग तुलना गर्दा पाठ्यपुस्तक सजिलो वर्गमा पर्ने देखिन्छ । उक्त पाठ्यपुस्तकको पठनशीलताको स्तर छैटौँ ग्रेडमा परेकाले पाठ्यपुस्तक विद्यालय तहको अनुमानित कक्षा पाँचौँका विद्यार्थीका लागि उपयुक्त देखिन्छ । यसर्थ कक्षा नौको नेपाली पाठ्यपुस्तक सजिलो वर्गमा पर्ने देखिन्छ । त्यस्तै उक्त पाठ्यपुस्तक पठनशीलता स्तरको छैटौँ ग्रेडमा अर्थात् पाँचौँ कक्षासम्मका विद्यार्थीका लागि पठनीय देखिन्छ । पौडेल (२०६६) ले माध्यमिक तह (कक्षा नौ र दश) का नेपाली पाठ्यपुस्तकको अध्ययन गर्दा वाक्य संरचनालाई पनि आधार मानिएका छन् । उनले लामा वाक्य समावेश भएका पाठ्यपुस्तक कठिन हुने र छोटा वाक्य समावेश भएका पाठ्यपुस्तक सरल बन्न जाने कुरा बताएका छन् । प्रस्तुत अध्ययनमा पनि वाक्य संरचनाका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन गरिएको छ । अध्ययनबाट कक्षा नौका विद्यार्थीका लागि यो पाठ्यपुस्तक निकै सरल देखिएको छ ।

**विद्यार्थीको प्रतिक्रियाका आधारमा पाठ्यपुस्तकको पठनशीलताको स्तरसम्बन्धी प्राप्ति र छलफल**

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता शीर्षकको शोधप्रबन्ध अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट पद्धतिको प्रयोग गरी नमुनाका रूपमा गद्य विधाअन्तर्गत कथा विधाका चारओटा र निबन्ध विधाका तीनओटा गरी जम्मा सातओटा पाठहरूलाई लिइएको छ । ती प्रत्येक पाठबाट दुई दुईओटा अनुच्छेद छनोट गरी क्लोज प्रविधिको प्रयोगबाट प्रश्नावली निर्माण गरी विद्यालयमा गई कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई भराइएको छ । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि उक्त प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा

मापन गरिएको छ । अध्ययनका लागि छनोट गरिएका कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाअन्तर्गतका पाठहरूको विद्यार्थीहरूबाट प्राप्त अङ्कको औसत अङ्क हेर्दा सबै पाठहरू पठनीय देखिएका छन् । विद्यार्थीहरूले प्राप्त गरेको औसत अङ्क अठासी प्रतिशतभन्दा माथि नै देखिएको छ। जसका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तक पठनीय वा पठनशीलताको गुणले उपयुक्त देखिन्छ। छनोट गरिएका सातओटा पाठहरूमध्ये सबैभन्दा कठिन छैटौँ पाठ नेपाली लोकबाजा निबन्ध देखिन्छ। उक्त पाठ पठनीय हुनका लागि शिक्षकको सहयोगको आवश्यकता देखिन्छ भने सबैभन्दा सरल वा उपयुक्त अर्थात् पठनीय पाठ सातौँ पाठ भविष्य निर्माण कथा रहेको छ। अन्य पाठहरू पनि पठनशीलताका दृष्टिले स्तरीय रहेका छन्। समग्रमा कक्षा नौको पाठ्यपुस्तक विद्यार्थीमा गरिएको अध्ययनबाट प्राप्त नतिजाअनुसार पठनशीलताका दृष्टिले उपयुक्त रहेको देखिन्छ । ह्यारिसन (सन् १९८०) का अनुसार कक्षा नौको उक्त नेपाली पाठ्यपुस्तक पठनीय देखिएको छ । पौडेल (२०६६) ले पनि क्लोज सी परीक्षाका माध्यमबाट पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गरेका छन् । प्रस्तुत अध्ययनमा पनि क्लोज प्रविधिका माध्यमबाट पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्ने कार्य गरिएको छ। पाठ्यपुस्तक पठनशीलताका आधारमा पठनशीलताका दृष्टिले स्तरीय र गुणस्तरीय छ।

आचार्य (२०६२) ले कक्षा नौको नेपाली किताबको पठनीयता अध्ययनमा भाषिक पृष्ठभूमि, लिङ्ग, स्थानीयता, क्षेत्रीयतालाई आधार मानेका छन्। उक्त अध्ययन २०६२ सालको नेपाली पाठ्यपुस्तकको अध्ययनमा केन्द्रित छ भने प्रस्तुत अध्ययन २०७९ सालको पाठ्यपुस्तकको अध्ययनमा केन्द्रित रहेको छ। आचार्य (२०६२) को अध्ययनमा पठनशीलताका सूत्रको प्रयोग नगरी लैङ्गिकता, स्थानीयता र क्षेत्रीयतालाई मात्र आधार मानेको देखिन्छ भने प्रस्तुत अध्ययनमा सूत्रको प्रयोग गर्नुका साथै विद्यार्थीको पठनयोग्यतालाई समेत आधार मानेर पाठ्यपुस्तकको पठनशीलता निर्धारण गर्ने कार्य गरिएको छ । त्यसैगरी फुयाँल (२०६२) ले हाम्रो नेपाली किताबको विश्लेषण गर्दा भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरूलाई आधार मानी पाठ्यपुस्तकको कठिनाइ स्तर पहिल्याउने कार्य गरेका छन् भने प्रस्तुत अध्ययनमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि सूत्र प्रयोग गर्नुका साथै विद्यार्थीहरूबाट पनि पाठ्यपुस्तकको पठनशीलताको परीक्षण गरिएको छ । शिवाकोटी (२०६२) ले कक्षा चारको मेरो नेपाली किताबको अध्ययन पाठ्यक्रमअनुरूपताका साथै पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा अध्ययन गरेका छन् ।

अध्ययनबाट पाठ्यपुस्तकमा प्रयोग गरिएका सामग्रीमा परिवेशगत तालमेल नमिलेकाले पठनीय हुन नसकेको निष्कर्ष निकालिएको छ भने प्रस्तुत अध्ययनमा कक्षा नौको हालको पाठ्यक्रमअनुसार निर्मित पाठ्यपुस्तकको पठनशीलता पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका निम्ति पठनीय छ छैन भनी पठनशीलताको स्तर पत्ता लगाउने कार्य गरिएको छ ।

पौडेल (२०६६) ले माध्यमिक तह (कक्षा नौ र दश) को नेपाली पाठ्यपुस्तकको पठनीयता अध्ययन गरेका छन् । अध्ययनमा पाठ्यपुस्तकमा शब्दहरूको आवृत्ति र वाक्यसंरचनाले पाठ्यपुस्तकको कठिनाइ स्तर निर्धारण हुने कुरा उल्लेख छ । अध्ययनमा पाठ्यपुस्तकका प्रयोगकर्ता (शिक्षक र विद्यार्थी) र पाठ्यपुस्तक निर्माताको समेत मत लिइएको छ । जसबाट पाठ्यपुस्तकको कठिनाइ स्तर पत्ता लगाउन सहयोग पुगेको छ । प्रस्तुत अध्ययनमा कक्षा नौको हालको पाठ्यपुस्तकको पठनशीलताको स्तर मूल्याङ्कन गर्न पठनशीलताको सूत्र र विद्यार्थीको पठनयोग्यतालाई आधार मानिएको छ । जसबाट हालको पाठ्यपुस्तकको कठिनाइ स्तर निर्धारण गर्न सहयोग पुगेको छ । जोशी (२०७२) ले कक्षा आठको नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन गरी पाठ्यपुस्तकमा रहेका पठनशीलतासम्बन्धी समस्या र समस्या सुधारका लागि अवलम्बन गर्न सकिने उपायहरू सुझाएका छन् । अध्ययनबाट पाठ्यपुस्तकमा प्रयुक्त सामग्रीको उपयुक्त किसिमले छनोट र स्तरण हुन नसकेको निष्कर्ष प्राप्त भएको छ । प्रस्तुत अध्ययनमा उक्त अध्ययनमा प्रयोग नगरिएको कक्षाा नौको नेपाली (२०७९) विषयको पाठ्यपुस्तकलाई पठनशीलता परीक्षणको सूत्र फ्लेस्क रिडिङ सूत्रको प्रयोग गरी पठनशीलताको स्तर पहिल्याउनुका साथै विद्यार्थीको पठनयोग्यता आधारमा पनि पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरिएको छ ।

**अध्याय सारांस**

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता शीर्षकको शोधप्रबन्ध अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट पद्धतिको प्रयोग गरी नमुनाका रूपमा गद्य विधाअन्तर्गत कथा विधाका चारओटा र निबन्ध विधाका तीनओटा गरी जम्मा सातओटा पाठहरूलाई लिइएको छ। शोधकार्यका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट स्वाद, कालजित र अजङ्गको राक्षसको कथा, समय पीडा र भविष्य निर्माण चारओटा कथा र करेसाबारी, कञ्चनजङ्घालाई नियाल्दा र नेपाली लोकबाजा तीनओटा निबन्ध गरी जम्मा सातओटा पाठहरू छनोट गरिएको छ । शोधप्रबन्धमा अक्षर संरचना र वाक्य संरचनाका दृष्टिले

पाठ्यपुस्तकबाट सामग्री लिई शोध सम्पन्न गरिएको छ। सामग्रीको विश्लेषणका लागि फ्लेस्क रिडिङ इज सूत्रको प्रयोग गरी फ्लेस्क पठनशीलताको तालिकाको आधार लिइएको छ।

पहिलो चरणमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अक्षर संरचनाका दृष्टिले अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ। अध्ययनका लागि छनोट गरिएका कथा र निबन्ध विधाका सातओटा पाठहरूको अक्षर संरचनाका आधारमा मूल्याङ्कन गर्दा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न आएको छ। फ्लेस्क पठनशीलता अङ्कको विश्लेषणात्मक तालिकाको अध्ययन मूल्याङ्कन गर्दा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ। तर यस अध्ययनबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न हुन आएको छ। यस अङ्कलाई फ्लेस्क पठनशीलताको तालिका राखेर अध्ययन गर्दा पाठ्यपुस्तकको स्तर एक सय बयानब्बे वा सोभन्दा बढी अन्तर्गतको श्रेणीमा परेको छ। जुन फ्लेस्क तालिकाअनुसार उक्त पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि उपयुक्त देखिन्छ। उक्त पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले कक्षा नौका विद्यार्थीको स्तरअनुकूल नभएकाले पाठ्यपुस्तक कक्षा नौका विद्यार्थीलाई स्वयम् पढेर बोध गर्न कठिन देखिन्छ। पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि पठनीय देखिन्छ भने कक्षा नौका विद्यार्थीका लागि पठनीय देखिँदैन। कक्षा नौका विद्यार्थीलाई उक्त पाठ्यपुस्तक पठनीय बनाउन शिक्षकको अनिवार्य आवश्यकता देखिन्छ।

त्यसैगरी अध्ययनको लागि छनोट गरिएका पाठको वाक्य संरचनाका दृष्टिले अध्ययन गर्दा उक्त पाठहरूमा प्रयुक्त वाक्यमा औसत शब्द सङ्ख्या दश देखिएको छ। फ्लेस्क तालिकाअनुसार आठ वा सोभन्दा कम वाक्य सङ्ख्या भएको पाठ्यसामग्री धेरै सजिलो वर्गमा पर्ने र आठभन्दा बढी र एघारओटा शब्द सङ्ख्या भएको वाक्य सजिलो वर्गमा पर्दछ। वाक्य संरचनाको दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरी फ्लेस्क तालिकासँग तुलना गर्दा पाठ्यपुस्तक सजिलो वर्गमा पर्ने देखिन्छ। उक्त पाठ्यपुस्तकको पठनशीलताको स्तर छैटौँ ग्रेडमा परेकाले पाठ्यपुस्तक विद्यालय तहको अनुमानित कक्षा पाँचौँका विद्यार्थीका लागि उपयुक्त देखिन्छ। यसर्थ कक्षा नौको नेपाली पाठ्यपुस्तक वाक्य संरचनाको दृष्टिले सजिलो वर्गमा पर्ने देखिन्छ। त्यस्तै उक्त पाठ्यपुस्तक पठनशीलता स्तरको छैटौँ ग्रेडमा अर्थात् पाँचौँ कक्षासम्मका विद्यार्थीका लागि पठनीय देखिन्छ भने कक्षा नौका विद्यार्थीका लागि यो पाठ्यपुस्तक निकै सरल देखिन्छ। अध्ययनका लागि छनोट गरिएका कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाअन्तर्गतका पाठहरूको विद्यार्थीहरूमाथि

गरिएको अध्ययनबाट प्राप्त अङ्कको औसत अङ्क अठासीभन्दा माथि देखिएकाले सबै पाठहरू पठनीय देखिन्छन् । यस आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तक पठनीय वा पठनशीलताको गुणले उपयुक्त देखिन्छ । छनोट गरिएका सातओटा पाठहरूमध्ये सबैभन्दा कठिन छैटौं पाठ नेपाली लोकबाजा निबन्ध देखिन्छ । उक्त पाठ पठनीय हुनका लागि शिक्षकको सहयोगको आवश्यकता देखिन्छ भने सबैभन्दा सरल वा उपयुक्त अर्थात् पठनीय पाठ सातौं पाठ भविष्य निर्माण कथा देखिन्छ । अन्य पाठहरू पनि पठनशीलताका दृष्टिले स्तरीय नै रहेका छन् । समग्रमा कक्षा नौको पाठ्यपुस्तक विद्यार्थीमा गरिएको अध्ययनबाट प्राप्त नतिजाअनुसार पठनशीलताका दृष्टिले उपयुक्त रहेको देखिन्छ । त्यसैले ह्यारिसन (सन् १९८०) का अनुसार उक्त पाठ्यपुस्तक पठनीय देखिएको छ । फ्लेस्क पठनशीलता तालिकाका आधारमा हेर्दा पाठ्यपुस्तक पठनशीलताका दृष्टिले स्तरीय र गुणस्तरीय रहेको देखिन्छ ।

यसप्रकार कक्षा नौको पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले कठिन भए पनि वाक्य संरचनाका दृष्टिले निकै सरल देखिएको छ । विद्यार्थीमा गरिएको अध्ययनबाट पाठ्यपुस्तक पठनीय नै देखिन्छ । जसबाट पाठ्यपुस्तमा कठिनाइ स्तरको सन्तुलन मिलाई पाठ्यपुस्तक पठनीय गुणले युक्त बनाउने प्रयास गरेको देखिन्छ । जुन कुरा यस अध्ययनबाट पुष्टि भएको छ ।

# अध्याय आठ
# सारांश, निष्कर्ष र उपयोगिता

*कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाका पाठको पठनशीलता* शीर्षकको प्रस्तुत शोधको यस अध्यायमा शोधको सारांश, निष्कर्ष र उपयोगितालाई उल्लेख गरिएको छ ।

## सारांश

प्रस्तुत शोधप्रबन्धको अध्याय एकमा शोध परिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, शोधको औचित्य र महत्त्व, समस्या कथन, शोधको उद्देश्य, शोधको परिसीमा, शोधको सैद्धान्तिक ढाँचा, शोधको अवधारणात्मक खाका र शोधप्रबन्धको रूपरेखा उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत सैद्धान्तिक पुनरावलोकन, व्यावहारिक पुनरावलोकन र नीतिगत पुनरावलोकन गरिएको छ । सैद्धान्तिक पुनरावलोकनमा पठनशीलताको पृष्ठभूमि, पठनशीलताका सिद्धान्तको विकास, पठनशीलताका सिद्धान्तको प्रयोगसम्बन्धी कार्यको पुनरावलोकन गरिएको छ । प्रयोगात्मक पुनरावलोकनमा शोधकार्यको पुनरावलोकन, पाठ्यपुस्तकको पुनरावलोकन र अनुसन्धानात्मक लेखको पुनरावलोकन गरिएको छ भने नीतगत समीक्षाअन्तर्गत पाठ्यपुस्तकलाई पठनीय बनाउन विभिन्न तवरबाट गरिएका नीतिगत व्यवस्थाका बारेमा पुनरावलोकन गरिएको छ । जसबाट पूर्वकार्य र प्रस्तुत शोधप्रबन्धको बिचमा पाइएको अनुसन्धानको अन्तराल पहिल्याउने कार्य गरिएको छ ।

अध्याय तीनमा शोधविधिअन्तर्गत शोधको दार्शनिक दृष्टिकोण, शोधको ढाँचा, सैद्धान्तिक आधार, नमुना छनोट, तथ्याङ्क सङ्कलनका उपकरण र तरिकाहरू, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्कको व्याख्या विश्लेषण, अध्ययनको विश्वसनीयता र नैतिक प्रतिबद्धता प्रस्तुत गरिएको छ ।

अध्याय चारबाट तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । यस अध्यायमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त गद्य विधाका कथा र निबन्धका जम्मा सातओटा पाठहरूका चौधओटा अनुच्छेदको अध्ययन गरी अक्षर संरचनाका दृष्टिले पाठ्यपुस्तकको पठनशीलता स्तर विश्लेषण र निर्धारण गरिएको छ । प्रस्तुत पाठका अनुच्छेदमा भएका अक्षर र अक्षर संरचनालाई तालिकाबद्ध गरी अध्ययन विश्लेषण गरी कुन अनुच्छेद सरल र कुन अनुच्छेद विद्यार्थीका निम्ति कठिन छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा पाठ्यपुस्तकबाट छनोट गरिएका पाठका वाक्यसंरचनाको अध्ययन गरिएको छ । वाक्यमा प्रयोग भएका शब्द सङ्ख्याका आधारमा पाठको पठनशीलताको स्तर अध्ययन, विश्लेषण र निर्धारण गरिएको छ । छनोट गरिएका पाठमा भएका जम्मा वाक्य सङ्ख्या गणना गरी ती पाठहरूमा प्रतिसय शब्दमा भएका वाक्य सङ्ख्या गणना गरी प्रतिवाक्य शब्द सङ्ख्या निर्क्यौल गरिएको छ । वाक्यमा जति बढी शब्द सङ्ख्या उति नै पाठ्यवस्तु कठिन हुने सिद्धान्तअनुरूप पाठको पठनशीलता निर्धारण गरिएको छ ।

अध्याय छमा पाठ्यपुस्तकको पठनशीलताको स्तर निर्धारण गर्न क्लोज प्रविधिको प्रयोग गरी प्रश्नावली तयार पारी कक्षा नौमा अध्ययनरत तीनओटा विद्यालयका बाह्र जना विद्यार्थीहरूलाई प्रश्नावली भर्न लगाई तिनीहरूको परीक्षण गरेर अङ्क निर्धारण गरी पठनशीलताको स्तर निर्धारण गरिएको छ । अध्याय सातमा शोधको प्राप्ति र छलफल प्रस्तुत गरी पठनशीलतको समग्र स्तर कायम गरिएको छ भने अध्याय आठमा शोधको सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत शोधप्रबन्धमा नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलताका अध्ययन अक्षर संरचना र वाक्य संरचनाको आधारमा र विद्यार्थीहरूको योग्यताका आधारमा अध्ययन गरी पाठ्यपुस्तकको पठनशीलताको स्तर पहिचान गर्ने कार्य गरिएको छ । पठनशीलताको स्तर निर्धारणमा फ्लेक्सक रिडिङ इज सूत्र र पठनशीलताको अङ्क विश्लेषण तालिकाको सहयोग लिइएको छ । पठनशीलता पाठ्यसामग्री पढ्न सकिने गुण हो । यसको अध्ययनले पाठ्यसामग्रीमा पढ्न सकिने गुणहरूको खोजी र तिनको कठिनाइ स्तर पत्ता लगाउने कार्य गर्दछ । पाठ्यसामग्री तयार पार्नुको उद्देश्य पाठकको पढ्ने चाहना पूरा गर्नु हो । पठनशीलताको स्तर पहिचानका लागि गरिएको प्रस्तुत शोधबाट प्राप्त निष्कर्ष यसप्रकार रहेको छ :

***अक्षर संरचनाका दृष्टिले पठनशीलताको स्तर***

अक्षर संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययनका लागि सातओटा पाठहरू छनोट गरिएको छ । छनोट गरिसकेपछि उक्त पाठमा प्रयुक्त शब्द सङ्ख्या र अक्षर सङ्ख्याको गणना गरिएको छ । त्यसपछि प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको गणना गरी प्रतिसय शब्दमा रहेका अक्षर सङ्ख्याको औसत सङ्ख्या निकाली

फ्लेस्क रिडिङ इज सूत्रअनुसारको पठनशीलता तालिकाका आधारमा पाठहरूको अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

स्वाद कथामा जम्मा एक हजार चार सय शब्दमा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार दुई सय तेत्तिस अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकतिस रहेको छ । करेसाबारी निबन्धमा जम्मा एक हजार दुई सय शब्दमा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार दुई सय बाउन्न अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय एकहत्तर रहेको छ । कालजित र अजङ्गको राक्षसको कथा कथामा जम्मा एक हजार चार सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार चार सय साठी अक्षर सङ्ख्या र प्रतिसय शब्दमा जम्मा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको छ । कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा जम्मा दुई हजार एक सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा पाँच हजार चार सय एघार अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय अन्ठाउन्न रहेको छ । समय पीडा कथामा जम्मा दुई हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या  गणना गर्दा जम्मा पाँच हजार आठ सय एकचालिस अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय चवन्न रहेको छ । नेपाली लोकबाजा निबन्धमा जम्मा एक हजार तीन सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा तीन हजार तीन सय एकसट्ठी अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय उनन्साठी रहेको छ । भविष्य निर्माण कथामा छ सय शब्द सङ्ख्यामा अक्षर सङ्ख्या गणना गर्दा जम्मा एक हजार चार सय बयासी अक्षर सङ्ख्या र प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय सतचालिस रहेको छ ।

फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या एक सय पचपन्न हुनुपर्ने देखिन्छ । उक्त पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या दुई सय त्रिपन्न हुन आएको छ । जुन तथ्याङ्क फ्लेस्क तालिकामा एक सय बयानब्बे वा सोभन्दा बढी अन्तर्गतको श्रेणीमा परेकाले पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि उपयुक्त छ र उक्त पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले  नौ कक्षाका विद्यार्थीको स्तरअनुकूल देखिँदैन । पाठ्यपुस्तक कलेज स्तरका विद्यार्थीका लागि पठनीय देखिन्छ भने कक्षा नौका विद्यार्थीका लागि पठनीय देखिँदैन । पाठ्यपुस्तक अक्षर संरचनाका दृष्टिले हेर्दा निकै कठिन स्तरको देखिएको छ । कक्षा नौका विद्यार्थीलाई उक्त पाठ्यपुस्तक पठनीय बनाउन शिक्षकको अनिवार्य आवश्यकता पर्ने देखिन्छ ।

### *वाक्य संरचनाका दृष्टिले पठनशीलताको स्तर*

वाक्य संरचनाका दृष्टिले कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि कक्षा नौको नेपाली पाठ्यवस्तुमा समाविष्ट सातओटा गद्य विधाका पाठहरूलाई छनोट गरिएको छ। पाठहरूमा भएका जम्मा वाक्य सङ्ख्या र प्रतिसय शब्दमा भएका वाक्य सङ्ख्या गणना गरेर प्रतिवाक्य औसत शब्द सङ्ख्या निकाली पठनशीलताको स्तर निर्धारण गरिएको छ ।

अध्ययनमा छनोट भएका पाठमा प्रयुक्त वाक्यहरूको संरचना हेर्दा पहिलो पाठमा जम्मा एक हजार चार सय शब्दमा दुई सय चालिस वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा बाह्र र बढीमा बाइस रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेको छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार पाठको पठनशीलताको स्तर पाँचौं ग्रेडको, विद्यालय कक्षाको अनुमानित कक्षा चौथोमा र धेरै सजिलो वर्गको पाठमा पर्दछ । दोस्रो पाठमा जम्मा एकहजार दुई सय शब्दमा अठासी वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा छ र बढीमा आठ रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या चौध रहेको छ। फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर सातौँ ग्रेडको, विद्यालय कक्षाको अनुमानित कक्षा छैटौँ र यो सजिलो वर्गको पाठमा पर्दछ । तेस्रो पाठमा एक हजार चार सय शब्द सङ्ख्या र एक सय चालिस वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा सात र बढीमा तेह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या दश छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर छैटौँ ग्रेडको, विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौं र सजिलो वर्गको पाठमा पर्दछ । चौथो पाठमा दुई हजार एक सय शब्द सङ्ख्या र दुई सय अठतिस वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा सात र बढीमा सोह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या नौ छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर छैटौँ ग्रेड, विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौं र यो सजिलो वर्गको पाठमा पर्दछ। पाँचौं पाठमा दुई हजार तीन सय शब्द सङ्ख्या र दुई सय पचास वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा छ र बढीमा सत्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या नौ रहेको छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर छैटौँ ग्रेडको, विद्यालय कक्षाको अनुमानित कक्षा पाँचौं र यो सजिलो वर्गको पाठमा पर्दछ । छैटौँ पाठमा एक हजार तीन सय शब्द सङ्ख्या र पन्चानब्बे

वाक्य सङ्ख्या र प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा पाँच र बढीमा बाह्र रहेको छ भने प्रतिवाक्य औसत शब्द सङ्ख्या चौध रहेको छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर सातौँ ग्रेडको, विद्यालय कक्षाको अनुमानित कक्षा छैटौँ र यो ठिकै सजिलो वर्गको पाठमा पर्दछ । सातौँ पाठमा छ सय शब्द सङ्ख्या र सन्तानब्बे वाक्य सङ्ख्या अनि प्रतिसय शब्दमा वाक्य सङ्ख्या कम्तीमा दश र बढीमा उन्नाइस र प्रतिवाक्य औसत शब्द सङ्ख्या छ रहेको छ । फ्लेस्क पठनशीलताको अङ्क विश्लेषण तालिकाअनुसार यो पाठको पठनशीलताको स्तर पाँचौँ ग्रेडका, विद्यालय कक्षाको अनुमानित कक्षा चौथो र यो धेरै सजिलो वर्गको पाठमा पर्दछ । समग्रमा प्रतिवाक्यमा औसतमा शब्द सङ्ख्या दश देखिन्छ । वाक्यमा देखिएका उक्त शब्द सङ्ख्यालाई फ्लेस्क पठनशीलता अङ्क विश्लेषण तालिकामा राखेर हेर्दा पाठ्यपुस्तक निकै सरल देखिन्छ । फ्लेस्क तालिकाअनुसार आठ वा सोभन्दा कम वाक्य सङ्ख्या भएको पाठ्यसामग्री धेरै सजिलो वर्गमा पर्ने र आठभन्दा बढी र एघारओटा शब्द सङ्ख्या भएको वाक्य सजिलो वर्गमा पर्ने भएकाले वाक्य संरचनाको दृष्टिले पाठ्यपुस्तक सजिलो वर्गमा पर्दछ ।

***विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रियाका आधारमा पठनशीलताको स्तर***

विद्यार्थीको प्रतिक्रिया लिन क्लोज प्रविधिको प्रयोग गरेर प्रश्नावली निर्माण गररे भराउनुका साथै पठनशीलताका तत्त्वहरूलाई आधार मानेर केही खुला प्रश्नावली बनाई अन्तर्वार्ता लिई विद्यार्थीबाट प्रतिक्रिया सङ्कलन गरिएको छ । कक्षा नौको पाठ्यपुस्तकको पठनशीलताको अध्ययन विद्यार्थीको योग्यताका आधारमा गर्नका लागि गद्य विधाअन्तर्गतका सातओटा पाठहरूलाई लिइएको छ । प्रत्येक पाठबाट दुई दुईओटा अनुच्छेद छनोट गरी क्लोज प्रविधिको प्रयोगबाट प्रश्नावली निर्माण गरेर विद्यार्थीहरूलाई भराइएको छ । विद्यार्थीहरूले प्रश्नावली भरेर बुझाइसकेपछि उक्त प्रश्नावलीलाई परीक्षण गरी अङ्कमा मापन गरेर प्राप्त अङ्कको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । पहिलो पाठबाट दुई अनुचछेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा अठारओटा शब्द खाली ठाउँ भर्नका लागि झिकिएको छ । उक्त पाठमा विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव शून्य सात रहेको छ । दोस्रो पाठबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न अठचालिसओटा शब्द झिकी खाली ठाउँ भर्नका लागि राखिएको छ । प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको अङ्क त्रियानब्बे दशमलव चार रहेको छ । तेस्रो पाठबाट दुई अनुच्छेद गरेर प्रश्नावली तयार पार्न जम्मा चौँतिसकओटा शब्द झिकी खाली ठाउँ भर्नलाई राखिएको छ । प्रश्नावली भरेर विद्यार्थीले

प्राप्त गरेको औसत अङ्क अन्ठानब्बे दशमलव पाँच दुई रहेको छ । चौथो पाठबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा छब्बिसओटा शब्द झिकी खाली ठाउँ भर्नलाई राखिएको छ । प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क पन्चानब्बे दशमलव पाँच एक रहेको छ। पाँचौँ पाठबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्न जम्मा अट्ठाइसओटा शब्द झिकी खाली ठाउँ राखिएको छ। प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क छयानब्बे दशमलव तीन एक रहेको छ । छैटौँ पाठबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्दा उनन्चालिसओटा शब्द झिकी खाली ठाउँ राखिएको छ । उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क अठासी दशमलव आठ आठ रहेको छ । सातौँ पाठबाट दुई अनुच्छेद छनोट गरेर प्रश्नावली तयार पार्दा तेइसओटा शब्द झिकी खाली ठाउँ राखिएको छ। उक्त प्रश्नावली भरेर विद्यार्थीले प्राप्त गरेको औसत अङ्क उनान्सय दशमलव छ तीन रहेको छ। छनोट गरिएका पाठहरूको विद्यार्थीहरूबाट प्राप्त अङ्कको औसत अङ्क हेर्दा सबै पाठहरू पठनीय नै देखिन्छन् । सबै पाठहरूमा विद्यार्थीहरूले प्राप्त गरेको औसत अङ्क अठासी प्रतिशतभन्दा माथि नै देखिन्छ । पठनशीलताका तत्त्वहरूलाई आधार बनाई केही खुला प्रश्नावली निर्माण गरी विद्यार्थीबाट छनोट गरिएका पाठप्रतिको प्रतिक्रिया लिइएको छ । विद्यार्थीको पठनसिप, पूर्वज्ञान, रुचि र उत्प्रेरणालाई आधार बनाई पाठप्रतिको विद्यार्थीको प्रतिक्रिया लिइएको छ । ती प्रतिक्रियालाई अध्ययन विश्लेषण गर्दा पाठ्यपुस्तक कक्षा नौका विद्यार्थीका लागि पठनीय रहेको पाइएको छ । जसबाट उक्त पाठ्यपुस्तकका पाठहरू पठनीय देखिन्छन् । समग्रमा कक्षा नौको पाठ्यपुस्तक विद्यार्थीमा गरिएको अध्ययनबाट प्राप्त नतिजाअनुसार पठनशीलताका दृष्टिले उपयुक्त रहेको देखिन्छ ।

**शोधको उपयोगिता**

प्रस्तुत शोधप्रबन्धले नौ कक्षाको नेपाली पाठ्यपुस्तकको पठनशीलताको अध्ययन गरेकाले यो शोध पाठ्यपुस्तक लेखक, शिक्षक र विद्यार्थीहरूका निम्ति उपयोगी छ । त्यसका साथै यो शोध पाठ्यपुस्तको पठन, लेखन र अध्ययन गर्न चाहने सबैका लागि उपयोगी हुने देखिन्छ । यो शोधले पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक, पाठ्यपुस्तकप्रति रुचि राख्ने र पाठ्यपुस्तको पठनशीलता अध्ययन गर्न चाहने सबैका लागि उपयोगी रहेको छ ।

समग्रमा प्रस्तुत शोधले विद्यार्थी, शिक्षक, पाठ्यपुस्तक लेखक, पाठ्यक्रम निर्माता, अनुसन्धाताका साथै भाषा र व्याकरणको अध्ययनमा मार्गदर्शनका रूपमा रहेको छ । यस

शोधप्रबन्धको अध्ययनबाट प्राप्त निष्कर्ष भाषाशिक्षण, भाषिक मूल्याङ्कन र भाषाको अध्ययन कार्य गर्न चाहने सबैलाई उपयोगी सामग्री बन्ने देखिन्छ ।

प्रस्तुत शोधप्रबन्ध पाठ्यपुस्तकको पठनशीलतासँग सम्बन्धित भएको र पाठ्यपुस्तक विद्यार्थीसँग प्रत्यक्ष सम्बन्धित भएकाले यसको सम्बन्ध विद्यार्थीसँग प्रत्यक्ष रूपमा जोडिएको छ । पठनशीलता परीक्षणपछि पाठ्यपुस्तक पठनीय बन्ने र पाठ्यपुस्तक पठनीय भएमा विद्यार्थीको सिकाइ उपलब्धि उच्च हुने देखिन्छ । पाठ्यपुस्तकको कठिनाइका कारण विद्यार्थीको सिकाइ स्तर खस्केको अवस्थामा पठनशीलताको परीक्षणबाट पाठ्यपुस्तक पठनीय बनाई सिकाइ स्तर वृद्धि गर्न सकिने भएकाले यो विद्यार्थीका निम्ति उपयोगी देखिन्छ । पाठ्यपुस्तक पठनीय बनाई विद्यार्थीमा पढाइप्रति रुचि जगाउन सकिने देखिन्छ । पाठ्यपुस्तक पठनीय बनाई विद्यालय तथा कलेजस्तरमा विद्यार्थी सङ्ख्या बढाउन सकिने देखिन्छ । उपर्युल्लिखित विविध कारणले शोधप्रबन्ध विद्यार्थीका निम्ति उपयोगी हुने देखिन्छ ।

प्रस्तुत शोधप्रबन्ध शिक्षकका निम्ति पनि उपयोगी हुने देखिएको छ । शिक्षकलाई पाठ्यपुस्तक पठनशीलताका दृष्टिले उपयोगी भए नभएको पत्ता लगाई सोहीअनुसार शिक्षण गर्न सहयोगी हुने देखिन्छ । शिक्षकलाई विद्यार्थीको रुचिअनुसार शिक्षणीय सामग्रीको छनोट र प्रयोग गर्न सघाउ हुने देखिन्छ । त्यसैगरी सही किसिमका सहयोगी सामग्रीको प्रयोग गरी सिकाइ प्रभावकारी बनाउन सहयोग पुग्ने देखिएको छ । पाठ्यपुस्तक पठनीय भए शिक्षण सिकाइ कार्यकलाप अगाडि बढाउन सहज हुने र पाठ्यपुस्तकको पठनशीलताको स्तर पहिचान गरी सम्बन्धित निकायमा सुझाव दिन पनि शिक्षकका लागि यो शोधप्रबन्ध उपयोगी हुने देखिन्छ ।

प्रस्तुत शोधप्रबन्ध पाठ्यपुस्तक लेख्दा विद्यार्थीको स्तरअनुरूप तयार पार्न पाठ्यपुस्तक लेखकलाई सहयोग पुग्ने देखिएको छ । पाठ्यपुस्तक लेखनका क्रममा पठनीय पाठ्यपुस्तक लेखनमा सहयोग पुग्ने र पाठ्यपुस्तकमा समाविष्ट पाठ्यसामग्री पठनीय बनाई पाठ्यपुस्तकप्रति विद्यार्थीको रुचि बढाउन लेखकका निम्ति यसले सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रमको उद्देश्य र विद्यार्थीको स्तरलाई अध्ययन गरी पठनीय पाठ्यपुस्तक लेखनमा उपयोगी हुनुका साथै पाठ्यपुस्तक लेखकलाई जथाभावी पाठ्यपुस्तकमा पाठ्यसामग्री राख्नबाट रोक्न पनि प्रस्तुत शोधप्रबन्ध उपयोगी बन्ने देखिन्छ ।

पाठ्यक्रम निर्माताका लागि पाठ्यक्रममा पाठ्यवस्तुको विवरण दिँदा पठनीय पाठ्यसामग्री चयनमा प्रस्तुत शोध उपयोगी हुने देखिएको छ । विद्यार्थीका निम्ति पठनीय पाठ्यसामग्री सिफारिस गर्न सहयोग पुग्ने र सम्बन्धित तह वा कक्षाका लागि पाठ्यसामग्री तोक्दा उक्त सामग्री विद्यार्थीको स्तरअनुरूप भए नभएको एकिन गरी तोक्न पाठ्यक्रम निर्मातालाई यस शोधले सहयोग पुऱ्याउने देखिन्छ । पाठ्यक्रम निर्माणका क्रममा विद्यार्थीको स्तर, रुचि, क्षमता र योग्यतालाई ध्यान दिन पनि यस शोधले मार्गनिर्देश गर्न सक्ने देखिन्छ ।

प्रस्तुत शोध पाठ्यपुस्तकका बारेमा अध्ययन गर्न चाहने जोसुकै अनुसन्धातालाई पाठ्यपुस्तकका विविध पक्षका बारेमा अनुसन्धान गर्दा उपयोगी हुने देखिन्छ । त्यसैगरी विद्यालय तथा कलेजस्तरका साथै अन्य पाठ्यसामग्री विद्यार्थी तथा पाठकका निम्ति पठनीय भए नभएको अध्ययन गरी उपयुक्त सुझाव दिन पनि उपयोगी हुने देखिन्छ । पाठ्यपुस्तकका अतिरिक्त पत्रपत्रिका, होर्डिङ बोर्ड, सरकारी तथा गैरसरकारी कार्यालयका सूचनाहरू, विभिन्न सङ्घ संस्थाका प्रचार सामग्रीहरू, मुखपत्रहरू र विभिन्न बोर्डमा प्रयुक्त लेखनको पठनशीलताको स्तर पहिल्याउन अनुसन्धान गर्न चाहने जोसुकै अनुसन्धाताका लागि यो शोध उपयोगी रहेको छ । विभिन्न उपाधिक तथा निरुपाधिक अध्ययन तथा अनुसन्धान गर्न चाहने अनुसन्धाताका लागि विषयवस्तु तथा शीर्षक छनोटमा प्रस्तुत शोध उपयोगी हुने देखिन्छ । विद्यालय तथा कलेजस्तरमा प्रयोग हुने सहयोगी सामग्रीको पठनशीलताको स्तर पहिल्याई सुझाव दिन चाहने संस्था तथा व्यक्तिलाई पनि यो शोध उपयोगी हुने देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, तोयानाथ (२०७२). *शिक्षाका आधारहरू.* एकेडेमिक बुक सेन्टर ।

आचार्य, अम्बिका (२०६२). *कक्षा नौको नेपाली किताबको पठनीयता अध्ययन* [स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय]. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

खड्का, जीवन (२०७७). *परिमाणात्मक अनुसन्धान तथ्याङ्क विश्लेषण तथा एसपिएसएसको प्रयोग.* सिम्फोनी पब्लिकेसन प्रा.लि. ।

गौतम, देवीप्रसाद र अन्य (२०६९). *स्नातक नेपाली.* पिनाकल पब्लिकेसन प्रा.लि. ।

जोशी, भानुभक्त (२०७२). *कक्षा आठको नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन* [स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय]. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२). *भाषिक अनुसन्धान विधि.* सनलाइट पब्लिकेसन।

न्यौपाने, टङ्कप्रसाद (२०५१). *भाषाविज्ञानको रूपरेखा.* नेपाल बुक डिपो ।

न्यौपाने र अन्य (२०६७). *सामान्य भाषाविज्ञान.* सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०७९). *नेपाली कक्षा ९* ।

पाठ्यक्रम विकास केन्द्र (२०७९). *पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका २०७९.* https://moecdc.gov.np/storage/gallery/1675392399.pdf.

पाठ्यक्रम विकास केन्द्र (२०७९). *माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ (कक्षा ९-१०).* https://moecdc.gov.np/storage/gallery/1693819813.pdf.

पौडेल, राजेन्द्रप्रसाद (२०६६). *माध्यमिक तह (कक्षा ९ र १०) का नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन* [विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय]. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

फुयाँल, सरस्वती (२०६२). *कक्षा आठको हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन* [स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय]. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५८). *भाषाविज्ञान.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण (पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धतिसहित).* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०५९). *शब्दरचना वर्णविन्यास वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू.* नवीन प्रकाशन ।

शिवाकोटी, तारा (२०६२). *कक्षा चारको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन* [स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय]. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

सिजापति, रामविक्रम (२०५६). *भाषा परिचय* (तेस्रो संस्क.). साझा प्रकाशन ।

Abu, Rami and Khataybeh (2020). Analyzing the Readability Level of the English Textbooks used in Jordan. *Research in English Language Pedagogy*, 8(2), 334-348. http://relp.khuisf.ac.ir/article_674074.html.

Bailin, A. and Grafstein, A (2016). *Readability: Text and Context*. New work: Palgrave MacMillna. http://dx.doi.org/10.1057/9781137388773 .

Chaerunisa, N. (2021). An analysis of readability level of reading text in English textbook "Basaha Inggris for XII grade Senior high school" Revised edition (2018). https://repository.syekhnurjati.ac.id/9403/1/awalan%20dll.pdf

Chall, J. S. (1988). The Beginning Years. In Zakaluk, B. L. and Samuel, S. J. (eds.). *Readability: Its Past, Present, and Future*.International Reading Association, 2-13.

Cohen, L., Manion, L. and Morrison, K. (2007). *Research methods in education* (6th eds.). Routladge.

Creswell, J.W. (2012). *Educational Research Planing, Conducting and Evaluating Qualitative and Quantitative research* (4th ed.). Pearson Education.

Creswell, J.W. (2014). *Research Design: Qualitative, Quantitative and Mixed Methods Approaches* (4th ed.). *Sage Publication.*

Dale, E., & Tyler, R. (1934).A study of the factor influencing the difficulty of reading materials for adults of limited reading ability. In W. H. Dubay (Ed.), *Unlocking language: The classic readability studies* (pp. 80–107).Impact Information.

Dixon, J. (2017). *Readability tools: are they useful for medical writers*?. https://medcommsnetworking.com/presentations/dixon_041017.pdf

Dolch, E. W. (1939). Fact burden and reading difficulty.*Elementary Englishreview* 16, 135-138.

DuBay, W. H. (2004). *The Principles of Readability*. Impact Information. http://www.impact-information.com/impactinfo/readability02.pdf

DuBay, W. H. (2006). *The classic Readability Studies*. Impact Information. https://files.eric.ed.gov/fulltext/ED506404.pdf

Flesch, R. (1943). Marks of a readable style.*Columbia University contributionsto education*, no. 897.Bureau of Publications, Teachers College, Columbia University.

Flesch, R. (1949). *The Art of Readable Writing*. Harper & Row Publishers. https://dc135.files.wordpress.com/2012/11/flesch-the-art-of-readable-riting.pdf

Fry, E. (2002). Readability versus Leveling. *The Reading Teacher*, *56*(3), 286-291. http://www.jstor.org/stable/20205195

Glesne, C. and Peshkin, A. (1992). *Becoming Qualitative Reserchers: An Introduction*. Longman.

Gray, W. S. and B. Leary. (1935). *What makes a book readable*. Chicago University Press.

Gull, S. (2021). Determination of the Readability Levels of the Texts Related to Biology Topics in the Science Textbook-6. *Open Journal for Educational Research*, *2021*, *5*(1), 77-90. https://doi.org/10.32591/coas.ojer.0501.07077g.

Gunning, T. G. (2003). The Role of Readability in Today's Classrooms. *Topics in Language Disorders 23*(3), 175-189. http://dx.doi.org/10.1097/00011363-200307000-00005 .

Harrison, C. (1980). *Readability in the classroom.*Cambridge University Press. Retrieved from https://www.worldcat.org/title/readability-in-the-classroom/oclc/6194558.

Hidayatillah, Nur and Zainil (2020). The Readability of Students' Textbook Used in Semantic and Pragmatic Course in English Language Education Program of UNP. *Journal of English Language Teaching*, *9*(1). http://103.216.87.80/index.php/jelt/article/view/107848

Hornby, AS (2010). *Oxford Advanced Learner's Dictionary* (8th ed.). Oxford University Press.

Istikhomah, R.R., Syafei, M. and Nuraemingsih, N. (2023). The Readability Level the Reading Text in Pathway to English by Erlangga for XI of Senior High School. *Journal of English Studies*, *6* (1). downloaded from: https://jurnal.umk.ac.id/index.php/Pro/article/view/8341

Jonson, K. (2000). *Readability and reading ages of school science textbook.* www.timetabler.com/reading.html .

Klare, G. R. (1963). *The measurement of readability*.Iowa StateUniversity Press.

Klare, G. R. (1988). The Formative Years. In Zakaluk, B. L. and Samuel, S. J. (eds.). *Readability: Its Past, Present, and Future*. International Reading Association, 14-34. https://files.eric.ed.gov/fulltext/ED292058.pdf

Laura A. Killam ( 2013). Complex Research Terminology Simplified: Paradigms, Ontology, Epistemology and Methodology. https://www.youtube.com/watch?v=8xvpxBVCo0c&t=119s

Lewerenz, A. S. (1929). Measurement of difficulty of reading materials.*Los Angeles Educational Research Bulletin* 8, 11-16.

Lively, B. A. and S. L. Pressey.(1923). A method for measuring the 'vocabulary burden' of textbooks.*Educational administration and supervision* 9, 389-398. http://en.copian.ca/library/research/readab/15.htm

Mathew, J. (2002). Readability of consent forms in schizophrenia research.*Australian and New Zealand journal of psychiatry* 36, no. 4, 564-566.

McClusky, H. Y. (1934). A quantitative analysis of the difficulty of reading materials.*Journal of Educational Research*, *28*, 276–282.

Ojemann, R. (1934). The reading ability of parents and factors associated with the reading difficulty of parent education materials.In *Researchers inparent education* II. 19. (University of Iowa Studies, Studies in Child Welfare, VIII), ed. G. D. Stoddard University of Iowa.

Patty, W. W. and W. I. Painter.(1931). A technique for measuring the vocabulary burden of textbooks.*Journal of educational research* 24, 127-134

Qudah, Khalid, Muflinh, Mohammed Kh. and Sana'a Sardeal (2020).The Level of Readability of the Computer Sciences Textbook among the Eleventh Grade Students in Jordan. *Educational Research and Reviwes*.*15*(2),72-80. https://academicjournals.org/journal/ERR/article-abstract/5A3378363129

Richard R. Day. (1994 January-March) *Selecting a Passage for the EFL Reading Class.32* (1), 20. https://core.ac.uk/reader/32302588#related-papers.

Salihah, Puri Rafa, Sahiruddin, Sahiruddin and Degeng, Putu Dian Danayanti (2020).Text Readability in 11th and 12th Grade English Textbook of Indonesia Senior High School with FKGL Foumula.*Diglossia: Journal of Scientfic and Linguistic Studies*, *12*(1). https://test.journal.unipdu.ac.id/index.php/diglosia/article/view/1931

Seyda, GOL, Esra, OZAY Kost, Hatun, DIKEN Emine (2020). The Examination of the Readability Level of Texts in 9th Grade Biology Textbook.*Cukurova University Faculty of Education Journal*, *49* (1), 1-27. https://web.b.ebscohost.com/abstract?direct=true&profile=ehost&scope=site&authtype

Sholihah, I.B. (2018).*An Analysis of Readability level of Reading text in English Textbook Entitled 'Bahasa Inggris for senior High School Students Grade XII.* http://digilib.uinsby.ac.id/28704/6/Indah%20Bilqis%20Sholihah_D75214061.pdf

Silver, D. (2004). *Interpreting Qualitative Data Methods for analysing Talk, Text anad Interaction* (2nd ed.). Sage Publication Ltd.

Smith, E. A. and R. J. Senter.(1967). *Automated readability index.* AMRL-TR-66-22. Wright- Patterson AFB, OH: Aerospace Medical Division.

Sultan, S., Rapi, M. Mayong, M. and Suradi, S. (2020). Textbook Discourse Readability: Gender, Reading Interest and Socio-economic Status of Students with Poor Reading ability. *Jurnal cakrawala Pendidikan*, *39*(3), 583-586. Downloaded from https://journal.uny.ac.id/index.php/cp/article/view/32326.

Sutianah, W. (2014). The readability level of the reading text on advanced learning English 2. Syarif hidayatullah Islamic university.Unpublished desertation. https://repository.uinjkt.ac.id/dspace/bitstream/123456789/24987/3/WIWIN%20 SUTIANAH-FITK.pdf

Taylor, P. C. and M. Medina (2013). *Educational Research Paradigms: From Positivism to Pluralism.* https://www.researchgate.net/publication/264196558_Educational_research_paradigms_From_positivism_to multiparadigmatic.

Thorndike, E. L. (1921). *The teacher's word book*. Bureau of Publications, Teachers College, Columbia University.

Vogel, M. and C. Washburne. (1928). An objective method of determining grade placement of children's reading material.*Elementary school journal. 28, 373-381.*

Zakaluk, Beverly L., Ed.; Samuels, S. Jay, Ed. (1988).*Readability: Its Past, Present, and Future*. International Reading Association. https://files.eric.ed.gov/fulltext/ED292058.pdf

Zanden, A.H.W.van der (2014).*Readability in Classrooms.* Educational Technology Delft University of Technology. vanderzanden@tudelft.nl.

Zhang, B.H. (2022) Readability Analysis of Texts in College English Textbooks and Reading Passages in CET-6. Open Access Library Journal. 9, e9445. https://doi.org/10.4236/oalib.1109445.

# परिशिष्ट

## परिशिष्ट क

अक्षर संरचना र वाक्य संरचनाको अध्ययनका लागि छनोट गरिएका पाठहरूको अग्रभाग

पाठ २

### स्वाद

ध्रुवचन्द्र गौतम



साबुनलगायत अरू पनि कति चिजबिज किन्नु थियो । साबुन कति दिनदेखि सकिएको थियो र नुहाउन नपाएर जिउ मैलो भएको आफैलाई अनुभव हुन्थ्यो । कपालमा चाया परेको छ । स्वास्नी त त्यसै पनि नुहाउँथी तर लोग्ने चाहिँ साबुन नभईकन नुहाउँदैनथ्यो ।

उसकी स्वास्नी भन्थी, "देशमा यतिका गरिब बस्छन् । कसैलाई साबुन जुर्दैन, तपाईंलाई मात्रै स्वाङ ।"

ऊ भन्थ्यो, "यो के राम्रो कुरा हो त ? आफूले भोग्नै पर्‍यो भन्दैमा गरिबीलाई सुम्सुम्याउने त ? म घृणा गर्छु । प्रत्येक गरिबले आफ्नो गरिबीसित घृणा गर्नैपर्छ ।"

आज बिहानै पनि यस्तो कुरा तिनीहरूका बिच भएको थियो । स्वास्नी नुहाउनमा जोड दिइरहेकी थिई । लोग्ने चाहिँ देशको गरिबीमाथि भाषण दिएर त्यसलाई टार्न खोजिरहेको थियो । अन्त्यमा आज पनि ऊ ननुहाएरै अड्डा गएको थियो ।

अड्डामा ऊ यौटा साधारण कारिन्दा थियो । कैयौँ वर्षदेखि ऊ यसै गरी साधारण थियो । बहाली भएको मितिदेखि ऊ त्यस पदमा आसीन थियो । उसको भाग्य के थियो भने एउटा पद उसले आजीवन पायो । नत्र कति मान्छे त काम नपाएर फाल्टु भइरहेका छन् ।

*शब्दार्थ*

*चाया* – *कपालको फेदमा जमेको मसिनो धुरधुरे सेतो धुलो*

*अड्डा* – *कार्यालय*

*कारिन्दा* – *लेखनदासको काम गर्ने व्यक्ति*

१०

नेपाली, कक्षा ९

पाठ ३

# करेसाबारी



घरले चर्चेको र आँगनले ओगटेर बाँकी रहेको जग्गालाई करेसो भनिन्छ । करेसाबारी चाहिं घरनजिकैको सानो जग्गामा विभिन्न प्रकारका तरकारी खेती गरिने बारी हो । व्यावसायिक तरकारी खेतीबालीबाट बजारमा पठाइने तरकारी नै अहिले अधिकांश भान्सामा पाक्ने तरकारीको मुख्य स्रोत हो । व्यावसायिक ढङ्गले गरिने खेतीबालीमा रासायनिक मल, कीटनाशक औषधी प्रयोग गरिने हुँदा खानेकुरामा प्रयोग गरिने यस्ता रसायन सोभै हाम्रो शरीरमा भित्रिन्छन् । क्यान्सर, मिर्गौला र मुटु रोग जस्ता समस्या देखिनुको मुख्य कारण विषाक्त सागसब्जीको उपयोग पनि हो । त्यसैले विषादीरहित तरकारी सेवन गरेर स्वस्थ हुन करेसाबारीमा तरकारी खेती गर्नु जरुरी छ । भूगोल र मौसमअनुसार त्यस्ता बालीका विभिन्न प्रजाति करेसाबारीमा मिलाएर लगाउनुपर्छ । आफ्नै करेसाबारीमा ताजा, गुणस्तरीय र अर्गानिक तरकारी उत्पादन गरेर सजिलै पारिवारिक आवश्यकता पूरा गर्न सकिन्छ । हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ र वातावरण पनि स्वच्छ बन्न पाउँछ । आफ्नै करेसाबारीमा ताजा तरकारी फलाउने अभियान हरेक घरबाट सुरु गर्नु उपयुक्त हुन्छ ।

करेसाबारीका लागि जमिनको रेखाङ्कन र व्यवस्थापन कसरी गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । करेसाबारीमा तरकारी खेती गर्दा खाली जमिनको सदुपयोग हुन्छ । यस्तो खेती गर्दा घरबाट निस्कने फोहोर पानी र प्राङ्गारिक वस्तुको पुनः प्रयोग हुन गई वातावरणीय सन्तुलनमा सहयोग पुग्छ । करेसाबारीका लागि छुट्याइएको जमिनमा पर्खाल वा बाँस लगाई बारबन्देज गर्नुपर्छ । निश्चित

*शब्दार्थ*

*प्रजाति* – *प्राणी वा वनस्पतिका प्रमुख जातिको कुनै शाखा*

*प्राङ्गारिक* – *पातपतिङ्गर कुहाएर बनाइएको*

पाठ ७

# कालजित र अजङ्गको राक्षसको कथा

मोतीलाल पराजुली



एकादेशमा पहाडको काखमा खेतीकिसानी गर्ने र गाईवस्तु पालेर आफ्नो जीविका चलाउँदै आएका किसान चौपट्टै मिलेर बसेको एउटा सुन्दर गाउँ रहेछ । त्यस गाउँको नजिक घना वनजङ्गल र गाईवस्तु चर्ने ठुलो फराकिलो खर्क रहेछ । हिउँदका दिनमा दिउँसो किसान गीत गाउँदै घाँसदाउरा लिन त्यही वनमा जाने र साँझपख फर्किने रहेछन् । यसै गरी उनीहरूको दैनिकी चल्दो रहेछ ।

एक दिन त्यस गाउँमा ठुलो आपत् आइलागेछ । कुरो के भएछ भने त्यस दिन पनि दशबाह्र जना महिला सधैँ जस्तो घाँसदाउरा लिन भनेर वनमा गएका रहेछन् । धेरै टाढा गएर घाँसदाउरा गर्दाखेरि उनीहरू यताउता छरिएछन् अनि घाँसदाउराका आआफ्ना भारी तयार गर्दै रहेछन् । यत्तिकैमा एउटी महिलालाई एउटा अजङ्गको राक्षसले देखेछ र तिनलाई समातेर खाने सुर कसेछ । ती महिलाले चिच्याएर हारगुहार गरिछन् । वरपरका सबै महिला त्यहाँ जम्मा भएछन् । आम्मै नि ! त्यस डरलाग्दो राक्षसले ती महिलालाई आफ्ना लामा लामा नङ्ग्राले चिथोर्दै पो रहेछ । अरू महिलाले राक्षसका अगाडि केही गर्ने हिम्मत गरेनछन् । सबै डराएर रुँदै कराउँदै गाउँमा गुहार माग्न गएछन् । घाँसदाउरा गर्न वनमा गएका महिला कराउँदै गुहार माग्दै गाउँमा आएको देखेपछि सबै गाउँले जम्मा भएछन् । वनमा भएको उपद्रोका बारेमा जानकारी लिएछन् ।

शब्दार्थ

| | | |
|---|---|---|
| खर्क | - | गाईवस्तु चराउनका लागि राखिएको बाँझो जग्गा |
| राक्षस | - | क्रूर, मान्छेको प्रतिपक्षी नरभक्षी असुर जाति |
| उपद्रो | - | भाँडभैलो, उधुम, कुनै दुःखद घटना |

पाठ ९

# कञ्चनजङ्घालाई नियाल्दा

राजेन्द्रमान डङ्गोल



नेपाल पर्यटनका दृष्टिले धर्तीको स्वर्ग हो । अनेकौँ सम्पदाले भरिएको मेरो प्यारो नेपालको प्रकृति, संस्कृति र माटो गौरवशाली छ । मलाई बेला बेला नेपालका यिनै सम्पदाका नजिकै पुगेर धीत मर्ने गरी हेर्ने भोक लाग्छ र तिर्खा मेटिने गरी पिउने र तृप्त हुने हुटहुटी जाग्छ । म धेरै पटक सपनामा पूर्वी नेपालको प्राकृतिक सौन्दर्यमा रमाउने रमरम कल्पनामा डुबिरहेको हुन्थेँ । त्यसैले मलाई कञ्चनजङ्घा पदयात्रा गर्ने रहर जागेको थियो । साँच्चै भन्नु भने मलाई कञ्चनजङ्घाले तानिरहेको थियो ।

कञ्चनजङ्घा यात्राको सपना पूरा गर्न पाइला अघि बढे । हवाई उडानबाट मेरो यात्रा प्रारम्भ भयो । मेरो मनमा निकै अटेसमटेस उद्वेलन थियो । कञ्चनजङ्घा आधार शिविरको पदयात्रा गर्ने रहर बोकेका मेरा पाइलाले सार्थकता पाउने अर्थमा म अत्यन्तै हर्षित थिएँ । काठमाडौँबाट भद्रपुरका लागि उडेको जहाजले धावनमार्ग छाडेर आकासिने बित्तिकै लाङटाङ, दोर्जेलाक्पा, जुगल, गौरीशङ्कर, नुम्बुर, चोयू, सगरमाथा, मकालु र सुदुरपूर्वसम्मकै हिमालका शृङ्खलामा मेरा आँखा ठोक्किन पुगे । जहाज भद्रपुरको धावनमार्गमा अवतरण नहुन्जेल ती हिमशृङ्खलाबिचमा अन्तिम गन्तव्य कञ्चनजङ्घा बेसक्याम्प त्यतै कतै होला भनेर म रोमाञ्चित थिएँ । मेरो यो रङ्गीन यात्रामा अरू दुई जना हितैषी मित्र थिए ।

शब्दार्थ

सम्पदा - सम्पत्ति, धन

उद्वेलन - छचल्किने अवस्था, अट्टाईनअट्टाई बग्ने काम

पाठ ११

# समय पीडा

पद्मावती सिंह



बिहान उठेर केही समय हिँड्ने रामनाथको दिनचर्या नै थियो । पाँच वर्षदेखि लगातार उनी पाँच बजे ओछ्यान छोड्छन् । बेलुका नौ बजेको समाचार सुनेपछि सरासर उनी बिछ्यौनामा ढल्छन्, एकैछिनमा मस्त निदाउँछन् तर आनन्दीलाई त दिनभर दुनियाँभरको कामले व्यस्त बनाइरहन्छ । त्यसो त घरमा जोईपोइबाहेक कोही छैनन् । दुवै छोरा विदेशमै छन् । चुप लागेर बस्न नसक्ने स्वभावले गर्दा उनी बिहान उठेदेखि नसुतुन्जेल कुनै न कुनै काममा अल्झिरहन्छिन् उनी । बिहान उठेपछि घरको सफासुग्घर गर्नु, पूजापाठ गरी खाना तयार पार्नु, रामनाथ अफिस गएपछि केहीबेर बगैँचामा टहल्दै फूल स्याहार्नु, भान्छा उठेपछि कोठा तह लगाउने बाबत् काम गर्दै रातको दश बजुन्जेल उनी काममै व्यस्त रहन्छिन् । राती रामनाथ सुतेपछि घरधन्दा सकी पत्रपत्रिका पढ्नु, विदेसिएका छोराहरूसित कुरा गर्नु अथवा पुराना एल्बम खोलेर छोराहरूको तस्बिर हेरी आँखा भिजाउनु उनको दैनिकीभित्र पर्ने कुरा हुन् । यति गर्दागर्दै रातको एघार बज्छ त्यसपछि उनी ओछ्यानमा ढल्छिन् ।

बिछ्यौनामा ढले पनि धेरैबेरसम्म उनी निदाउन सक्तिनन् । उनी छोराहरूकै चिन्तामा डुबिरहन्छिन् । छोराहरू विदेशमा सात समुद्रपार छन् । उनीहरू नोकरी, घरगृहस्थी धानी विदेशमा कति सङ्घर्ष गर्दै होलान् ! विशेष गरी पढ्दै गरेको सानो छोराको विशेष चिन्ता लाग्छ आनन्दीलाई । पढ्नु, नोकरी गर्नु अनि पकाइतुल्याइ गर्नु, घरमा गाग्रोबाट पानीसमेत नसारेर खानेले घरको सबै काम गरी कसरी जीवन धानेका होलान् ! सम्झी सम्झी उनको आँखाका परेली भिज्छन् । घरमा सबै सुखसयल भए पनि विदेशमै बस्ने, जति नै दुःख झेल्न परे पनि उतै बस्न रमाउने युवा पिँढीको मनस्थितिका अगाडि रामनाथ र आनन्दीले घुँडा नटेकी सुखै पाएनन् तर दुवै छोरा विदेसिए पनि एउटी छोरी स्वदेशमै छिन् । ती दुईको लागि सन्तोषको कुरा यही एउटा छ ।

पाठ १४

# नेपाली लोकबाजा



दसैं र तिहार रमाइला हाम्रा चुट्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको भ्यालीले
वैंसको तालमा नाचौंला कहाँ मादलै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

माधव घिमिरे

हाम्रो नेपाली धर्ती अनेकौं मौलिक कला संस्कृतिको अनुपम सङ्ग्रहालय हो । यहाँ फुलेका र फक्रेका अनेकौं सांस्कृतिक वैभवमध्ये हाम्रा लोकबाजा गौरव गर्न लायक सम्पत्ति हुन् । हाम्रो समाजमा प्रचलित तारले रेटेर, मुखले फुकेर वा गजाले ठोकेर सुरताल मिलाई विभिन्न अवसरमा बजाइने यस्ता यन्त्रविशेष वा वाद्यलाई नै लोकबाजा भनिन्छ । यिनीहरू नेपाली समाजको रहनसहन, जन्म, विवाह र मृत्युसंस्कारका साथै चाडपर्व, जात्रा, उत्सव, महोत्सव, मेलापात आदिसँग गाँसिएर आउँछन् । यी नेपाली लोकबाजा नेपाली समाजको मौलिक सभ्यता र संस्कृतिको शङ्खनाद गर्ने मौलिक पहिचानसमेत हुन् । नेपाली समाज सांस्कृतिक र जातीय विविधताले युक्त छ । यहाँका जातजातिले विभिन्न पर्व र संस्कारका अवसरमा बजाउने बाजामा पनि त्यस्तै विविधता पाइन्छ । हाम्रा नेपाली लोकबाजाको इतिहास खोज्दै जाने हो भने मानव सभ्यता जत्तिकै पुरानो हुनुपर्छ । पुराण वा मिथकमा वर्णित शिवजीले हातमा लिने डमरु, विष्णुका हातको शङ्ख र कृष्णका हातका

शब्दार्थ

अनुपम - उपमा दिन नसकिने, अतुलनीय
मेलापात - खेतबारीमा धेरै जना मिलेर गरिने कामकाज

पाठ १६

# भविष्य निर्माण

देवकुमारी थापा



दार्जिलिङको तुङसुङ बस्तीमा एउटा सानो चिटिक्क परेको घर छ । त्यस घरको अगिल्तिर सुग्घर आँगनका दुवैपट्टि साना साना फूलबारी छन् । घर काठको एकतले छ । घरको छानाको रङ रातो छ । त्यसको भित्ता हरियो रङले पोतेको छ । सङ्घारका दुवैपट्टि गमलामा चमेलियाका बोट छन् । गमला रातो माटाले लिपेको छ । ढोका र झ्यालमा हरियो रङको पर्दा छ । तुङसुङ बस्तीतिर जाने मानिस त्यस घरतर्फ आकर्षित हुन्छन् ।

पार्वती हुन् त्यस घरकी गृहलक्ष्मी । तिनी शिक्षित र गुणवती थिइन् । साह्रै सुन्दरी नभए पनि तिनमा स्त्रीसुलभ सौन्दर्य अवश्य थियो । यसैले कप्तान कृष्णबहादुर सुखी छन् । दोस्रो महायुद्धमा तिनी लप्टन भएका थिए । पछि कप्तान भए । युद्ध थामियो, तिनी पल्टनबाट फर्केपछि आफ्नै सानोतिनो व्यापार गरेर अहिले जीवन बिताइरहेका छन् ।

तिनको पाँच वर्षको एउटा छोरो छ, नरेश । पार्वती योग्य गृहिणी भएकी हुनाले छोराको पालनपोषणमा विशेष ध्यान दिन्थिन् । छोरालाई यस देशको एक जना श्रेष्ठ व्यक्ति बनाउने तिनको एकान्त स्वप्न थियो तर यो स्वप्न तिनले पतिसम्मलाई पनि भनेकी थिइनन् । तिनको स्वभाव नै भावुक थियो ।

शब्दार्थ

सङ्घार – ढोकाको ठेलो
श्रेष्ठ – असल, उत्तम
भावुक – कोमल भाव भएको, भावनामा डुबेको

# परिशिष्ट ख

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनका लागि विद्यार्थीहरूका लागि तयार पारिएको क्लोज प्रविधिमा आधारित प्रश्नावली

विद्यार्थीको विवरण

नाम : ..................................................

कक्षा :.................

उमेर : .................

छात्र/छात्रा :..............................मिति :.................

विद्यालयको नाम र ठेगाना:................. ................. ................. .................

(क) तलका अनुच्छेद पढी दाहिने किनारमा राखिएका कोठाभित्रबाट उपयुक्त शब्दहरू पत्ता लगाएर खाली ठाउँ भर्नुहोस् ।

(१) साबुनलगायत अरू पनि कति ..................... किन्नु थियो । साबुन कति................ सकिएको थियो र नुहाउन................... जिउ मैलो भएको आफैँलाई...................हुन्थ्यो । कपालमा चाया परेको....................। स्वास्नी त त्यसै पनि....................तर लोग्ने चाहिँ साबुन ......................... नुहाउँदैनथ्यो ।

नभईकन, नपाएर, अनुभव, नुहाउँथी, छ, दिनदेखि, चिजबिज

(२) उसले भर्खर श्याम दाइलाई.........................मोल्न लागेको देखेको थियो । .................... विचार थियो, जरुरी देखाएर.............................रुपियाँ माग्छु र आगामी........................तिरिदिन्छु तर धेरै खोज्दा......................श्याम दाइ फेला परेनन् । ........................उसले अचानक आफ्नै टोलको ........................ कान्छालाई देख्यो । ऊ आफ्नो........................वास्ता नगरी त्यहाँ गयो, ...................... मात लागे झैँ भन्यो,...............................कान्छा दाइ पाँचोटा रुपियाँ ..............................त भोलि दिउँला ।

गोलभैँडा, पाँच, उसको, बगरे, ए, महिनामा, फर्कँदा, पनि, पोजिसनको, माछाको, लेऊ

(३) करेसाबारीमा खेती गर्न उपयुक्त..........................गरी मौसमका आधारमा तरकारीलाई .................... बसन्ते र बर्खे तरकारीका .......................... पनि वर्गीकरण गरिन्छ । नेपालमा.................................असोजसम्म बिउ बेर्ना रोपेर .......................माघसम्म उत्पादन लिन सकिने .......................हिउँदे तरकारी भनिन्छ । यो......................तरकारी बालीको उत्पादन लिन ...................... मौसम र छोटो दिनको .............................. पर्छ । पुसदेखि फागुनसम्म बिउ ...................... बेर्ना रोपेर फागुनदेखि जेठसम्म ..........................लिन सकिने तरकारीलाई बसन्ते ............................ भनिन्छ । वैशाखदेखि असारसम्म बिउ .......................रोपी असारदेखि भाद्रसम्म उत्पादन .....................सकिने तरकारीलाई बर्खे तरकारी ..........................। यो समूहका तरकारीमा लामो ..........................वर्षा सहने गुण हुन्छ ।.......................हुँदाहुँदै पनि हिजोआज बेमौसमी .................... कारण जुनसुकै मौसममा जुनसुकै........................खेती गर्ने चलन पनि..............................छ ।

भदौदेखि, रुपमा, हिउँदे, हुने, कार्तिकदेखि, तरकारीलाई, र, समूहका, लिन, आवश्यकता, चिसो, उत्पादन, तरकारी, बेर्ना, भनिन्छ, चलेकै, समयको, यसो, खेतीका, तरकारीको

(४) हामीले आफूलाई आवश्यक पर्ने.........................तरकारी आफ्नै करेसाबारीमा उत्पादन................... आवश्यक हुन्छ । यसरी हामीले..............................घर सेरोफेरोको जग्गालाई सदुपयोग.................... हुन्छौँ । आफ्नै करेसाबारीको तरकारी .............................फाइदा छन् । हामीले चुलामा.....................वा ताप्के बसाल्न ठिक्क...................तरकारी टपाटप टिपेर केलाई.......................र ताजा तरकारीका विभिन्न ....................... हाम्रा भान्सामा तयार पार्न .....................। यसबाट महँगो र विषादीयुक्त ..............................किन्नु पर्ने अवस्थाबाट मुक्ति ....................... । आफ्नो मिहिनेत अनि पसिना .....................स्वादिलो तरकारी खान पाइन्छ । .........................तरकारी खानुको स्वाद र.................. नै बेग्लै हुन्छ । त्यति ......................होइन, करेसाबारीमा काम गर्दा.................., मनोरञ्जन र समयको समेत ......................... हुन्छ । यसो गर्दा ताजा ....................... उब्जाएर खान पाइने, तरकारी..........................खर्चको बचत हुने र .................... भएको तरकारी बिक्री गरेर.................. लिन पनि सकिन्छ । अझ.................... गरेका हरिया, ताजा र.................... तरकारी खाँदा विभिन्न रोगबाट....................सकिन्छ । त्यसैले यसलाई घर.......................

आम्दानी, छ, उत्पादन, बच्न, विषादीरहित, बढी, घरमा, आफ्नो, अभियानकै, ताजा, गरिराखेका, गर्नु, दिउरी, पारेर, पकाउँदाका, मिठा, परिकार, मिसिएको, मिल्छ, तरकारी, यस्तो, मज्जा, मात्र, सदुपयोग, किन्ने, तरकारी, व्यायाम, सक्छौँ

करेसाबारी, खाऔँ ताजा तरकारी “ .............. रूपमा अघि बढाउनु जरुरी ....................।

(५) एक दिन त्यस गाउँमा.......................आपत् आइलागेछ । कुरो के....................भने त्यस दिन पनि.................. जना महिला सधैँ जस्तो .......................... लिन भनेर वनमा गएका...........................। धेरै टाढा गएर घाँसदाउरा ..................उनीहरू यताउता छरिएछन् अनि....................आआफ्ना भारी तयार गर्दै.........................। यतिकैमा एउटी महिलालाई एउटा................. राक्षसले देखेछ र तिनलाई ..............................खाने सुर कसेछ । ती....................... चिच्याएर हारगुहार गरिछन् । वरपरका ....................... महिला त्यहाँ जम्मा भएछन् । ...................... नि ! त्यस डरलाग्दो राक्षसले......................... महिलालाई आफ्ना लामा लामा............................. चिथोर्दै पो रहेछ । अरू................................ राक्षसका अगाडि केही गर्ने.......................गरेनछन् । सबै डराएर रुँदै........................गाउँमा गुहार माग्न गएछन् । ........................................ गर्न वनमा गएका महिला .................................. गुहार माग्दै गाउँमा आएको................................... सबै गाउँले जम्मा भएछन्। ........................... भएको उपद्रोका बारेमा जानकारी ............................।

भएछ, दशबाह्र, ठूलो, घाँसदाउरा, रहेछन्, गर्दाखेरि, घाँसदाउराका, रहेछन्, समातेर, अजङ्गको, सबै, महिलाले, आम्मै, ती, नङ्ग्राले, हिम्मत, घाँसदाउरा, महिलाले, कराउँदै, देखेपछि, लिएछन्, वनमा

(६) यसरी राक्षसलाई मारेपछि कालजितले........................ बोलाएछ र सबै मिलेर...................... सद्गत गरेछन् । कालजितलाई गाउँलेले...................... गरेर आफ्नो गाउँको प्रमुख......................... । त्यसपछि कालजितले मावलीमा गएर....................... लिएर आएछ । ऊ आफ्नो ....................., खेतीबाली समाली बस्न थालेछ ।.......................... पनि जितेर गाउँमा सुखशान्ति ............................ हुनाले गाउँलेले कालजितलाई सम्मानपूर्वक..................... थालेछन् । सानो व्यक्तिको बुद्धि............................ पुरुषार्थले पनि सधैँका लागि ........................शान्ति ल्याउन सफल भएछ ।

राक्षसको, प्रशंसा, गाउँलेलाई, घर, चुनेछन्, काललाई, आमालाई, राख्न, दिएको, गाउँमा, र

(७) नेपाल पर्यटनका दृष्टिले धर्तीको.................. हो । अनेकौँ सम्पदाले भरिएको..................... प्यारो नेपालको प्रकृति, संस्कृति...................... माटो गौरवशाली छ। मलाई.................... बेला नेपालका यिनै सम्पदाका.................... पुगेर धीत मर्ने गरी.................... भोक लाग्छ र तिर्खा ................. गरी पिउने र तृप्त......................... हुटहुटी जाग्छ। म धेरै......................... सपनामा पूर्वी नेपालको प्राकृतिक..................... रमाउने रमरम कल्पनामा डुबिरहेको ......................... । त्यसैले मलाई कञ्चनजङ्घा पदयात्रा ........................ रहर जागेको थियो। साँच्चै.............................. भने मलाई कञ्चनजङ्घाले तानिरहेको .............................. ।

| |
|---|
| मेरो, स्वर्ग, बेला, र, हेर्ने, नजिकै, हुने, मेटिने, हुन्थेँ, पटक, गर्ने, भनुँ, सौन्दर्यमा, थियो |

(८) विभिन्न जातजातिको बसोबास रहेको.........................जातजातिको फूलबारी जस्तै ताप्लेजुङको ......................... नियाल्दै हामी घुन्सा पुग्यौँ । ..............................ठाउँको तुलनामा ३५९५ मिटर .......................... अवस्थित घुन्सा विकसित रहेछ ।........................ बिजुली बत्ती र टेलिफोनको ...................... रहेछ । होटेल व्यवसायी अतिथि................................ र सन्तुष्टि प्रदान गर्ने ....................... खारिएका रहेछन् । किञ्चित् थकान .............................. उनीहरूसँगको आत्मीयताले पनि मरेथ्यो । ..........................हामीले बिदा माग्यौँ। मेरा........................ पल स्मृतिपटमा नमेटिने गरी.............................. र यात्रा जीवन्त बनिरहे।

| |
|---|
| अनेकौँ, उचाइमा, भूगोललाई, अरू, सुविधा, सत्कार, यहाँ, अनुभवले, उनीहरूसँगका, भोलिपल्ट, त, कुँदिए |

(९) बिछ्यौनामा ढले पनि धेरैबेरसम्म...................... निदाउन सक्तिनन् । उनी छोराहरूकै ........................... डुबिरहन्छिन्। छोराहरू विदेशमा सात................ छन् । उनीहरू नोकरी, घरगृहस्थी .................. विदेशमा कति सङ्घर्ष गर्दै ...................... । विशेष गरी पढ्दै गरेको ......................... छोराको विशेष चिन्ता लाग्छ .........................। पढ्नु, नोकरी गर्नु अनि ................ गर्नु, घरमा गाग्रोबाट पानीसमेत ..................... खानेले घरको सबै काम.................... कसरी जीवन धानेका होलान् ......................... सम्झी उनको आँखाका परेली ..............................। घरमा सबै सुखसयल भए.......................... विदेशमै बस्ने, जति नै....................... झेल्न परे पनि उतै ...................... रमाउने युवा पिँढीको मनस्थितिका ................. रामनाथ र आनन्दीले घुँडा ...................

| |
|---|
| चिन्तामा, उनी, धानी, समुद्रपार, आनन्दीलाई, सानो, होलान्, पकाइतुल्याइ, गरी, नसारेर, पनि, भिज्छन्, सम्झी, अगाडि, दुःख, |

सुखै पाएनन् तर दुबै ..................... बिदेसिए पनि एउटी छोरी...................... छिन् । ती दुईको लागि ........................... कुरा यही छ ।

(१०) त्यति नै बेला फोनको........................ बज्यो । सायद अस्ट्रेलिया वा ..................... आएको होला भनी रामनाथले..................... उठाउन जाँगर देखाएनन् । खालि .................. आमाको हालचाल सोधी औपचारिकता .......................... गर्ने छोराहरूप्रति रामनाथको मनमा ..................... जागृत भएर आयो । फोन.............................चिच्याइरह्यो कानै खाने गरी । ..........................थाकेर चुप लाग्यो ।

| |
|---|
| अमेरिकाबाट, घन्टी, फोन, फोनबाटै, निर्वाह, वितृष्णा, धेरैबेर, केहीबेरपछि |

(११) नेपालमा हिजो कुनै जातिविशेषले.......................जातिविशेषका मात्र भनेर चिनिने.......................... बजाइने यो लोकबाजा आज.........................नेपाली जातिका आफ्नै बाजा...........................छन् । जुनसुकै जातिका विवाहमा ......................यी पञ्चेबाजा र नौमतीको...........................आकाश छुँदो छ । स्वरोजगारमूलक ..................... रुपमा अन्य जातिले पनि............................र पञ्चेबाजा बजाउँदै आर्थिक .........................गरिरहेका छन् । मगर जातिमा ......................मानिने मादल अब सिङ्गो...................... जातिको बाजा बनेको कुरा......................यसको लोकप्रियताले साक्ष्य प्रस्तुत.........................छ । शङ्खघण्ट ब्राह्मणको मात्र.............................. नेपालमा बसोबास गर्ने ठुलो .............................. आफ्ना धार्मिक अनुष्ठानमा यिनको............................. गरिरहेकै छन् । यसरी नेपाली .............................. देखा पर्दै गरेको सांस्कृतिक ..........................प्रत्यक्ष प्रभावसमेत नेपाली लोकबाजाका ....................समेत देखापर्दो छ ।

| |
|---|
| र, समग्र, बजाइने, र, बनेका, नौमती, व्यवसायका, रहेन, लोकप्रियताले, उपार्जनसमेत, गरेकै, नेपाली, लोकप्रिय, प्रयोग, समाजमा, क्षेत्रमा, रोदीघरमा, जनसङ्ख्याले, |

(१२) पार्वती हुन् त्यस घरकी..................... । तिनी शिक्षित र गुणवती ......................। साह्रै सुन्दरी नभए पनि.......................स्त्रीसुलभ सौन्दर्य अवश्य थियो ।.......................कप्तान कृष्णबहादुर सुखी छन् । ....................... महायुद्धमा तिनी लप्टन भएका...................। पछि कप्तान भए । युद्ध ........................, तिनी पल्टनबाट फर्केपछि आफ्नै........................ व्यापार गरेर अहिले जीवन ......................... छन् ।

| |
|---|
| गृहलक्ष्मी, यसैले, थिए, थिइन्, तिनमा, सानोतिनो, थामियो, दोस्रो, |

(१३) आयातित बजारबाट नेपालका मौलिक......................रैथाने लोकबाजा लखेटिने स्थिति ........................... । आजभोलि हाम्रा लोकबाजाप्रति नयाँ ........................चासो घट्न थालेको हो .............................. भन्ने आभास हुन थालेको ...........................। सारङ्गी, मादल, मुर्चुङ्गा, बिनायो, ....................... सनाही, झ्याम्टा आदि हाम्रा ......................... हुन् । तर नेपालीहरू हार्मोनियम, .................... किबोर्ड, तबला र बिजुको ....................... समेत रमाउन थालेका छन् । ........................ प्रतिदिन देशमा लोकबाजा बजाउने............................. अभाव हुँदै जानु चिन्ताको.................................हो । लोकबाजा लोकको सम्पत्ति ......................... । त्यसैले यसको संरक्षणमा सरकार.....................समाज दुवै जिम्मेवार हुनुपर्छ। ................................ लोकबाजाको संरक्षणका लागि लोकबाजा .............................. नामक संस्था छ । व्यक्तिगत .........................कतिपय व्यक्ति आज यसको .................................... लागि दिलोज्यानले समर्पित पनि ............................। सुशील गन्धर्वलगायतले यसको संरक्षणको ........................ देखाएको अग्रसरता प्रशंसायोग्य छ ।

र, पुस्ताको, कि, आउनुहुँदैन, छ, लोकबाजा, दिन, ट्याम्को गितार, मान्छेको, धुनमा, नेपालमा, विषय, हो, संरक्षणका, र, अभियानमा, रूपमा, छन्, सङ्ग्रहालय

(१४) नरेशले फेरि हठात् प्रश्न.............................“बुबा, तपाईंले पनि मानिस ............................ छोराको यस प्रश्नले तिनी....................... गम्भीर भए र भने, “........................., धेरै जर्मनलाई मारेर त..................... कप्तान भएँ । “यति मात्र...........................थिए, तिनी आफै झसङ्ग .......................... छोराको अनुहारमा पुलुक्क हेरे । ............................ निर्दोष अनुहारमा जिज्ञासा ...................... द्विविधा झल्किरहेको थियो । तिनलाई ...........................भुल थाहा भयो । अब........................... के भन्लिन् भन्ने तिनका............................ पर्यो । कुरा सम्हाल्नु व्यर्थ ...........................किनभने नरेश बाहिर गइसकेको .....................................।

मार्नुभयो, गर्‍यो, हो, म, एकछिन, भनेको, नरेशको भएर, पार्वतीले, र, थियो, आफ्नो, थियो, मनमा

## परिशिष्ट ग

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पठनशीलता अध्ययनार्थ विद्यार्थीका लागि तयार पारिएको खुला प्रश्नावली

विद्यार्थीको नामः

कक्षाः

विद्यालयको नाम :

१. तपाईंले नेपाली पाठ्यपुस्तकका कथा, निबन्ध विधाका पाठहरू पढ्नुभयो ? पढ्नुभयो भने तपाईंलाई पाठका नाम थाहा छन् भने भन्नुहोस् ।

२. यी पाठहरू नयाँ हुन् वा तपाईले पहिले पनि पढ्नु भएको थियो ?

३. पाठहरू पढ्दा पढौँ पढौँ लाग्ने खालका छन् वा झन्झट लाग्दा छन् ? किन?

४. ती पाठमध्ये कुन पाठ तपाईंलाई सबैभन्दा सजिलो र कुन पाठ तपाईंलाई सबैभन्दा कठिन लाग्यो ? र किन?

५. पाठहरू पढ्दा पाठमा समावेश भएका शब्द वाक्य कठिन वा सरल कस्तो लाग्यो ?

६. कुन पाठ तपाईलाई सबैभन्दा बढी मन पर्‍यो? किन?

७. कुन पाठ तपाईंलाई मन परेन? किन ?

८. ती पाठहरू पढ्न सुरु गरिसकेपछि पढिरहुँ जस्तो लाग्छ कि पढ्न छोडौँ जस्तो लाग्छ ? किन?

## परिशिष्ट घ

फ्लेस्क पठनशीलता अङ्कको विश्लेषणात्मक तालिका

| विस्तृतीकरण | फ्लेस्क पठनशीलता अङ्क | वाक्यमा शब्द सङ्ख्या | प्रतिसय शब्दमा औसत अक्षर सङ्ख्या | विद्यालय कक्षाको अनुमान | पठनशीलताको स्तर |
|---|---|---|---|---|---|
| धेरै सजिलो | ९० देखि १०० | ८ वा सोभन्दा कम | १२३ वा सोभन्दा कम | चौथो कक्षा | पाँचौं ग्रेड |
| सजिलो | ८० देखि ९० | ११ | १३१ | पाँचौं कक्षा | छैटौ ग्रेड |
| ठिकै सजिला | ७० देखि ८० | १४ | ८१३९ | छैटौं कक्षा | सातौं ग्रेड |
| उपयुक्त | ६० देखि ७० | १७ | १४७ | सातौँ कक्षा | आठ र नौ ग्रेड |
| ठिकै कठिन | ५० देखि ६० | २१ | १५५ | माध्यमिक तह | १० -१२ ग्रेड |
| कठिन | ३० देखि ५० | २५ | १६७ | माध्यमिक तह र कलेज | १३- १६ ग्रेड |
| धेरै कठिन | ० देखि ३० | २९ वा सोभन्दा बढी | १९२ वा सोभन्दा बढी | कलेज | कलेज ग्राजुएट |

स्रोत : फ्लेस्क, सन् १९४९, पृ. १४९